सर्वाधिक बिक्री हुने
# साप्ताहिक
सबैको लागि सम्पूर्ण पत्रिका
कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.
• वर्ष १३ • अंक ३८ • काठमाडौं, शुक्रबार, माघ २५, २०६४ • SAPTAH






# टेक्नो लभ



• विदुर खतिवडा/एकराज सुवेदी

काठमाडौं– अनलाइन च्याटले जीवनको सबैभन्दा महत्त्वपूर्ण पक्ष वैवाहिक सम्बन्धमा समेत निर्णायक भूमिका खेल्न थालेको छ। केही दिनअघि मात्र एक स्थापित उद्योगका संस्थापकले अनलाइन च्याटकै सहारामा आफ्नो वैवाहिक सम्बन्ध कायम गरेका छन्। पहिलो चिनजान नै अनलाइन कुराकानीबाट प्रारम्भ गरेको यो जोडीले एक-अर्कालाई मन पराउँदै गएपछि विवाह गर्ने निर्णय गरेको थियो। 'नामचाहिं उल्लेख नगरौं है', कुराकानीको पहिलो फड्कोमै उनले भने- 'अनलाइन च्याटलाई माध्यम बनाएर अरू धेरैले दाम्पत्य जीवन बिताएको देखेको छु, मेरो पनि त्यही कथा हो, नाम उल्लेख नगरिदिए हुन्छ।' उनले आफ्नी अर्धाङ्गिनीसँगको अनलाइन भलाकुसारी नै प्रेमसम्बन्ध विकास हुने माध्यम बनेको बताए। सुरुमा उनीहरूले एक-अर्काको परिचय मागेका थिए, त्यसपछि कुरा हुँदै गयो, एक-अर्का साथी बनेपछि उनले प्रेम प्रस्ताव राखे, साथीले हरियो झन्डा देखाइदिएपछि सबै कुरा सहज बन्यो।

सूचना तथा सञ्चार प्रविधिको यो युगमा हरेक क्षेत्रमा यसको उपयोगिता बढ्दै गएको छ। अनलाइन च्याट मात्र होइन, पछिल्लो अवधिमा विकास भएका हरेक प्रविधिलाई अहिलेको पुस्ताले आत्मसात् गरिसकेको छ। अझ, प्रेमको प्रसङ्गमा त प्रविधिको उपयोग व्यापक बनेको छ। क्रिम्सन कलेजमा अध्ययनरत नीरज श्रेष्ठ र निशा शाक्य यसको उदाहरण हुन सक्छन्। लामो समयदेखि निशालाई मन पराउँदै आएका नीरजले मोबाइल एसएमएसको सहारामा आफ्नो प्रेमप्रस्ताव राखेका थिए। गत वर्षको भ्यालेन्टाइन डेकै दिन निशाले पनि नीरजको प्रस्तावलाई स्वीकार गरेकी थिइन्।

मोबाइल जेनेरेसनका यी दुई विद्यार्थी जीवनको अन्तिम क्षणसम्म पनि मोबाइलको यो गुणलाई बिसर्न नसक्ने उल्लेख गर्छन्। उसले कवितात्मक शैलीमा आफ्नो प्रेमप्रस्ताव राखेको थियो, निशाले नीरजतिर इशारा गर्दै भनिन्- 'मेरो मन त्यही कविताले पनि जितेको थियो, तर उसलाई अझै बुझ्नुपर्छ भनेर धैर्य गरें र भ्यालेन्टाइन डेकै दिन मैले ओके भनिदिएँ।' अहिले मोबाइलका उपभोक्ता सबैभन्दा बढी युवापुस्ता हुन्। त्यसमा पनि प्रयोगकर्ता विद्यार्थीहरूको संख्या बढ्दै जानुले प्रविधिको महत्त्व स्पष्ट हुन्छ। युवा सूचना प्रविधिविज्ञ किशोर पन्तका अनुसार विद्यार्थीले मोबाइलमा मिस कल र म्यासेजलाई बढी उपयोग गर्छन्। 'उनीहरू मुखले भन्न नसकेका धेरै कुरा मोबाइलको सहारामा व्यक्त गर्छन्,' पन्त भन्छन्- 'मुख्य कुरा प्रेमप्रस्तावका लागि त यो माध्यम अझ प्रभावकारी देखिएको छ।'

नयाँ सम्बन्ध निर्माण गर्न मात्र होइन, विवाहित जोडीको प्रेमलाई अझ प्रगाढ बनाउन पनि मोबाइलले महत्त्वपूर्ण भूमिका खेल्छ। वैवाहिक जोडी कुन काममा व्यस्त छ भनेर समय-समयमा जानकारी आदानप्रदान गर्न यसले सधैं सहयोग गरेको छ।

नेपालमा नभए पनि संसारका केही देशमा मोबाइल डेटिङको चलन पनि बढिरहेको छ। यसले परम्परागत विवाहमा लमीको भुमिका खेलेको हुन्छ। इन्टरनेट सेवा प्रदान गर्ने आईएसपीजस्तै मोबाइल डेटिङ सेवा उपलब्ध गराउने मोबाइल डेटिङ सर्भिस प्रोभाइडर हुन्छन्। कुनै व्यक्तिले ती सेवा प्रदायकमा रजिस्टर गरेपछि त्यहाँ उसको प्रोफाइल बन्छ। त्यसपछि उक्त प्रोफाइल विपरीत लिंगीको उस्तै प्रोफाइलसँग म्याच गरिन्छ। त्यसपछि त्यस्ता जोडीहरूले आपसमा अन्तर्क्रिया गर्छन् र आवश्यक परे भेट गरेर सम्बन्ध विकास गर्न सक्छन्।

एउटा अर्को उदाहरण, राजधानीमा हजारौंको संख्यामा रहेका साइबर क्याफे सधैं व्यस्त देखिन्छन्। युवाजमातको अत्यधिक उपस्थिधि रहने साइबर क्याफेमा बस्नेहरू पनि आफ्ना निकटस्थ साथीसँग कुराकानीमा रमाइरहेका हुन्छन्। नयाँ बानेश्वरस्थित एक साइबर क्याफेबाट निस्किरहेकी अन्जना घिमिरेले न्यूनतम् दैनिक एक घण्टा क्याफेमा बस्ने गरेको बताइन्। किन ? उनले भनिन्- 'पहिलो काम इमेल चेक हो, साथसाथै अनलाइन च्याट पनि चल्छ। कहिलेकाहीं इन्टरनेटमा महत्त्वपूर्ण जानकारी खोज्नुपर्ने हुन्छ।' केही बेरको कुराकानीपछि उनले अमेरिकाको भर्जिनियामा बस्दै आएका ब्वाइफ्रेन्डसँग गफ गर्न क्याफे धाएको खुलासा गरिन्।

'धेरैले आफ्नो मायाप्रेमलाई इन्टरनेटको माध्यमबाट व्यक्त गरिरहेका

पृष्ठ १४ मा जारी



## वर्षकै नीरस दिन भ्यालेन्टाइन डे

लामो समयसम्म प्रेमी–प्रेमिकाका रूपमा रहेर पनि यो दिनमा छुटेका जोडीहरूका लागि भ्यालेन्टाइन डे वर्षकै सबभन्दा नीरस दिन हुन्छ। लङ डिस्ट्यान्स रिलेसनसिप नामक पुस्तकका लेखक ग्रेगोरी गल्डनरले आफ्नो पुस्तकमा यो कुरा उल्लेख गरेका छन्। उनले विभिन्न कलेजका विद्यार्थीहरूमा गरेको अध्ययनका आधारमा यो तथ्य प्रस्तुत गरेका हुन्। कलेज लेबलमै प्रेमको अनुभव गरेका १० मध्ये ८ विद्यार्थीमा यो पीडा हुन्छ। समयक्रममा क्यारियर निर्माणका क्रममा छुट्टिएर बस्नुपर्दा उनीहरूमा त्यस्तो अवस्था आउँछ।

यसरी छुट्टिएका विद्यार्थीहरूमध्ये धेरैले डिप्रेसनको अनुभव गर्छन्। त्यसपछि एकाग्रतामा कमी, विभिन्न क्रियाकलाप गर्नमा अरुचि, एक्लोपनका साथै संसार नै शून्य भएको अनुभव गर्छन्। गल्डनरका अनुसार तीन चरणपश्चात् यसले चरम रूप लिन्छ। पहिलो चरणमा हल्का दुःख र रिस पनि उठ्छ, तर यसलाई सामान्यीकरण गर्ने विषयमा उनीहरू खासै ध्यान दिँदैनन्। दोस्रो चरणमा हल्का डिप्रेसनको अनुभव हुन्छ र तेस्रो चरणमा उनीहरू एक–अर्काबिना बाँच्नै नसक्ने हुन्छन् र भेट गर्नु नै पर्ने हुन्छ।

साप्ताहिक इन्फो



१४ केवल एक प्रश्न



भ्यालेन्टाइन डे विशेष सामग्री
भित्री पृष्ठमा



मध्यपृष्ठमा भ्यालेन्टाइन विशेष पोस्टर






# वास्तु अनुसार प्रेम

मानिसले प्राचीन कालदेखि नै प्रकृतिसँग तालमेल गर्दै बाँच्ने प्रयास गर्दै आएको छ। वास्तुशास्त्र मानवजीवनको प्रकृतिसँगको तालमेल हो। जानेर अथवा नजानेर मानिसले वास्तुको प्रयोग गरिरहेको हुन्छ। वास्तुका बारेमा ज्ञान नभए पनि कतिपय मानिसको जीवनमा प्रगति भैरहेको हुन्छ भने कतिपय दुर्भाग्यको सिकार पनि भैरहेका भेटिन्छन्। यस्ता राम्रा वा नराम्रा प्रभावमा वास्तुको पनि हात हुन्छ। पृथ्वी, जल, तेज, वायु तथा आकाशको तालमेल मानवजीवनमा अपरिहार्य हुन्छ। मानवशरीरमा ७२ करोड ७२ लाख २ सय १० नाडी (शरीर विज्ञानले यसलाई रक्तकोशिका भन्ने गर्छ) हुन्छन्। हाम्रो शरीरमा २ सय ६ प्रकारका हाड, ७ वटा चक्र, ५ प्रकारका कोष, ९ वटा द्वार हुन्छन्। शरीरमा ज्ञानेन्द्रीय, कर्मेन्द्रीय, मन तथा प्राणको सन्तुलन हुन्छ। यिनीहरूलाई प्रत्यक्ष रूपमा पृथ्वीको आकर्षण शक्ति, सूर्यको तेज, पानीको शीतलता, हावाको प्राणिक ऊर्जा, आकाशको खुलापनले विकास हुने अवसर दिन्छ। यही पाँच तत्त्वले सम्पूर्ण जगत्लाई प्रभावित तुल्याएको हुन्छ।


वासुदेवकृष्ण शास्त्री



वास्तुशास्त्र माथिका विभिन्न क्रियाकलापलाई तालमेल गराउने विधा हो। यदि वास्तुशास्त्रअनुसार हाम्रो जीवनपद्धति चलाउने हो भने जीवनमा अप्ठ्यारोको सामना गर्नुपर्दैन भन्ने वास्तुशास्त्रीय मान्यता छ। प्रेम पनि मानवजीवनको अभिन्न अङ्ग भएकाले वास्तुशास्त्रीय मान्यता अनुसरण गर्दा प्रेम सफल हुने दावी गरिएको छ। कुनै पनि युवकले युवतीलाई प्रेमप्रस्ताव राख्ने अवस्थामा हाँसको जोडा, चखेवाको जोडा आकृति भएका चित्र दिनुपर्छ। आजभोलि दिइने रातो गुलाफको फूलले पनि रगतको जस्तो गाढा प्रेम र आत्मीयताको भाव जगाउने भएकाले गुलाफको फूल पनि वास्तुशास्त्र अनुकूल उपयुक्त उपहार हो।

नवविवाहित दम्पतीले आफ्नो शयनकक्षमा राधा-कृष्णको तथा लक्ष्मी-नारायणको चित्र पश्चिम फर्काएर राख्नु उपयुक्त हुन्छ। यसले जोडीमा तनाव तथा द्वन्द्व सिर्जना गर्दैन। बालबालिकाको शयनकक्षमा सरस्वती, गणेश एवं प्रसिद्ध महापुरुषहरूको तस्बिर राखेको खण्डमा उनीहरूको सोच-कार्यशैली पनि उच्च हुन्छ। आज भोलि युगल जोडी समुद्र, रिसोर्ट, सुनसान जङ्गलमा गएर प्रेम प्रस्ताव राख्छन्। यस्ता स्थानमा राखेको प्रेमप्रस्ताव दीर्घकालीन नहुने वास्तुशास्त्रीय मत छ। दीर्घकालीन प्रभाव छाड्ने प्रेम प्रस्ताव राख्दा धेरै अक्सिजन दिने वृक्ष मुनि बसेर राख्नुपर्छ। यसका लागि पीपल, तुलसी, विशेष देवालय, प्रार्थना स्थल, मन्दिर आदि स्थान उपयुक्त हुन्छन्। प्रेमलाई दीर्घकालीन बनाउन उपहार दिने चलन छ। यस्तो उपहार पूर्व तथा उत्तर फर्केर दिनु उपयुक्त हुन्छ। उपहारमा कालो, नीलो, खरानी रंगका सामग्रीहरू पहिलो भेटमा दिनुहुँदैन। यस्तो बेलामा घोडा, गधा एवं अश्लीलता झल्कने चित्रहरू पनि दिनु हुँदैन।

प्रेम पवित्र बन्धन हो। वास्तुशास्त्रीय दृष्टिकोणले प्रेमी-प्रेमिकालाई भेट्न जाँदा विशेष गरेर राशि एवं नक्षत्रअनुरूपका पहिरन लगाउनुपर्छ। युवतीले गुलाबी, पहेंलो, कलेजीजस्ता मिश्रित रंगको पहिरन लगाउनुपर्छ। युवकले सेतो, पहेंलो, हरियो रंगको पहिरन लगाउनुपर्छ। प्रेमको प्रस्ताव राख्दा दक्षिण तथा पश्चिम फर्किएर वार्तालाप गर्नु उपयुक्त मानिँदैन। यस्तो बेलामा यथार्थपरक कुरा गर्नुपर्छ। आफ्नो प्रेमी तथा प्रेमिकालाई आफू सत्यनिष्ठ भएको आभास गराउनुपर्छ।

नवविवाहित दम्पतीको शयन कक्ष दक्षिणतर्फ सिरान राखेको हुनुपर्छ। शयन कक्षमा हलुका रातो रंगका बत्ती प्रयोग गर्नुपर्छ। त्यहाँ कालो र नीलो रंगको सामग्रीको प्रयोग सकेसम्म कम गर्नुपर्छ। घरको दक्षिण-पश्चिम कुना (नैऋत्य कोण) मा शयन कक्ष बनाउनु उपयुक्त हुन्छ। वास्तुशास्त्रका अनुसार पहिलो रात दुलहीले हलुका रातो तथा दुलाहाले खरानी रंगको हलुका परिधान लगाउनुपर्छ। यी विधिद्वारा प्रेम तथा समागम गर्दा उनीहरूको प्रेम-जीवन दीर्घकालीन हुन्छ।



# तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



## मेष

ग्रह गोचर राम्रा छन्। सोच्ने शक्ति बढ्नेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। मान-सम्मान पनि पाइएला। रमाइलो यात्रा हुन सक्छ। धार्मिक कार्यमा मन जानेछ। आफन्तहरूले सहयोग गर्नेछन्। आइबार तथा सोमबार खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ। अध्ययनमा सफलता पाइनेछ।

## वृष

समय मध्यम रहनेछ। मान-सम्मान मिल्नेछ। पराक्रम एवं आम्दानी बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। अरूबाट सहयोग पाउनुहोला। सोचने शक्ति प्रबल हुनेछ। मंगलबार तथा बुधबार खर्च, विवाद एवं चिन्ता बढ्न सक्छ। स्वास्थ्य गडबड रहनेछ ।

## मिथुन

नैराश्यता एवं उदासीनताले सताउनेछ। काममा अवरोध आउनाले मनोबल घटनेछ भने गलत विचार बढ्न सक्छ। स्वास्थ्य गडबड रहनेछ। आइतबारदेखि मान-सम्मान पाइनेछ। पराक्रम बढ्ने तथा काममा सफलता मिल्ने देखिन्छ। अध्ययनमा सुधार आउने तथा आम्दानी बढ्ने योग छ। यात्रा हुन सक्छ।

## कर्कट

घरेलु समस्याले सताउनेछ भने गलत विचार बढ्नेछ। स्वास्थ्य गडबड रहनेछ । समयमा निर्णय नहुँदा काममा अवरोध आउला। कुरा काट्नेहरू सक्रिय रहनेछन्। मंगलबारदेखि काममा सुधार आउने, मान सम्मान मिल्ने तथा आम्दानी बढ्ने योग छ। व्यवसायमा सफलता हासिल हुनेछ। यात्रा गर्ने अवसर जुट्नेछ।

## सिंह

साताको पूर्वार्द्ध अनुकूल रहनेछ। काममा सफलता पाइनेछ। यात्रा गर्ने अवसर जुट्नेछ। अध्ययनमा सफलता मिल्नेछ। पराक्रम बढ्ने योग भए पनि आइतबार तथा सोमबार स्वास्थ्य गडबड रहने तथा चिन्ताले सताउने योग छ। विश्वासघात पनि हुन सक्छ।

## कन्या

परिश्रम गर्नुपरे पनि धन आर्जन गर्ने अवसर जुट्नेछ। धेरै काममा सफलता मिल्नेछ। यात्रा हुन सक्छ। अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। मंगलबारदेखि स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ताले सताउने योग छ। खर्च एवं विवाद पनि बढ्ने योग छ।

## तुला

बेलामा बुद्धिले काम नगर्दा समस्या आइलाग्न सक्छ। विश्वास गर्दा धोका हुनसक्छ। मन चिन्तित रहनेछ। आइतबारदेखि परिश्रम गर्नुपरे पनि काममा सफलता मिल्ने तथा धन आर्जन हुने योग छ। यात्रा गर्ने अवसर जुट्नेछ। नयाँ काम पाइने सम्भावना छ।

## वृश्चिक

सुरुमा घरेलु समस्याले सताउनेछ। काममा अवरोध आउनेछ। गलत विचार एवं कुरा काट्नेहरू बढ्नेछन्। शत्रुले दु:ख दिन सक्छन्। अध्ययनमा अवरोध तथा व्यवसायमा उतारचढाव आउनेछ। झूटा आरोप पनि लाग्न सक्छ। बिहीबार प्रसन्नता एवं बोलीको प्रभाव बढ्ने तथा काममा सफलता मिल्ने योग छ।

## धनु

पराक्रम बढ्नेछ। अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। मान-सम्मान एवं व्यवसायमा सफलता मिल्नेछ। आफन्तहरूले सहयोग गर्नेछन्। विवाद बढे पनि जित तपाईंकै होला। आइतबार तथा सोमबार चिन्ता एवं अस्थिरता बढ्नेछ भने कुरा काट्नेहरू सक्रिय रहनेछन्।

## मकर

मान-सम्मान पाइने योग छ। सोच्ने शक्ति एवं पराक्रम बढ्नेछ। अधुरा कामपूरा हुनेछन्। भाग्यले पनि साथ दिनेछ। आफन्तहरूको सहयोग पाइनेछ। विवादतिर अघि नबढ्नु नै उचित हुन्छ। खर्च अलि बढी नै हुन सक्छ। कुरा काट्नेहरूदेखि सजग रहनुहोला। स्वास्थ्यको ख्याल गर्नुपर्ने बेला छ।

## कुम्भ

सुरुमा भोज-भतेरमा सामेल हुने अवसर जुट्नेछ। मान-सम्मान पनि पाउनुहोला। धन आर्जन हुनसक्छ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। आइतबार तथा सोमबार खर्च, विवाद एवं चिन्ता बढ्ने देखिन्छ। झूटा आरोप पनि लाग्नसक्छ।

## मीन

सानातिना उल्झनले सताउनेछ। गलत विचारका साथै खर्च एवं विवाद बढ्ने छ। अध्ययनमा अवरोध आउनेछ। समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले नै अधिकार जमाउनेछन्। आइतबार र सोमबार मान-सम्मान मिल्नेछ। काममा सफलता हासिल हुनेछ। भोज-भतेरमा सामेल हुन पाइनेछ । धन आर्जन पनि हुन सक्छ।

## यो साताको पञ्चाङ्ग

माघ २५ गते : सोनम ल्होसार, २८ गते : श्रीपञ्चमी

# हामी प्रोफेसनल हौं



चक्कर छैन

**'सुरजसिंह ठकुरी कान्तिपुर टेलिभिजन स्थापनाकालदेखि नै कार्यक्रम निर्माता तथा कार्यक्रम प्रस्तोताका रूपमा कार्यरत छन्। ठकुरी निर्माता रहेको दैनिक प्रत्यक्ष प्रसारण हुने 'कल कान्तिपुर'लाई उनले विगतमा प्रसिद्धिका रायमाझी र प्रीति सिटौलासँग सञ्चालन गरेका थिए भने दुई वर्षदेखि उनलाई पूर्व मिस नेपाल माल्भिका सुब्बाले साथ दिइरहेकी छिन्। कल कान्तिपुर अहिले परिमार्जित भएर 'कल कान्तिपुर रिलोडेड' भएको छ। यति बेलासम्म उनीहरूले धेरै प्रशंसक कमाएका छन्। अनि यदाकदा हल्ला पनि सुनिन्छ सुरज र माल्भिकाबीच कुनै 'चक्कर' छ। प्रणय दिवसका अवसरमा युवापुस्ताका 'आइडियल' बनेको यो जोडीसँग सुव्रत आचार्यले गरेको प्रणय कुराकानी :'**

**प्रेमदिवसका रूपमा विदेशी संस्कृतिले हाम्रो समाजमा स्थान पाउँदै गएजस्तो लाग्छ कि लाग्दैन ?**

**सुरज :** लाग्छ, तर लाग्नु अनिवार्य छैन। वैश्वीकरणको यो बेलामा संसारले मानेको कुरालाई स्वीकार गर्ने पक्षमा म छु तर कसैले मान्दैनन् भने यसमा मेरो भन्नु केही छैन।

**माल्भिका :** अवश्य पनि लाग्छ तर यसलाई मनाउनै हुँदैन भन्ने पक्षमा म छैन।

**प्रणय दिवस मनाउनु कत्तिको आवश्यक छ ?**

**सुरज :** एउटा बहाना हो, प्रेमी-प्रेमिका तथा लोग्ने-स्वास्नीबीच सम्बन्ध विस्तार गर्ने। यसलाई मनाउँदा राम्रै हुन्छ जस्तो लाग्छ।

**माल्भिका :** अत्यन्त आवश्यक मान्दिनँ। माया जनाउन यही एक दिन नै चाहिन्छ भन्ने छैन। प्रेमी वा प्रेमिका भएकालाई त ठीकै हुन्छ। नभएकालाई त बोर हुन्न र भन्या ?

**जीवनमा कहिल्यै प्रेम गर्नुभएको छ ? कस्तो रह्यो अनुभव ?**

**सुरज :** जसलाई प्रेम गरें, उसैसँग विवाह गरें। मैले प्रेम गर्दा धेरै तीतामीठा अनुभव बटुलेको छु।

**माल्भिका :** अवश्य गरेकी छु। त्यो अनुभवले मलाई आत्मनिर्भर र सक्षम हुन सक्ने क्षमता दिलायो। खुसी र दुखको चरम सीमाको आभास दिलायो।

**तपाई प्रणय दिवस मनाउनुहुन्छ कि हुन्न ? कोसँग, कसरी मनाउने गरिएको छ ?**

**सुरज :** पहिले 'ब्याचलर' हुँदा साथीभाइबीच प्रेमिकालाई कसले महँगो र राम्रो उपहार दिने भन्ने होडबाजी चल्थ्यो। सबै साथीभाइ डेटिङ गएको कुरा सुनाउँथे। म पनि के कम ? प्रेमिका नभए पनि साथीहरूलाई 'गर्लफ्रेन्ड भेट्न जाने' भनेर घरमा आएर सुत्थे। विवाहअघि उनलाई (रेश्मालाई) गुलाफ उपहार दिन्थें। विवाहपछि पनि हामी यो दिवस रमाइलोसँग मनाउँछौं।

**माल्भिका :** म यसलाई त्यति मान्यता दिन्नँ। साथीहरूसँग मनाउन रमाइलो लाग्छ, यद्यपि यो दिन कसैले फुलको गुच्छा वा चकलेट दिए खुसी नै लाग्छ।

**हाम्रो क्यालेन्डरमा पनि प्रेम दिवस भएको भए हुन्थ्यो जस्तो लाग्छ होला नि ?**

**सुरज :** प्रेम गर्नका लागि कुनै दिन वा रात कुर्ने भए पो ? प्रेम जहिले पनि गर्न सकिन्छ। प्रेम गर्नेहरूले सधैं प्रेम दिवस मनाउन सक्छन्।

**माल्भिका :** खासै लाग्दैन, छुट्टी हुने भए पो, तर पनि एउटा सरकारी वेबसाइटमा चाहिँ प्रणय दिवस उल्लेख भएको देखेको थिएँ।

**अचेलको प्रेम युवापुस्ताको तपाईलाई कस्तो लाग्छ ?**

**सुरज :** फेसन भएको जस्तो लाग्छ। अचेल प्रेममा समर्पणको भाव देखिँदैन। मैले जब रेश्मालाई देखें र प्रेम गर्न थालें मेरो लक्ष्य जति बाधा-अड्चन आए पनि उनीसँग विवाह गर्नुपर्छ भन्ने थियो। मेरो एउटा सल्लाह युवापुस्तालाई– जबसम्म तिमी काम र लक्ष्यमा समर्पित हुन्छौ प्रेम मात्र होइन, कुनै पनि लक्ष्य प्राप्तिमा सफल हुन्छौ।

**माल्भिका :** धेरै कुरा सिक्नुपर्छ जस्तो लाग्छ। सम्बन्ध भएपछि रोकटोक, तनाव र अबुझपनाले उनीहरूको सम्बन्ध बिग्रिने गरेको पाएकी छु।

**'वान साइडेड लभ'मा विश्वास गर्नुहुन्छ ?**

**सुरज :** मलाई एन्जिलिना जोली मन पर्छिन् भने रेश्मालाई जोन अब्राहम मनपर्छन्। यो पनि एक प्रकारको 'वान साइडेड लभ' नै हो। यस्तो हुनु नराम्रो होइन।

**माल्भिका :** विश्वास गर्ने वा नगर्नेभन्दा पनि यस्तो प्रेमले चित्त दुखने काम गर्छ र आँसु मात्र निम्त्याउँछ जस्तो लाग्छ।

**कल कान्तिपुरमा प्रेमका विषयमा कुरा गर्दा कस्तो प्रतिक्रिया पाउनुभएको छ ?**

**सुरज :** गर्लफ्रेन्ड वा ब्वाइफ्रेन्डका लागि भनेर गीत अनुरोध गर्छन्, तर उनीहरूको नाम लिँदैनन्। हामी त गर्लफ्रेन्डको नाम भन्न गर्व मान्थ्यौं।

**माल्भिका :** मिश्रित प्रतिक्रिया पाएका छौं। प्रेमका बारेमा खुलेर कुरा गर्ने एक वा दुई जना मात्र हुन्छन्। गत वर्षको प्रणय दिवस विशेष कार्यक्रममा रमाइलो भएको थियो।

**तपाईहरूका प्रशंसक निकै छन्, तीमध्ये कतिपयले त प्रेमप्रस्ताव राख्दा होलान्। उनीहरूलाई के भनेर पन्छाउनुहुन्छ ?**

**सुरज :** कहाँ प्रेम मात्र, विवाहकै प्रस्ताव पनि राखेका थिए, त्यो पनि प्रत्यक्ष प्रसारणमा, मैले त बुवा-आमासँग सोध्नुपर्छ भनेर टारिदिएँ।

**माल्भिका :** मलाई इच्छा छैन। माफ गर्नुहोला भनेर टार्ने गरेकी छु।

**प्रेमविवाह र मागीविवाहमध्ये कुनमा बढी विश्वास गर्नुहुन्छ ?**

**सुरज :** मागेर लिने भन्दा म दोहोरो लेनदेनमा विश्वास गर्छु। प्रेमविवाहमा माग्नेभन्दा पनि एक-अर्कालाई दिने कुरा बढी हुन्छ। त्यसैले म प्रेमविवाहमा विश्वास गर्छु।

**माल्भिका :** अवश्य पनि प्रेमविवाह, तर अचेल प्रेमविवाह गर्नेहरूको सम्बन्ध बिग्रिएको देखेर म अलमलिएकी छु। खै, विवाहमा नै विश्वास हराउन थालिसक्यो।

**अन्तर्जातीय विवाहका बारेमा तपाईंको धारणा ?**

**सुरज :** म त यो 'इन्टरकास्ट' अर्थात् 'अन्तर्जातीय' भन्ने शब्दलाई शब्दकोशबाटै हटाउने पक्षमा छु। म भगवान्ले बनाएका दुईवटा जात पुरुष र नारी मात्रै हो भन्ने यथार्थलाई मान्छु।

**माल्भिका :** म जातमा भन्दा पनि मानिसमा ध्यान दिन्छु। मेरो त पूरै परिवारमा अन्तर्जातीय विवाह भएको छ। त्यसैले म यसैलाई समर्थन गर्छु।

**तपाईंहरू दुईबीच नै प्रेम छ भन्ने कुरा गर्नेहरू पनि होलान् नि ?**

**सुरज :** हामीबीच प्रोफेसनल सम्बन्ध छ। उनी मेरो पुरानो साथी हुन्। कार्यक्रम सँगै गर्ने भनेर मैले नै उनलाई बोलाएको थिएँ। उनले आफूलाई दक्ष छु भन्ने प्रमाणित गरिन्। सँगै काम गर्ने भएकाले म उनलाई सम्मानजनक नजरले हेर्छु।

**माल्भिका :** मैले अहिलेसम्म सुनेकी छैन। हामी प्रोफेसनल हौं। काम गर्छौं र आफ्नो बाटो लाग्छौं। कसैले यस्तो कुरा गर्छन् भने मलाई हाँसो उठ्छ।

# म्युजिकल कोलाजको धमाका



**साप्ताहिक समाचार**

धरान- एउटा सिटमा दुई जना र उभिएर हेर्ने दर्शक त जतातते। तोते बोली बोल्ने फुच्चा-फुच्चीदेखि गृहिणी आन्टीसम्म एउटै स्टेजमा उतार्दै शनिबार सम्पन्न चारदिने म्युजिकल कोलाजको तेस्रो श्रृंखलाले धरानेहरूलाई गतिलो मनोरञ्जन प्रदान गर्‍यो।

युनाइटेड मल्टीआर्ट्सले आयोजना गरेको म्युजिकल कोलाजले पश्चिमा संस्कृति पछ्याउने धरानेहरूलाई नेपालीपनबाटै मनोरञ्जन लिन सकिने मीठो पाठ सिकाएको छ। यहाँ पहिलोपल्ट प्रस्तुत गरिएको वाल्ज डान्सदेखि हिपहप डान्समा पनि स्पष्ट नेपालीपन झल्कन्थ्यो। सारङ्गी रेटौंलामा गरिएको नृत्यले तेस्रो लिङ्गीको मान्यता पाएका समलिङ्गीहरूलाई सङ्केत गर्दै उनीहरूलाई पनि बराबर माया गरी अधिकार दिनुपर्ने खाँचो औंल्याएको थियो। चौबन्दी चोली र फरियामा गुडियाजस्तै सजिएकी तोते बोली बोल्ने बालिकाहरूको म त काली नृत्यले दर्शकहरूको ताली पाएको थियो।

गृहिणीहरू डाली बोकेर डाली-डाली फूल फुल्यो गीतमा कम्मर मर्काउँदै स्टेजमा निस्कँदा हल निकै तातिएको थियो। आन्टी डान्स शीर्षक दिइएको गृहिणीहरूको नृत्यले दर्शकहरूलाई मन्त्रमुग्ध बनायो। आनी छोइङ डोल्माको फूल किन फुल्छमा पनि सन्तानप्रति आमाको माया युवतीहरूको नृत्यले प्रतिबिम्बित गरेको थियो। रिमिक्स गीत 'चियाबारीमा' मा कलाकारहरूले हिपहप नृत्य देखाए। स्कुले विद्यार्थीहरूका निम्ति मञ्चन गरिएको नाटक 'अल्छे'ले विद्यार्थीहरू कहिल्यै अल्छी हुनुहुँदैन भन्ने सन्देश दिएको थियो। इटहरीका सातवर्षीय बालक निर्मित विष्टको सेलो नृत्य र गीतले पनि स्टेज ततायो।

वाल्ज डान्स कार्यक्रमकै प्रमुख आकर्षण रह्यो। युगल जोडीले एक-आपसमा सँगै रहेर गरिने युरोप र अमेरिकामा लोकप्रिय यो नृत्य पहिलोपल्ट धरानमा प्रदर्शन गरिएको हो। गुलाबी पहिरनमा आकर्षक देखिएका युवा-युवतीको ५ जोडीले उदय-मनिला सोताङको कहाँ पोखिन्छ आँसु गीतमा वाल्ज डान्स निकै आकर्षक रूपमा प्रस्तुत गरेका थिए। दर्शकहरूको वाहवाही लुटेका नृत्यनिर्देशक प्रशान्त तामाङले टेलिभिजनमा हेरेको तथा इन्टरनेटमा पढेकै आधारमा एक महिनाको तयारीमा वाल्ज डान्सको स्वाद धरानेहरूलाई चखाएका हुन्।

## सम्पादकीय

# शान्तिका लागि प्रेम

अहिले हामी नेपाली इतिहासको सबैभन्दा कठिन मोडमा उभिएका छौँ। कुनै बेला हामी नेपाली आपसी सौहार्दताका लागि परिचित थियौँ। हामी जातीय भावनाभन्दा माथि उठेर नेपाली हुनुमा गर्व गर्थ्यौं। के जनजाति, के दलित, के पहाडे, के तराईबासी ? हामी सबै नेपाली थियौँ, तर आज समावेशी राजनीतिको उत्ताल छालले हामी सबैलाई आ–आफ्नो राजनैतिक अधिकारप्रति सचेत गराउँदा हामी जातीय सद्भावको वातावरण नै खल्बलिने गरी आ–आफ्नो जातीय पहिचानको खोजीमा जुट्यौँ। जातीय पहिचानको खोजी आफैँमा गलत थिएन। यद्यपि यस्तो जातीय पहिचान खोज्ने क्रममा हामीले हामी सबैभन्दा पहिले नेपाली हौँ भन्ने कुरा बिर्सिन थालेका छौँ। युगौँयुगदेखि हाम्रो समाजमा विद्यमान जातीय सद्भावनाका आधारहरू भत्कन थालेका छन्। यस्तो स्थिति कुनै पनि समाज र समुदायका लागि हितकर हुन सक्दैन भन्ने कुराको उदाहरण तत्कालीन युगोस्लाभियाको पतनलाई लिन सकिन्छ। जातीय अहंकारले टाउको उठाएपछि कुनै बेलाको शान्त र समृद्ध युगोस्लाभिया आज इतिहास भैसकेको छ। त्यस्तो स्थितिको सामना हामी नेपालीले गर्नु नपरोस्। यसका लागि हामी सबैले एक–अर्कालाई बन्धुत्वको भावनाले हेर्दै प्रेम र मेलमिलापप्रति प्रतिबद्ध हुनुपरेको छ।

आगामी बिहीबार संसारभरि प्रेमदिवस मनाइँदैछ। समय, परिस्थिति र सामाजिक वातावरणअनुरूप प्रेमदिवसको आ–आफ्नै किसिमले व्याख्या हुने गरेको छ। मूलतः पुरुष र नारीबीच हुने प्रेमलाई प्रकृतिको सर्वश्रेष्ठ उपलब्धिका रूपमा व्याख्या गर्ने प्रेमदिवसले सम्पूर्ण मानव समुदायलाई एक–अर्कासँग शान्ति र सद्भाव बाँड्नसमेत अपिल गर्छ। यस्तो महत्त्वपूर्ण दिनले निश्चय पनि हामी सबैलाई एक–अर्काप्रति विश्वास गरेर एक–अर्काको अस्तित्वलाई स्वीकार गर्दै 'विविधतामा एकता' का साथ एक–अर्कालाई प्रेम गर्न प्रेरित गर्नेछ। खासगरी बिग्रिएको राजनीतिले हाम्रो समाजमा ल्याएको घृणाका तरंगहरूलाई निमिट्यान्न पारेर राजनैतिक आस्थाका आधारमा सबै नेपालीलाई एक–अर्काको पूरकका रूपमा विकसित गर्ने प्रेरणा यो दिवसले दिनेछ भन्ने विश्वास हामी सबैले राखौँ। यस्तो विश्वासले नै हामीलाई हाम्रो संकीर्ण राजनीतिको घेराबाट माथि उठाएर एक–अर्कालाई नेपालीका, त्यसपछि मानवका रूपमा चिन्ने र सिंगो नेपालभित्र सबै जाति, समुदाय, सम्प्रदायका नागरिकहरूले सम्मानका साथ आफ्नो नागरिक अधिकारको उपयोग गर्नेतर्फ प्रेरित गर्नेछ।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पढ्न।
सौजन्य : साप्ताहिक–पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल

# प्रायोजित कार्यक्रम होइन प्रेम



प्रेम भन्नेबित्तिकै भैहाल्ने र पहिलेदेखि नै प्रायोजित गरिएको कुनै कार्यक्रम होइन। प्रेम गर्छु भनेर गर्ने र गर्दिन भनेर नहुने पनि होइन। प्रेम एउटा त्यस्तो कुरा हो जसलाई बुझेर, सम्झेर, सोचेर गर्न सकिँदैन जुन आफै हुन्छ। प्रेम गर्छु भनेर गरिँदैन। मुना-मदन, लैला-मजनु, हीर-राँझाले साइत हेराएर त्यो समयमा त्यो मानिससँग प्रेम गर्छु भनेर गरेका थिएनन्। मीरा पनि पूर्व नियोजित कार्यक्रमअनुसार कृष्णप्रति मोहित भएकी थिइनन्। प्रेम हुनु भनेको कुनै भवनको भूमिपूजा होइन अथवा कुनै व्यावसायिक प्रतिष्ठानको शुभारम्भ हुनुजस्तो पनि होइन।

प्रेमको सम्बन्ध मनसँग छ भने यसले संसारका सबै 'प्रतिबन्ध, रोकटोकलाई ध्वस्त गरिदिन्छ। प्रेम त्यस्तो हुरीबतास हो जसमा देश, धर्म, जाति, भाषा, परम्परा र संस्कृतीजस्ता कुरालाई वास्ता गरिँदैन। प्रेममा केवल प्रेम नै प्रेम हुन्छ। प्रेम गर्नेहरूले केवल मन हेर्छन्, मनको भाषा बुझ्छन् र मनको भाषा नै बोल्छन्। प्रेममा केवल मनलाई मात्र हेरिन्छ, त्यसैले कुनै सायरले लेखेका छन्– 'न उम्रकी सीमा हो न जन्मका हो बन्धन, जब प्यार करे कोइ तो देखे केवल मन।'

अर्कातर्फ परम्परागत विवाह अथवा प्रायोजित विवाह हुन्छ। जसमा परम्परावादी आमाबुबाले आफै घरवार हेर्छन्। लेनदेन अथवा दाइजोको कुरा हुन्छ। केटाकेटीले त एक-अर्कालाई त्यसबेला मात्र देख्छन् जुनबेला उनीहरूको विवाह पक्का हुन्छ र श्रीमान्-श्रीमती हुने घोषणा गरिन्छ। उनीहरूको विवाह हुन्छ। साँच्चै भन्ने हो भने पारम्परिक प्रायोजित विवाहमा केटाकेटीको कम, सम्धी-सम्धिनीहरूको खुसी र रोजाइ बढी पाइन्छ। यो केटाकेटीको होइन आमाबुबाको रोजाइको विवाह हुन्छ। केटाकेटीका लागि त यस्तो विवाह एउटा चिट्ठा हो, एकप्रकारको साटासाट, एउटा जुवा हो, राम्रो र अनुकूल पात्र भेटे त राम्रै हुन्छ, होइन भने जिन्दगीभर एक-आपसमा मनमुटाव, कुकुर-बिरालोजस्तो झगडा अथवा किचकिच गरेर जिन्दगी बित्छ।

प्रेमविवाहमा प्रेम पहिले हुन्छ त्यसपछि विवाह। प्रेमविवाहलाई आमाबुबाले आफ्नो नाक काटेको सम्झन्छन्। हामीलाई हाम्रो संस्कृतिमा प्रेमविवाह गर्नु खतराजस्तो लाग्छ। समाजले पनि प्रेमविवाह एउटा गल्ती हो कि जस्तो मान्छ। प्रेमविवाह समाजले हेयको दृष्टिले हेर्ने हुँदा पनि असफल हुन्छ। आमाबुबाले आफ्नो त्यो सन्तानलाई उपेक्षा गर्छन् जसले प्रेमविवाह गरेको छ। पारम्परिक प्रायोजित विवाहलाई समाजले मान्यता दिएकाले सफल भएको मानिन्छ तर प्रेमीहरूले यी कुरा केही नसोची प्रेम गर्छन् र प्रेम हुन्छ।

**– अरुणा भट्टराई**

# सिर्जना : प्रेमको अर्को पाटो पनि हो

प्रेम के हो ? कसैले दुई मुटुको मिलन भन्लान्। कसैले भावनात्मक सम्बन्ध भन्लान्। यो विषयमा सबैको आ-आफ्नै धारणा र परिभाषा होलान्। यद्यपि व्यक्ति, समाज, राष्ट्र हुँदै संसारभरि फैलिएको प्रेम नै त्यस्तो अदृश्य शक्ति हो जसले एक-अर्कालाई नजिक ल्याइरहेको हुन्छ। प्रेम यतिमै सीमित छ त ? पक्कै छैन। यसको अर्को पाटो पनि छ– सिर्जनाको पाटो, जसअन्तर्गत कला साहित्य, गीत संगीत, पर्छन्।

कुनै मूर्तिकारको मूर्ति लाखौंमा बिक्री हुन्छ, कलापारखीहरूको कलाप्रतिको प्रेमका कारण। रेडियो प्रस्तोता, गायक-गायिकाका असंख्य प्रशंसक हुन्छन् स्वरप्रेमीका प्रेमको कारणले। असंख्य पाठकले पत्र-पत्रिका आदि खरिद गरेर पढ्छन्, लेखक-लेखिकाका सोचप्रतिको प्रेमले।



मन र मस्तिष्क सिर्जनाको खानी पनि बन्छ। किनकि यसबाटै गीत-संगीत, कला-साहित्य सिर्जना हुन्छ। जसलाई व्यक्तिको अवस्थाले पनि असर पार्न सक्छ। बाल्यकालमा पुतलीको कविता कोर्ने व्यक्ति जब प्रेमी बन्छ त्यतिबेला उसले प्रेमिकाका बारेमा कविता कोर्न सक्छ तर जब ऊ जीवनका भोगाइहरूलाई नजिकबाट नियाल्छ उसले दार्शनिक सोच प्रस्तुत गर्न सक्छ। सिर्जनाको कुनै कोटी हुँदैन। बालकको पुतलीको कविता र दार्शनिकको दर्शन दुवै सिर्जना हुन्। जब सोच गहिरिँदै जान्छ, सिर्जना स्वतः परिष्कृत हुन जान्छ।

सिर्जनाको सम्बन्ध ग्रहण-शीलतासँग पनि छ। एउटा सूरदासलाई कुनै सुरम्य चित्रको मोल थाहा नहुन सक्छ। श्रवणशक्ति नभएको व्यक्तिलाई संगीतको मोल थाहा नहुन सक्छ। त्यस्तै पुतलीको कविता कोर्ने बालकलाई साहित्यको उपयोगिता नहुन सक्छ। एउटी प्रेमिका आफ्नो प्रेमीको साथमा रमाएका बखत प्रेमीले सुनाएको विरहका कविता उनलाई रुचिपूर्ण नहुन पनि सक्छ। क्षितिजमा आधा सूर्य देखिएको चित्र हेर्दा आशावादीले सूर्य उदाएको देख्छन् रे। निराशावादीले सूर्य अस्ताएको देख्छन् रे। चित्र उही हुन्छ तर हेर्ने दृष्टिकोण बदलिन्छ, ग्रहणशीलता बदलिन्छ।

**–प्रतिभा शर्मा**

# प्रेमका विभिन्न स्वरूप



जहाँ फ्रायडले प्रेमलाई दमित कामेच्छाको प्रकटीकरणका रूपमा लिएका छन् त्यहीं रसेलका अनुसार प्रेम जीवनको सबैभन्दा महत्त्वपूर्ण उपलब्धि हो। के त्यसो भए प्रेम यी उल्लेखित कुरामा मात्रै सीमित छ ? यस विषयमा निचोड निकाल्नु त्यति सरल कुरा भने होइन। मनोवैज्ञानिकहरूका अनुसार प्रेमको अर्थ विस्तृत तथा अनन्त छ र यसलाई सीमित शब्द वा सीमाभित्र बाँध्न सकिदैन। उनीहरूका अनुसार अधिकांशले बुझ्ने भाषामा प्रेम दुई विपरीत लिङ्गीका बीचको आकर्षण हो र यसका कैयन् रूप हुन्छन्।

पुरुषको स्त्री र स्त्रीको पुरुषप्रतिको आकर्षण प्राकृतिक हो र यसका पनि विविध रूप हुन्छन्। यो आकर्षण पिता-पुत्री, आमा-छोरा, दिदी-भाइ, दाजु-बहिनी एवं प्रेमी-प्रेमिकाबीच हुन्छ। यी सबै सम्बन्धलाई एउटै श्रेणीमा राखेर आँकलन वा विश्लेषण गर्न पनि मिल्दैन। जब हामी प्रेमी-प्रेमकाबीचको प्रेम अर्थात् प्रणयका बारेमा चर्चा गर्छौं त्यहाँ शारीरिक आकर्षण महत्त्वपूर्ण बन्न पुग्छ। मानसिक आकर्षण दोस्रो श्रेणीमा पर्छ।

अधिकांश व्यक्तिका अनुसार प्रेमी-प्रेमिकाबीच जबरजस्त शारीरिक आकर्षण हुन्छ, कम से कम सुरुवातका दिनमा यो आकर्षण कैयन स्वरूपमा देखापर्छ। जस्तै- श्वास प्रश्वासको गति बढ्नु, धड्कन तेज हुनु, मांसपेशीमा तनाव आउनु, कुराकानी गर्दा नर्भस हुनु आदि। यदि यो आकर्षण भावनात्मक लगावसित जोडिएको छ भने यो प्रेमको वास्तविक स्वरूप हो।

परिपक्व प्रेममा यौन प्रत्युक्त र भावनात्मक लगाव दुवै महत्त्वपूर्ण हुन्छ। आखिर मनिसले किन प्रेम गर्छन् ? सम्भवतः आफ्नो एक्लोपन र असुरक्षाको भावना हटाउन शारीरिक सुख यसको महत्त्वपूर्ण कारण हुन सक्छ। मनोचिकित्सकहरूका अनुसार भोक, प्यास तथा छानापछि व्यक्तिको सबैभन्दा ठूलो आवश्यकता भनेकै प्रेम हो। कोही प्रेमलाई व्यक्तित्व विकासमा सहायकसिद्ध हुने कुरामा विश्वास गर्छन्। कोही आफूमा परिवर्तनको अनुभव गर्छन्। प्रेममा चाहना, दायित्व, सम्मान एवं बोध, यी चार तत्त्व समाहित हुन्छन्। यी चारै तत्त्वको साझेदारीले गर्दा व्यक्ति आफ्नो साथीप्रति आग्रही हुन्छ। प्रेमी तथा प्रेमिकाबीच समझदारी र साझेदारीमा जति समनता हुन्छ, त्यति नै प्रेमसम्बन्धको आयु पनि लामो एवं दिगो हुन्छ।

प्रेमसम्बन्धी परिभाषा तथा व्याख्या जति धेरै छ, यसको रूप र रंग पनि त्यति नै धेरै छ। मिश्रवासीहरूका अनुसार प्रेमको अनेकौं रंग र त्यही अनुरूप अलग-अलग पहिचान हुन्छ। तीमध्ये सबैभन्दा पहिलो हो 'इरोज'। इरोज प्रेमको काम पक्ष हो। यसमा प्रेमी आफ्नी प्रेमिकालाई शारीरिक रूपबाट प्राप्त गर्न चाहन्छ। दोस्रो पक्ष हो 'अगापे'। यो प्रेमको निच्छल रूप हो जसलाई आध्यात्मिक सन्दर्भमा हेरिन्छ। सांसारिक सन्दर्भमा भने यो प्रेमको त्यो अवस्था हो जसमा कोही प्रेममा आफ्नो सबथोक दिन तत्पर हुन्छ र बदलामा केही पनि पाउने चाहना राख्दैन। 'फिजोल' एक अर्को पक्ष हो यो रूपमा गहिरो, आत्मीय र दिगो मित्रतालाई हेरिन्छ। मानिसले प्रेमलाई कुन रूपमा व्यक्त गर्छ र कसरी व्याख्या गर्छ भन्ने कुरा उसको परिवेश र संस्कारमा निर्भर गर्छ। त्यसैले प्रेमको कुनै सर्वमान्य परिभाषा हुँदैन र पनि यसलाई निम्न रूपमा हेर्न सकिन्छ।

### आत्मीय प्रेम

यस्तो प्रेम लामो समयसम्म एकसाथ रहनाले उत्पन्न हुन्छ। यसमा प्रेमी-प्रेमिका एक-अर्कासित जोडिएका हुन्छन्। एक अर्काबिना आफूलाई अधुरो-अपूरो महसुस गर्छन्। यतिबेला उनीहरूलाई प्रेमको आभास हुन्छ। यस्तो प्रेमसम्बन्ध टुटे पनि प्रेमीहरू राम्रो मित्र बन्न सक्ने सम्भावना रहन्छ।

### गेम प्लेइङ प्रेम

आफ्ना प्रेमी-प्रेमलाई खेलका रूप लिन्छन् र कुनै पनि हालतमा आफ्नी प्रेमिकालाई प्राप्त गर्न चाहन्छन्। कसैको मन जित्न त्यति सरल नभएकाले प्रेमी आफ्नो चाहना पूरा गर्न अनेकौं किसिमका उपाय एवं रणनीति अँगाल्न पछि पर्दैन। यस्तो प्रेम दीर्घकालीन हुँदैन। यस्ता प्रेमी आत्मकेन्द्रित, आत्मविश्वासी, आकर्षक एवं आत्मनिर्भर हुन्छन्।

### उपयोगितावादी प्रेम

यसलाई लव विथ अ सपिङ लिस्ट पनि भनिन्छ। किनकि यस प्रकारको प्रेमको आधार भनेकै परस्पर उपयोगिता हो। यस्तो प्रेममा आफ्नो सम्बन्ध तोड्नु छ भने प्रेमीहरूले उचित समयमै त्यसबाट छुट्कारा पाउँछन् तर आपसी मित्रता भने कायमै राख्छन्।

### भावुक प्रेम

भावुक प्रेमीमा 'तिमी मेरी हौ र मात्र मेरी हौ' भन्ने भावना प्रबल हुन्छ। प्रेमी आफ्नी प्रेमिकाबाट छुट्टिने कल्पनासमेत गर्न सक्दैन। धेरैजसो प्रेम यस्तै हुन्छ। यो उत्तेजक र अपूर्ण पनि हुन सक्छ। धेरै भावुक किसिमका यस्ता प्रेमी कैयन अवस्थामा मर्न र मार्न पनि पछि पर्दैनन्। यिनको स्वयंमाथि नियन्त्रण हुँदैन। यस्ता प्रेमी आपसी सम्बन्ध टुटेपछि एक-अर्कालाई हेर्न समेत रुचाउँदैनन्।

### रोमान्टिक प्रेम

यसमा प्रेमी 'प्रेम प्रेम र मात्र प्रेम' म ऊविना बाँच्न सक्दिनँ। जीवनभरको वाचा' आदि कुराहरूलाई बारम्बार दोहोऱ्याउँछन्। यसलाई पहिलो नजरको प्रेम भनिन्छ। यस्तो प्रेम अधिकांश रूपले अपरिपक्व उमेरका स्कुल कलेजका युवा युवतीबीच पलाउँछ। यसमा प्रेमीहरू जहिल्यै भेटन चाहन्छन् हरपल एक अर्काकै समू रहन चाहन्छन्, आलिंगनमा बाध्न अग्रसर रहन्छन्। यही आकर्षण र लगावले प्रेमको दियोलाई जलाइराख्ने काम गर्छ।

परन्तु प्रेमको यो तिव्रता धेरै समयसम्म कायम रहँदैन। वस्तुत यसमा प्रेमी एक काल्पनिक व्यक्तिलाई चाहन्छ र ऊ आफ्नो साथीमा पनि त्यही काल्पनिक व्यक्तिको छवि खोज्छ। जब वास्तविकता सतहमा देखा पर्छ तब प्रेमी वा आफ्नो साथीलाई काल्पनिक प्रेमीका रूपमा ढाल्ने प्रयत्न गर्दछ वा आफ्नै चाहनालाई प्रेम गर्छ, वास्तविकता स्वीकार गरेर परन्तु यो स्वीकृति अपवाद मात्रै हुने भएकाले अधिकांश परिस्थितिमा यो प्रेम सम्बन्ध विच्छेदको परिणामबाट गुज्रन्छ।

### नि:स्वार्थ प्रेम

यो प्रेमको निश्छल स्वरूप हो जसमा त्यागको भावना प्रवल हुन्छ। सही अर्थमा यसमा प्रेमी-प्रेमिका एक-अर्काका बारेमा सोच्छन्, बुझ्छन्, बदलामा केही वा कुनै कुराको पनि अपेक्षा राख्दैनन्। एक-अर्कालाई खुसी देखनु नै उनीहरूका लागि आत्मसन्तोषको विषय हुन्छ। यस्तो प्रेम अपवादका रूपमा मात्र पाइन्छ।

**–रोजिन शाक्य**

# फेसन सस्तो प्रेमको

एकराज सुवेदी

'सिलिङमा झुन्ड्याएको विन्ड चेमले सधैं तिम्रो सम्झना गराउँछ। सुत्दा पनि त्यसैमा नजर, उठ्दा पनि त्यसैमा नजर।'


यी कुनै परिपक्व प्रेमी-प्रेमिकाले लेखेका हरफ होइनन्। कल्कलाउँदो उमेरमा भर्खरै प्रेमको अभ्यासमा मस्त नवयुवक र नवयौवनाहरूको मुखमा झुन्डिएका वाक्यका केही उदाहरण मात्र हुन्। आफ्नो ब्वाइफ्रेन्ड अथवा गर्लफ्रेन्डले दिएका अनुपम उपहारलाई सम्झनास्वरूप सिलिङमा सजाएर राख्दा अनायासै मुखबाट फुत्कने यी वाक्यहरू युवापुस्तालाई प्रतिनिधित्व गर्ने कुनै पनि व्यक्तिका हुन सक्छन्।

आर.आर. क्याम्पसमा प्रवीणता प्रमाणपत्र तहमा अध्ययनरत रीता फुयाल दिगो प्रेम गर्नेहरूको संख्या ५ प्रतिशत पनि नपुग्ने दावी गर्छिन्। एक-अर्कालाई बाहिरी रूपमा मन पराउने र केही समयसम्म घुमफिरमा रमाए पनि अन्ततः त्यो प्रेम सधैं सुखद गन्तव्यमा पुग्न गाह्रै पर्ने उनको विचार छ। यही कुरामा समर्थन जनाउँछन् क्रिमसन इन्टरनेसनल कलेजका सुरेश थापा।

आफ्नो पहिलो प्रेमलाई अहिले सम्झँदा छुट्टै आनन्दको अनुभूति गर्छन् राजीव। राजधानीकै एउटा प्रतिष्ठित कलेजमा स्नातक अध्ययनरत राजीवले आफ्नो कलेजको नाम भने नलेखिदिन अनुरोध गरे। आफ्नो पहिलो प्रेम असफलतामा टुंगिएका कारण पनि यसलाई सम्पूर्ण रूपमा सार्वजनिक नगर्नु उनलाई उत्तम लाग्यो, तर पनि त्यो क्षणलाई स्मरण गर्दै राजीव भन्छन्- हाम्रो पहिलो भेट कालिमाटीको एउटा गल्लीमा भएको थियो। एक-अर्काको अनुहार हेर्दै ५ मिनेट जति बितेको पत्तै भएन। पछि समयक्रममा उनीहरूले धुलिखेल, बनेपा, नगरकोट आदि धेरै स्थानमा घुम्न भ्याएका थिए। यद्यपि विभिन्न कारणले गर्दा उनीहरूको प्रेम टुंगियो। अरू कारण धेरै भए पनि एउटा प्रमुख कारण उनी आफूहरूको अपरिपक्वतालाई मान्छन्। राजीवको भनाइमा अहिले प्रेम सस्तो भएको छ।

स्नातक तेस्रो वर्ष अध्ययनरत ज्योति श्रेष्ठ प्रेमलाई त्यति सस्तो रूपमा लिन नहुने बताउँछिन्। उनका अनुसार साथीका रूपमा हाई- हेल्लो गर्नेहरूचाहिँ प्रशस्त छन्, तर कहिल्यै पनि सधैं जिन्दगी बिताउने तरिकाले हेरिएको छैन। त्यसका लागि मानिसअनुसारको व्यवहार पनि हुने उनको भनाइ छ। बाहिरबाट अरूले हेर्दा प्रेमी-प्रेमिकाजस्तो देखिए पनि वास्तविकता त्यस्तो हुँदैन। सबैलाई साथीको नाताले हेर्ने चलन हुन्छ। उमेर त्यस्तै भएको र बाहिरबाट हेर्दा त्यस्तो देखिए पनि युवायुवतीहरूलाई त्यति कमजोर मान्न नहुने श्रेष्ठको तर्क छ। कतिपयले साथीको नातालाई प्रेमको नातामा हेर्ने भएकाले पनि यस्तो भएको हो। उनीहरूमा स्वच्छ साथीत्वको भावना हुने श्रेष्ठ बताउँछिन्।

आफ्नो यो उमेरसम्म पनि गहिरो माया भएको र जिन्दगी साथै बिताउने मानिस कोही फेला नपरेको दाबी उनी गर्छिन्। यद्यपि कतिपयले प्रेमप्रस्ताव नराखेका होइनन्। त्यसरी प्रस्ताव राख्दाका क्षणहरू सम्झँदा उनलाई कहिले हाँसो त कहिले दया पनि लाग्छ। जिन्दगीको कुनै समयमा उनलाई कसैले पाउजु उपहार दिन खोजेको थियो। श्रेष्ठले सहजताका साथ आफूलाई पाउजु स्वीकार्य नभएको जनाइन्। कुनै अर्को व्यक्तिले उसको बर्थडेमा बोलायो। उसको



आशय बुझेर उनले पनि त्यसमा स्वीकृति जनाइनन्। रोचक पक्ष के छ भने त्यही व्यक्तिले केही महिनापछि फेरि बर्थडेमै उनलाई निमन्त्रणा दियो। त्यतिबेला ज्योतिकी आमाले फोन उठाएकी थिइन्। आमाले 'बाबु तिम्रो बर्थडे वर्षमा दुई दिन हुन्छ र ?' भनी प्रश्न गर्दा बल्ल उसले फोन गर्न पनि छोड्यो।

अहिलेका युवापुस्तामा सस्तो प्रेमको नाटक गर्ने चलन रहेको तथ्यलाई भने ज्योति स्वीकार गर्छिन्। एक महिना एउटा र अर्को महिना अर्को गर्लफ्रेन्ड र ब्वाइफ्रेन्ड फेर्दै हिंड्ने प्रवृत्ति पनि छ। यो एक प्रकारको प्रेमको अनुभव गर्ने माध्यम पनि हो। युवा अवस्थामा प्रेमको अनुभव गर्नकै लागि मात्र पनि प्रेमको नाटक रच्नेहरूको बाहुल्यता पनि यहाँ छ भन्न सकिन्छ, तर पनि आफ्नो क्यारियरलाई हेरेर त्यसैअनुसार व्यवहार गर्नुपर्ने ज्योतिको ठम्याइ छ। क्यारियरकै खोजीमा लाग्दा अहिलेसम्म आफूले विश्वसनिय प्रेमी फेला पार्न नसकेको र आफूलाई त्यतातिर अझैसम्म पनि चासो नभएको श्रेष्ठको जिकिर छ।

स्नातकमै अध्ययनरत सिर्जना दाहाल अरूले ब्वाइफ्रेन्डका कुरा गरेको सुन्दा नभएकाहरूलाई यसको अभाव खड्किनु स्वाभाविक हो भन्छिन्। खासगरी यसरी अरूका कुरा सुन्दा 'मेरो पनि ब्वाइफ्रेन्ड भइदिए हुन्थ्यो' भनी सोच्न बाध्य तुल्याउने वातावरण अहिलेका कलेजहरूमा विद्यमान छ। यसो हुँदा कतिपयले आफूलाई कमजोर सोच्न बाध्य हुने र ब्वाइफ्रेन्ड अथवा गर्लफ्रेन्ड बनाउनतिर लाग्ने हुन्छन् तर पनि भविष्य र आफ्नो क्यारियरलाई सोचेर सावधानीवश अगाडि बढ्नुपर्ने उनको तर्क छ।

अहिले चलनचल्तीमा रहेका प्रविधिको पर्याप्त प्रयोग गर्दै एक-अर्कालाई प्रेमप्रस्ताव राख्ने चलन पछिल्ला दिनहरूमा बढिरहेको सिर्जनाको ठम्याइ छ। खासगरी मनमा लागेका कुरा मुखले व्यक्त गर्न नसकेको अवस्थामा यी माध्यम प्रेमप्रस्ताव राख्ने गतिलो स्रोत बनिदिन्छन्। इमेल, एसएमएस हुँदै अहिले चलिरहेका हाइ फाइब, फेसबुक, माइस्पेसको प्रयोग गर्ने चलन पनि बढिरहेको छ। एउटा रोचक पक्ष के छ भने यसरी सम्पर्कमा रहेको समयमा सम्बन्ध अघि बढ्न सकेन भने उक्त व्यक्तिसँगको सम्बन्ध पनि त्यसरी नै समाप्त पनि हुन्छ। एक-अर्कासित बोलचाल नै नभएर त्यसैका माध्यमबाट सम्बन्धको पनि अन्त्य हुन जान्छ। अर्कातर्फबाट सकारात्मक दृष्टिकोण पाइयो भने यी प्रविधि वरदान नै सावित हुन्छन्।

प्लस टुमा अध्ययनरत कैलाश विष्ट यसका ज्वलन्त उदाहरण हुन्। उनले कलेजका सुरुका दिनमा आफ्नै कलेज, तर अर्कै फ्याकल्टीकी युवती मन पराए। मनले उनलाई मन परायो, तर मुखले भन्न सकेन। अनेक उपाय गरी उनले ती युवतीको मोबाइल नम्बर पत्ता लगाइछाडे। सुरुमा एसएमएसमार्फत साथी बन्नका लागि प्रस्ताव गरे। उनीबाट स्वीकृति पाइयो। अहिले उनीहरूको सम्बन्ध घनिष्ठ छ, तर के उनीहरूको सम्बन्ध लामो समयसम्म चल्ला ? निर्विवाद रुपमा चल्ने उनी ठोकुवा गर्छन्। विष्ट भन्छन्- फस्ट लभ इज लास्ट।

प्रेमलाई हेर्ने दृष्टिकोणमा पनि परिवर्तन आइरहेको छ। गाउँघरतिर अझै पनि यसलाई नकारात्मक दृष्टिकोणले हेरे पनि सहरमा यसलाई सामान्य मान्न थालिएको छ। रीताका अनुसार यो उमेरका प्रेमिप्रेमिकामा एक-अर्काको घरमा जाने र आउने क्रमसमेत बढ्न थालेको छ। यसलाई दुवै पक्षका परिवारले सामान्य रूपमा लिने र एक प्रकारका साथीका रूपमा उनीहरूलाई स्वीकार्ने चलन पनि बढिरहेको छ। हुन पनि नराम्रो तरिकाले प्रेमी फेर्दै हिंड्नुभन्दा यसलाई राम्रो मान्न सकिन्छ।

प्रेमले पढाइलाई बिगार्छ ? अवश्य। यो प्रश्न गर्नासाथै सबैको मुखमा उत्तर पनि झुन्डिन आइपुग्छ। यद्यपि जो प्रेम गर्छन्, उनीहरू यो कुरा मान्न तयार हुँदैनन्। त्यसैले त उनीहरू प्रेम गर्छन्। प्रेम नगरेको बताउनेहरू भने माथिको प्रश्न र उत्तरसित सहमत हुन्छन्। गोविन्द कार्की भन्छन्- पढ्न भनेर पुस्तक लिएर बसे पनि उसकै सम्झना आउँछ अनि बिग्रिएन त पढाइ ? सुरेशका अनुसार प्रेम गर्नेहरू धेरैले पढाइलाई असर पार्दैन भन्छन्, तर जति पर्दैन भने पनि यसको असर परिहाल्छ। कतिपय अवस्थामा भने यसले फाइदा पुऱ्याउँछ। उनीहरू कुन प्रकृतिका छन् भन्ने कुराले पनि महत्त्वपूर्ण भुमिका खेल्छ। राम्रा प्रेमीप्रेमिका त साथै बसेर अध्ययनलगायत काम लाग्ने कुरामा छलफलसमेत गर्छन्।

प्रेमप्रस्ताव राख्दा उपहारले महत्त्वपूर्ण भूमिका खेल्छ। उपहारका रूपमा फुल, कार्ड, चकलेट आदि दिने चलन छ। गोविन्दका अनुसार कोही मन परेको युवक अथवा युवती छ भने उसलाई मन पर्ने चीज पत्ता लगाउने कार्य सबै भन्दा पहिले गरिन्छ। यो कार्यमा उसको साथीले पनि महत्त्वपूर्ण भूमिका खेल्न सक्छ। त्यसपछि कोठामा सजाउने सामानलगायत अन्य महत्त्वपूर्ण सामग्री पनि उपहार दिने काम हुन्छ। सृजनाका अनुसार अहिले चकलेट दिने चलन बढेको छ। त्यसो भए के अब कसैले चकलेट दियो भने पनि सचेत हुनुपर्ने भयो त ? होइन, मानिस कस्तो हो र उसको नियत के हो भनेर छुट्याउन पनि सक्नुपर्ने उनको भनाइ छ।

स्नातक सिध्याउन थालेका अमित पौडेलसँग प्रेमको धेरै अनुभव छ। अमितका अनुसार सानो उमेरदेखि नै नजानिँदो रूपमा विपरीत लिंगीप्रति आकर्षण बढ्छ। विद्यालय शिक्षा पार गरिसक्दासम्म उनले एकतर्फी रूपमा धेरै जनालाई प्रेम गरे, तर त्यो प्रेम निःस्वार्थ र अपरिचित थियो। अमितका अनुसार एसएलसी दिएपछि एक जना कक्षा ८ मा अध्ययनरत युवतीले उनलाई प्रेम प्रस्ताव राखेकी थिइन्। उनी अहिले उच्च शिक्षा अध्ययनरत छिन्, तर उनको निःस्वार्थ प्रेम अझै पनि जारी छ। अरू जे गरे पनि अन्त्यमा आफूलाई नै विवाह गरोस् भन्ने उनको कामना छ। यद्यपि अहिले जो सँग उनको प्रेम चलिरहेको छ त्यो प्रेममा सबै कुरा प्राप्त गरेको उनको बुझाइ छ।

अमित त्यो दिन अझै पनि सम्झिन्छन्। कलेजका लागि ड्रेस सिलाउन जाँदा पहिलो पटक उनलाई पिठ्युँबाट देखेका थिए। पिठ्युँको भागबाटै उनी आकर्षित भैसकेका थिए। गर्मीको मौसममा उनले सेतो फुल सर्ट, स्काइ ब्लु जिन्सको पाइन्ट र छालाको स्यान्डल लगाएकी थिइन्। उनको त्यो आकृति उनका आँखामा अझै पनि ताजै छ। दाँत केही बिग्रिएका भए पनि ती दाँत नै उनलाई सुन्दर लागे। पछि उनले प्रेमका कुरामा चासो दिन्नन् भन्ने थाहा भयो, तर आफ्नो साथीमार्फत विभिन्न बहाना बनाएर उनलाई प्रेमिका बनाइछोडे। अहिले उनी भविष्यकी अर्धांगिनी भएकी छिन्। जीवनमा साँचो प्रेम कस्तो हुन्छ भन्ने कुरा उनले अहिले बुझेका छन्। कुनै चीज एक पटक पाएर गुमाए त्यो फेरि पाउन विभिन्न सम्झौता गर्नुपर्छ। आफूले अब कुनै सम्झौता नगर्नुपर्ने गरी सन्तुष्टी पाएको अमितको अनुभव छ।

यी सबै छलफलबाट के निष्कर्षमा पुग्न सकिन्छ भने प्रेम एउटा अत्यावश्यक चीज हो, तर समय र परिस्थितिअनुसार यसको सदुपयोग गर्न सक्नुपर्छ। अहिले युवायुवतीमा प्रेमको अनुभव लिने चलन बढेको छ। प्रेमी-प्रेमिका नभए जीवन नै नीरस भएको अनुभव उनीहरू गर्न थालेका छन्। पश्चिमी शैली वा स्वतन्त्रताको अनुभवका कारणले पनि यसो भएको हुनसक्छ। सामाजिक-आर्थिक बाध्यता र अन्य विभिन्न कारणले प्रेम असफल भए उनीहरूमा निराशा पनि छाएको पाइन्छ। यसका कारण गलत बाटोमा लाग्ने सम्भावना पनि हुन्छ। यो कुरामा भने युवावर्ग सचेत हुनु आवश्यक छ। प्रेम गर्नु आफैंमा खराब नभए पनि यसलाई अपनाउँदा भने सबैले विचार गर्नुपर्ने आवश्यकता पनि छ।

# युगलजोडीहरूको रोजाइ हाइवे लभस्पट

शर्मिला लामा र वसन्त थापाको युगल-जोडी कहिलेकाहीं मोटरबाइकमा लङ ड्राइभ गरी पृथ्वीराजमार्गको मलेखु र कुरिनटारसम्म पुग्छन । उनीहरू राजमार्गसँग जोडिएका नदीकिनार छेउछाउका रमणीयस्थलहरूको भ्रमण गर्न र प्रेमालाप गर्दै समय बिताउन मन लाग्ने बताउँछन् । त्यस्तै माया तामाङ र दीपक श्रेष्ठ कहिले धुलिखेल त कहिले दोलालघाट हुँदै तातोपानीसम्म पुग्ने गरेका छन् । उनीहरू तातोपानी-खासासम्म मोटरबाइकमा दुई पटक पुगिसकेकाछन । शर्मिला लामा र वसन्त थापा तथा माया तामाङ र दीपक श्रेष्ठको युगलजोडीजस्ता थुप्रै प्रेमीप्रेमीकाका लागि राजमार्गसँग जोडिएका नदी किनारछेउका रमणीय स्थलहरू उपयुक्त लभस्पट बन्न पुगेका छन् ।

रमाइलो ठाउँको भ्रमणसँगै प्रेम गर्नुको मज्जा नै अर्कै हुन्छ, दीपक श्रेष्ठ अनुभव सुनाउँछन् । राजमार्गसँगै जोडिएर रहेका यस्ता रमणीय स्थलहरूमा घुमफिर गर्ने, सुरक्षित बसोवास गर्ने तथा मीठो खानपिनसँगै प्राकृतिक हरियाली र सम्पदाहरू दृश्यावलोकन गर्न पाइने हुनाले हाइवे रिसोर्ट, रेस्टुराँ तथा लजहरू आकर्षक स्थलमा परिणत भएका हुन् । रिभरसाइड स्प्रिङ रिसोर्ट कुरिनटारकी इन्दिरा लम्साल यो कुराको पुष्टि गर्दै दिनको कम्तीमा आठ-दस जोडी घुम्न, आराम गर्न र प्रेमालाप गर्न रिसोर्ट आउने गरेको बताउँछिन् ।

त्यसै पनि राजधानीका अधिकांश युगलजोडी बाहिरको लामो यात्रामा निस्कन मन पराउँदैनन् । उनीहरू राजधानीमै सीमित रहेर यहाँका पार्कहरूमा गएर डेटिङ गर्ने र क्याबिनमा बसेर प्रेमलापसंगै खुसुखुसु कुरा गर्न मन पराउँछन्, तर हिजोआज एकै दिनमा पुगेर फर्कन सकिने भ्रमण र अवलोकनसँगै प्रेमालापको आनन्द उठाउने युगलजोडीहरूका लागि राजधानीबाट नजिकै रहेका शान्त, रमणीय हाइवे स्पटहरू नयाँ गन्तव्यका रूपमा विकसित हुँदै गएका छन् ।

राजधानीबाट नजिकै रहेका पृथ्वी राजमार्गमा पर्ने मलेखु, कुरिनटार, मुगलिङ, अरनिको राजमार्गमा पर्ने दोलालघाट, खाडीचौर, बाह्रबीसे तातोपानी, काठमाडौं-हेटौंडा सडकखण्डमा पर्ने चोभार, दक्षिणकाली, कुलेखानी, त्रिशूली जाने बाटोमा पर्ने रानीवन र त्रिभुवनराजपथमा पर्ने दामन आदि स्थलहरू र त्यहाँ रहेका हाइवे रिसोर्ट, रेस्टुरेन्ट तथा लजहरू प्रेमी युगल जोडीहरूका सजिला स्थल बन्न पुगेका छन् ।

अझ यस्ता स्थानमा रहेका भ्यूपार्क, भ्यूटावर, रिसोर्टहरुमा युगलजोडी तथा युवायुवतीहरुलाई लक्ष्य गरेर बनाइएका स्वीमिङ पुल, तातोपानीमा नुहाउने सुविधा, दस जनादेखि दुई जना युगलजोडी मात्र बस्न मिल्ने क्याविनसहितको वातावरणीय झोपडी तथा त्यहाँका मीठा परिकार र लजहरू युगलजोडीका लागि महत्त्वपूर्ण आकर्षणमा पर्छन ।

नदी, ताल, दह, हरियाली जंगल, प्राचिन धार्मिक तथा तीर्थस्थललाई जोडदै गएका राजमार्गवरपरका यस्ता रमणीय स्थलहरुमा विविध सुविधासहितका रिसोर्ट, होटल लज, हाइवे रेस्टुरेन्ट, बार तथा क्याबिनहरू धमाधम खुल्दै छन् । नदीकिनार भएर जाने हाइवेका कुरिनटार, मलेखु, दोलालघाट, बाह्रबीसे, कुलेखानी, काठमाडौंको छेउछाउमा पर्ने रानीवन, टौदह, चोभारलगायतका स्थानमा यस्ता दर्जनौं रिसोर्ट, होटल लज, हाइवे रेस्टुरेन्ट, वार तथा क्याबिनहरू खुलेका छन् ।

त्यसमा पनि विविध आधुनिक र वातावरणीय सुविधा एवं स्वच्छ हराभरा वातावरणसहित पहाडका तरेली र नागबेली नदीहरूको दृश्यका साथै प्राकृतिक वनजंगलको हरियाली हेर्न पाइने भएकाले नदीकिनारमा रहेका रिसोर्ट, लज, वार र क्याविनहरु प्रेमीप्रेमीका लागि पहिलो रोजाइ बन्ने गरेको प्रवीण तुलाधर बताउँछन् । तुलाधर भन्छन्- राजधानीबाट तीनदेखि चार घन्टाको दूरीमा रहेका यी स्थलहरूमा स्थानीय उत्पादनमा अधारित मीठामीठा परिकारको स्वाद चाख्न एवं राति सुरक्षित रूपमा सुत्न र आराम समेत गर्न पाइने व्यवस्था भएकाले यी सुरक्षित डेटिङ स्थलका रूपमा देखा परेका हुन् ।

यद्यपी भोटेकोसी नदीकिनारमा रहेको द लास्ट रिसोर्टका प्रबन्धक प्रकाश प्रधानका अनुसार सबै युगल जोडीहरू एकै प्रकारका हुदैँनन् । प्रधानका अनुसार खासगरी दुई थरीका प्रेमीप्रेमिका राजमार्गका यस्ता स्थलहरूमा घुम्न आउने गरेका छन् । एक टिनएजर र अर्का परिपक्क युगलजोडी । साथै युवाहरूको समूह पनि घुम्न आउने गरेका पाइन्छन् । कहिलेकाहीं कोहि नक्कली प्रेमिकाका रूपमा भाडाका युवती साथमा लिएर यौनसम्पर्कका लागि मात्र पनि हाइवेस्थित यस्ता लज र रिसोर्टहरूमा पुग्छन् । परिपक्व देखिने युगलजोडी तथा समूह बनाएर आउने युवायुवतीहरू विभिन्न प्याकेज कार्यक्रम लिएर घुम्न आउँछन् भने टिनएजरहरूको त्यस्तो कुनै कार्यक्रम हुँदैन- रिभरसाईड रिसोर्ट तथा रिभरऱ्याटिङका लागि काठमाडौंमा योजना तर्जुमा गर्ने ठमेलका गणेश श्रेष्ठ बताउँछन् ।

त्रिशूली किनारस्थित माछाको मीठो परिकार पाइने मलेखुका स्थानीय बासिन्दाहरुका अनुसार टिनएजरजस्तो देखिने प्रेमीजोडीहरू लङ ड्राइभमा घुम्न आए पनि उनीहरू स्थानीय स्तरका साना पसलहरूमा पस्ने, खाने र हतार-हतार गरेर फर्कन्छन् भने अलि परिपक्व युगल जोडीहरू रिसोर्ट र लजहरूमा गएर व्यवस्थितसाथ बसोबास गर्ने र रात बिताएर फर्कने गरेका छन् ।

टौदहस्थित पलेंटी रिसोर्टका म्यानेजर रामबहादुर थापा सुरक्षा र विविध सुविधाका कारणले रिसोर्टमा आउने प्रेमी-प्रेमिकाको संख्या बढ्दै गएको बताउँछन्, तर कतिपय युगलजोडी व्यवस्थित रूपमा बसेर प्रेमालाप गर्ने र आनन्द लिनेभन्दा पनि हतार-हतार गरेर आउने र फर्कने गरेको पाइन्छ । यस्ता युगल जोडीहरू सडककिनारको झाडीमा ओत लागेर एक-आपसमा अँगालोमा बाँधिएर अंकमाल वा यौन क्रियाकलाप गरिरहेका देखिन्छन्– काठमाडौं-तातोपानी यातायात सेवामा काम गर्ने मोहन लामा बताउँछन् ।



टौदह-चोभारक्षेत्रमा दैनिक दर्जनौंको संख्यामा आउने युगलजोडीका यस्ता क्रियाकलाप कति देख्न पाइन्छ कति– चोभार ली भिलेज रिसोर्टका एक कर्मचारी बताउँछन् । यस्ता प्रेमीप्रेमीकाहरू अधिकांशतः टिनएजका हुने र मोटरसाइकल चढेर आउने गरेको उनले बताए । पलेटी रिसोर्टका राम थापा भन्छन्- परिपक्व युवायुवतीहरूको समूह र युगल जोडीहरू रिसोर्टमा बसेर मीठा परिकारको स्वाद लिई दिनभर आनन्द गरेर फर्कन्छन् भने टिनएजर युवायुवतीहरू बाटैमा बसेर प्रेमालाप र यौन क्रियाकलाप गरेर फर्कन्छन ।

अर्कातिर खर्च कम लाग्ने अनि एकैपटक रमाइलो यात्रासँगै तीर्थ यात्रा पनि गर्न पाइने भएकाले गोरखाको मनकामना, दक्षिणकाली फर्पिङ, धुलिखेल र सिन्धुपाल्चोकको तातोपानीआदि धार्मिक तथा पर्यटकीय स्थलहरू पनि युगल जोडीका आर्कषक गन्तव्य बनेका छन् । देउताले आफ्नो मनको इन्छा पूरा गरिदिन्छन् भनेर यस्ता स्थानमा युवायुवतीहरू मन्दिर घुम्ने उद्देश्यसँगै डेटिङमा पुग्ने गरेका हुन्छन् । आफ्नो मायालुसँग प्रेम गर्न वा मीठामीठा गफ गरेर समय बिताउन धेरै टाढा अथवा रिसोर्टजस्ता ठाउँमा पुग्नैपर्छ भन्ने छैन । आफ्नी प्रेमिकालाई घुमाउँदै कहिले रानीवन त कहिले चोभार पुग्ने सवीन महर्जन आफूलाई जहाँ सजिलो र रमाइलो लाग्छ त्यहीं जानुपर्छ भन्छन् ।

**–भोला**


# टार्गेट भेडेटार, पार्क र रेस्टुराँ

**राजु घिसिङ**

धरान- युगल जोडीहरू घुम्न वा डेटिङमा जाने स्थानका रूपमा भेडेटार परिचित छ । भ्यालेन्टाइन डेमा त भेडेटारमा भ्यालेन्टाइन जोडीहरूको घुइँचो हुने नै भयो । बिहानैदेखि जिरोप्वाइन्टमा बसेर हेर्ने हो भने पछिल्लो सिटमा युवती रखिएका सयौं मोटरसाइकल धरानबाट उकालो हुइँकिरहेका भेटिन्छन् । ब्वाई फ्रेन्डलाई पछिल्लो सिटमा राखेर मोटरसाइकल हुइँकाउने युवतीहरू पनि धरानमा नभएका होइनन् ।

गर्ल फ्रेन्डसँग यसपालिको भ्यालेन्टाइन डे भेडेटारमा मनाउने मुडमा छन् मंगलबारेका सौरभ राई । केही जोडी मात्र होइन, यसपालि शान्ति भएकाले पनि भ्यालेन्टाइन जोडीको संख्या भेडेटारमा हजार पुग्ने होटल भेडेटार भ्यूका मिलन थापा बताउँछन् । प्रेम उत्सवसरह नै भेडेटारमा जोडीहरूको लस्कर लाग्ने गरेको उनले बताए । थापा भन्छन्- 'धेरै जोडी मोटरसाइकलमै आउँछन् ।' भ्यान रिजर्भ गरेर तथा बस चढेर भेडेटार पुग्नेहरूको संख्या पनि थोरै हुँदैन । जोडी मात्र होइन, पुरुष-पुरुषको हूलमा तथा महिला-महिलाको समूहमा भ्यालेन्टाइन डे मनाउन भेडेटार पुग्नेहरूको संख्या पनि धेरै नै हुन्छन् ।

आखिर भेडेटार नै किन ? जनपथका कैलाश भन्छन्- 'विश्वै तेस्रो र चौथो अग्ला हिमशिखरद्वय क्रमशः कञ्चनजंघा र मकालु हेर्न सकिन्छ । हिमाली र पहाडी दृश्य मात्र होइन, सरर बहने चिसो हावामा कुहिरोसँग लुकामारी खेल्दै सप्तकोसीका तराई फाँट पनि यहींबाट देखिन्छ ।' साँझपख गोधूलिको रोमाञ्चक दृश्य चिहाउन, लालीगुराँसको कोपिला वरिपरि छरिएका भ्यालेन्टाइन जोडी हेर्न पनि भेडेटार नै पुग्नुपर्छ ।



धरानबाट १६ किलोमिटर उत्तरमा रहेको भेडेटारको चिसो मौसम अनुभव गर्न धेरै धराने र त्यसपछि विराटनगर, उर्लाबारी, पथरी, बेलबारी, इनरुवा, रंगेली, इटहरी, तरहरा, दमक, बिर्तामोड, काँकडभिट्टा र भद्रपुरका आन्तरिक एवं सीमावर्ती भारतीय क्षेत्रका पर्यटकहरूको यहाँ घुइँचो लाग्ने गरेको छ । समुद्री सतहदेखी १ हजार ४ सय ३० मिटरको उचाइमा भेडेटार सुनसरी र धनकुटा जिल्लाको संगम स्थल हो । छिनछिनमै परिवर्तन भैरहने मौसमले पनि भ्यालेन्टाइन जोडीहरू भेडेटारतर्फ आकर्षित भएका हुन् । वि.सं. २०४० सालमा बेलायतका युवराज चार्ल्स चढेको स्मरणमा ६ वर्षअघि निर्मित ३० फिट अग्लो चार्ल्स टावर चढ्ने भ्यालेन्टाइन जोडीको लस्कर नै लाग्ने गरेको छ ।

भेडेटार मात्र नभै भ्यालेन्टाइन डेमा भ्यालेन्टाइन जोडी तथा युवा-युवतीहरूको बाक्लो उपस्थिति दार्जीलिङ, कर्स्याङ र सिलीगुढी हेर्दै चियाबारीमा लुकामारी खेल्न इलामको कन्याम, माई खोलाको चिसो पानीमा डुबुल्की मार्न झापाको दोमुखा, कोसीटप्पु अनि धरानकै यलम्बर पार्क, हरियाली वन, सप्तरंगी पार्कमा पनि देखिन्छ । हरिण, गिनी पिग, मयूर आदि चराचुरुङ्गी र जंगली जनावरसँग खेल्न र जिस्किन पाइने भएकाले यलम्बर पार्क र हरियाली वनतर्फ भ्यालेन्टाइन जोडीहरू आकर्षित भएका हुन् । यतिसम्म कि ढिलो पुग्नेले सानो स्थान पनि नपाउने सम्भावना हुन्छ । जनसंख्याको चाप बढ्दै गएकाले भ्यालेन्टाइन जोडीहरू एकान्त स्थलको खोजीमा नयाँ-नयाँ स्थान बूढासुब्बा क्षेत्र र पञ्चकन्या जंगल, सेउती र सर्दू खोलाको किनारसम्म पनि पुग्छन् ।


रेस्टुराँहरूमा पनि भ्यालेन्टाइन-डेमा चहलपहल बढ्छ । भ्यालेन्टाइन-डे मनाउनेहरूलाई आकर्षित गर्न आन्तरिक डेकोरेसनमा व्यस्त केही रेस्टुराँले सांगीतिक तथा सांस्कृतिक कार्यक्रम नै आयोजना गर्दै आएका छन् । स्थानीय दिव्यदृष्टि तथा उपासक ब्यान्डका कलाकारहरूले पुतली लाइनस्थित नयुम्मा रेस्टुराँमा यसपालि क्यान्डल लाइट डिनरसँगै कन्सर्ट गर्दैछन् । दिव्यदृष्टिका ड्रमर विजय लिम्बू भन्छन्- 'मुख्यतः भ्यालेन्टाइन जोडीका निम्ति हामी लाइभ कन्सर्टमा अंग्रेजी, पाकिस्तानी तथा नेपाली लभ सङ प्रस्तुत गर्नेछौं ।' भ्यालेन्टाइन डेका अवसरमा धरानमा दुई डान्स पार्टी पनि बिहीबार नै आयोजना गरिँदैछ ।

# प्रेमी-प्रेमिकाको पहिलो रोजाइ फूलबारी

बुटवल– 'म त गर्लफ्रेन्डलाई भेट्नुपऱ्यो भने फूलबारी नै रोज्छु'- नजिकिँदै गरेको भ्यालेन्टाइन डेतर्फ इंगित गर्दै बुटवल ट्राफिकचोकका १९ वर्षीय रविन श्रेष्ठ भन्छन्- यहाँको वातावरण शान्त, एकान्त र रमणीय छ ।' रविनजस्तै बुटवलकी सञ्जु थापा पनि आफ्नो ब्वाइफ्रेन्ड भेट्नुपऱ्यो भने फूलबारीलाई नै उपयुक्त मान्छिन् । थापा भन्छिन्- 'नजिक, पुग्न पनि सजिलो अनि यहाँको रमणीयता र एकान्तपनले मुड नै रोमान्टिक बनाइदिन्छ ।'

एक दशकअघिसम्म जोगीहरूको अखडा रहेको बुटवल नगरपालिका वडा नं ४ पाखापानी जंगलक्षेत्रको ऐतिहासिक स्थललाई बुटवल नगरपालिकाले २०५६ सालदेखि मणिमुकुन्दसेन उद्यान नामकरण गरी पर्यटकीय थलोका रूपमा विकास गरेपछि यो ठाउँ अहिले प्रेमि-प्रेमिकाको लभ डेस्टिनेसनको पहिलो रोजाइ बनेको छ । झन्डै १० बिघा क्षेत्रफलमा रहेको फूलबारीमा प्रेमी-प्रेमिकाहरूलाई घुम्न, टहलिन र माया साटासाट गर्दै समय काट्नका लागि उपयुक्त वातावरण छ ।

बुटवल बजार र महेन्द्र राजमार्गसँगै जोडिएको फूलबारी गेटसम्मै पक्की बाटो बनेकाले सबैखाले सवारीसाधन सजिलैसँग पुग्छन् । प्रतिव्यक्ति ७ रुपैयाँको टिकट काटेर प्रवेश गर्नेबित्तिकै फूलबारीमा प्रेमको प्रतीक गुलाबसहित ४० भन्दा धेरै प्रजातिका फूल ढकमक्क फूलेको देख्दा प्रेमी-प्रेमिकाको मन त्यसै रोमान्टिक बन्न थाल्छ ।




कलकल बग्ने कृत्रिम झरना, मत्स्यपालन पोखरी, गोमुखी धारा, नरिवल, क्रिसमस रूखहरूको हराभरामा उत्तिकै रमाउन सकिन्छ । यस्तै पाल्पाली राजा मणिमुकुन्दसेनको शीतकालीन दरबारको भग्नावशेषसँगै सहिद स्मारक तथा मणिमुकुन्द, बुद्ध, मदन-आश्रित र मनमोहन वाटिका, चिडिया घरका मृग, हुंडार, अजिंगर, नीलगाई, मयूर आदिलाई हेर्दै जाँदा समय कटेको पत्तै हुँदैन । यहाँको पिङमा मच्चिएर प्रेमी-प्रेमिकाले आफूहरूबीचको सामीप्यतालाई अझ बढाउन पाउँछन् भने भ्यू टावरबाट बुटवल सहरको पूरै दृश्यावलोकन गर्न सकिन्छ । यहाँको कटेज रेस्टुराँमा बसेर प्रेमी-प्रेमिकाले चाहेको परिकार, आइसक्रिम, फलफूल र पेय पदार्थहरू खान पाउँछन् ।

फूलबारीमा शिव र गणेशका मन्दिर तथा विभिन्न देवालयहरू पनि रहेकाले प्रेमी-प्रेमिकाले आफ्नो प्रेमको सफलताको कामना पनि गर्न पाउँछन् । औसतमा दैनिक १० जोडी आउने फूलबारीमा भ्यालेन्टाइन डे, नयाँ वर्षजस्ता विशेष अवसरहरूमा हजारको हाराहारीमा प्रेमी-प्रेमिका आउने गरेको कर्मचारी बलराम पौडेल बताउँछन् । फूलबारीपछि बुटवलको हिलपार्क पनि प्रेमी-प्रेमिकाको अर्को लभ डेस्टिनेसन हो । महेन्द्र राजमार्गबाट करिब एक किलोमिटर उत्तरमा रहेको हिलपार्कसम्म निजी वा भाडाको जुनसुकै सवारीसाधनबाट पुग्न सकिन्छ ।

**–टोपराज शर्मा**

# प्रेम जोडीका लागि सुरक्षित पार्कहरू



**कमल रिमाल**

विराटनगर- अर्कै उद्देश्यले निर्माण गरिए पनि विराटनगर र आसपासका पार्कहरू अहिले प्रेमजोडीका लागि मात्रै उपयुक्त ठाउँ भएका छन्। व्यस्त सहरियाका लागि रमणीय ठाउँमा बसेर एकैछिन भएपनि स्वर्गीय आनन्दमा थकान मार्न बनाइएका पार्कहरूलाई युवा जोडीले मात्रै सदुपयोग गरेका छन्। एकान्त खोज्दै पार्क धाउने प्रेमी प्रेमिकाका लागि प्रेमदिवसलाई लक्षित गरेर ती पार्कका सञ्चालकहरूले भ्यालेन्टाइन डेका दिन स्पेशल कार्यक्रमहरू पनि राखेका छन्।

विराटनगरको पुरानो र चर्चित पोकेमन पार्कमा दैनिकजसो १ सय ५० भन्दा बढी जोडी युवायुवती एकान्तमा बसेर प्रेम साट्न आउँछन्। पार्क हेर्नका लागि आउने जो-कोही त्यहाँ भित्र प्रेमालापमा व्यस्त जोडीलाई देखेर छक्क पर्छन्। प्रेम जोडीकै लागि भनेर पार्कले स-साना कटेजहरू बनाइदिएको छ। प्रवेशद्वारमै पानीको फोहरा र हरिणले स्वागत गर्ने पार्कभित्रको अर्को आकर्षण भनेको ठूलो कृत्रिम भ्यागुतो हो। सानो तलाउभित्र माछाहरू खेलिरहेका हुन्छन् भने त्यसमाथि बसेको ठूलो भ्यागुतोले सिंगै पार्कको निगरानी गरेजस्तो देखिन्छ।

पोकेमन पार्कभित्रको रेस्टुराँले हरेक प्रकारका खाद्यवस्तु उपलब्ध गराउँछ। पार्कको वरिपरि बगैंचाभित्र र रूखमाथि निर्माण गरिएका कटेजमा बस्न प्रेमजोडीले प्रतिघण्टा २० रुपैयाँ तिर्नुपर्ने हुन्छ। आफ्नो मन परेको साथीसँग यसरी कटेजभित्र कसैले नदेख्ने र बाधा नपुर्‍याउने गरी बस्न पाउने हुँदा प्रेम जोडीहरूले घण्टौं त्यहीं बिताउने गरेका छन्।

पार्कभित्रको स्विमिङ पुलमा पौडीसमेत सिकाउने बिन्दु लामाले दिनभरि पार्कमा रमाउने जोडीलाई साँझ गजलमा रमाउनेसमेत व्यवस्था गरिएको बताए। पार्कसँगै जोडिएको ठूलो पोखरीमा डुङ्गामा चढेर रमाउनेहरू पनि उत्तिकै हुन्छन्।

पोकेमन पार्कमा भ्यालेन्टाइन डेकै दिन प्रेमजोडीलाई लक्षित गरी डान्स पार्टीको आयोजना गर्न लागेको बताउने निर्मल पाण्डे डान्समा सहभागी हुनेलाई सकेसम्म आफ्नै जोडीसँग नाच्न लगाउने बताउँछन्। त्यसका लागि उनले दुई साता अघिदेखि नै प्रेमजोडीहरूको खोजी गरी आमन्त्रण गर्दै आएका छन्। पोकेमन पार्क नजिकै हालसालै खुलेको हरियाली पार्क पनि अहिले प्रेमजोडीका लागि चर्चित बन्दै गएको छ। हरियाली पार्कमा कार्यरत रीना श्रेष्ठ यहाँको अकर्षक फूलबारी, खेल्ने र रमाउने एकान्त ठाउँ भएकाले प्रेमजोडीहरू आउने गरेको बताउँछिन्। पार्कका संचालक बब्लु अन्सारी भने बालबालिकालाई लक्षित गरेर पार्क निर्माण गरिए पनि यहाँ युवाहरूको आकर्षण बढी भएको बताउँछन्।

विराटनगरको अर्को चर्चित पार्क विराट पुष्प वाटिका (एक्वा पार्क) ले भने अहिले प्रेमजोडीका लागि प्रतिबन्ध लगाएको छ। सहरिया युवायुवती दिनभरि प्रेमालाप गरेर बसेको छिमेकीहरूबाट गुनासो आउन थालेपछि केटा र केटी दुई जना मात्रै आउनेलाई प्रतिबन्ध लगाइएको पार्क सञ्चालक तथा समाजसेवी तोरेन्द्रमानसिंह प्रधानले बताए। प्रधानका अनुसार, रमणीय स्थानका रूपमा निर्माण गरेर यहाँभित्र छुट्टै आनन्द लिन चाहनेहरूका लागि लक्षित गरेर बनाइएको भए पनि युवायुवतीले विकृति फैल्याउने देखेर यसरी प्रतिबन्ध लगाइएको हो। पार्कभित्र श्रीखण्ड, रक्तचन्दन, रुद्राक्ष, मङ्कीपल्सजस्ता धेरै प्रजातिका बोटबिरुवा छन्। त्यहाँ जोडीका लागि मात्रै बस्न बनाइएका ठाउँहरू पनि छन्। केही पहिलेसम्म बगैंचाभित्रको कुनामा धेरै जोडीहरू माया साटासाट गरिरहेको देखिन्थ्यो। यसअघि अनुगमन समिति, प्रहरी र माओवादीले समेत पुष्पवाटिका भित्र पसेर प्रेम जोडीहरूलाई धपाइसकेको छ।

विराटनगरभित्रको हृदयन्द्र बाल उद्यान केन्द्र भने प्रयोगमा आउन सकेको छैन। विराटनगर बजारबाट तीन किलोमिटर पूर्व कटहरीस्थित पुरानो पार्क गोपाल गार्डेन पनि एकान्त चाहनेहरूका लागि उत्तिकै उपर्युक्त छ। पार्कको बीचमा रहेको पोखरीमा डुङ्गामा चढेर रमाउनेहरू प्रशस्तै छन्। विराटनगर बजार आसपासमै पार्कहरू बन्न थालेपछि गोपाल गार्डेनमा पहिले जति घुइँचो लाग्दैन। त्यस नजिकै रहेको सम्झना गार्डेन पनि अहिले मायालु जोडीहरूका लागि सुरक्षित ठाउँ भएको छ। यो फूल बगैंचा भित्रका कुनाहरूमा युवायुवती बसिरहेका भेटिन्छन्। विराटनगरबाट ७ किलोमिटर पश्चिममा बनाइएको शान्ति वन पनि अहिले वनभोज खान जाने र प्रेमीकालाई घुमाउन जाने ठाउँका रूपमा चर्चित भएको छ। शान्ति वनलाई वरिपरि बनाइएको चौडा कुलोले घेरेको छ। कुलोभित्र डुङ्गा शयर गराइन्छ भने त्यसभित्रको पार्कमा रमाउनेहरू प्रशस्तै हुन्छन्।

प्रेमदिवसकै नामबाट विराटनगरमा खुलेको भ्यालेन्टाइन बेकरी क्याफेले हरेक वर्ष भ्यालेन्टाइन स्पेसल भनेर खास कार्यक्रम राख्दै आएको छ। क्याफेसँगै रहेको होटल नमस्कारमा भ्यालेन्टाइन डेका दिन डान्सपार्टी राखिएकाले यस वर्ष जोडीहरू डान्स तर्फनै आकर्षित हुने पक्का छ। त्यसबाहेक नयाँ वर्ष र भ्यालेन्टाइन डेका दिन विराटनगरका होटलहरूले प्रेमजोडीहरूलाई आकर्षित गर्न खाद्य परिकारहरूमा छुट दिने गरेका छन्।

# पोखरामा लभ पार्क र रोमान्स स्थल



**शिव शर्मा**

पोखरा- प्रेमदिवस अर्थात् भ्यालेन्टाइन डे आएपछि गायक सोभित बस्याललाई जोडीको अभाव खड्किन्छ। बस्याल भन्छन्- भनेजस्तो जोडी मिले पो भ्यालेन्टाइन डेको अर्थ रहन्छ। यसपालि पनि भ्यालेन्टाइन रित्तै हुने उनी बताउँदै थिए। जब-जब भ्यालेन्टाइन डे नजिकिँदै जान्छ पोखरामा, स्थानीय मात्र हैनन्, बाहिरबाट आउने प्रेमजोडीहरूको चहलपहल भेट्न सकिन्छ। त्यसो त प्रेमजोडीहरूका लागि माया साटासाट गर्ने स्थानहरू पनि यहाँ पर्याप्त छन्।

केवल भ्यालेन्टाइन डेमा मात्र होइनन्, अरू जुनसुकै बेला पनि ती स्थानमा युवायुवतीहरूको झुन्ड बाक्लै पाउन सकिन्छ। डेटिङ अनि रोमान्सका लागि यहाँका युवायुवतीहरूलाई कुनै बार र समय पर्खिरहनुपर्दैन, तर पनि भ्यालेन्टाईन डे सुरु भएपछि भने युगल जोडीहरूको संख्या पनि उत्तिकै मात्रामा बढ्ने गरेको छ।

पोखरामा युवायुवतीहरूको प्रेम अंकुरणदेखि प्रेमालाप गर्ने उपयुक्त स्थल भएकाले होला, त्यसको नाम नै लभ्ली हिल नामकरण भएको छ। त्यसो त लभ्लीहिलमा बाह्रैमास युवायुवतीहरूको आलिङ्गन र चुम्बनको वर्षा छरपस्ट देखिन्छ। कतिपय त चियोचर्चा गर्नका लागि पनि लभ्लीहिल गएर आफ्ना साथीसंगीको प्रेमालापको रहस्य पत्ता लगाउँछन्। पोखराको सिरान बाग्लुङ बसपार्कबाट दस मिनेट लाग्छ यो ठाउँमा पुग्न। मूल सडकभन्दा केही माथि मोटरसाइकलमा सहजै पुग्न सकिन्छ यो ठाउँ। प्रेमजोडीहरूका लागि मात्र होइन, पर्यटकहरूका लागि पनि साँच्चैकै लोभलाग्दो र सुन्दर छ यो पहाडी टाकुरा। पोखरेली टिनएर्जसहरू 'लभ्ली डाँडा'को नाम सुन्नेबित्तिकै कान ठाडो बनाउँछन्। आफ्ना प्रेमीका लिएर लभ्ली डाँडो नजाने प्रेमीहरू यहाँ विरलै छन्। लभपार्कका रूपमा विकसित भएको यो ठाउँको आसपासमा रेस्टुराँहरू पनि खुलेका छन्। रेस्टुराँबाट खानेकुरा लगेर प्रेम रोमान्समा मदमस्त हुने जोडीहरू देखेर कत्तिले जिब्रो पनि टोक्छन्।

यस्तै रोमान्स र लभ पार्कका लागि फेवाताल माथिको रानीवन पनि त्यत्तिकै लोकप्रिय मानिन्छ। भ्यालेन्टाइन डे नजिकिँदा यहाँ बेला प्रेमजोडीहरूको लावालस्कर लाग्छ। मनोरम वातावरण र एकान्त स्थल भएकाले पनि युवायुवतीहरूले रानीवनलाई रोमान्स स्थलका रूपमा लिएका छन्। यहाँ पुग्न फेवातालको डुङ्गा शयर गरेर गए पनि हुन्छ नत्र छोरपाटनबाट १५ मिनेटको पैदल यात्रामा रानीवन पुग्न सकिन्छ। भ्यालेन्टाइन जोडीहरूका लागि त रानीवन स्वर्णिम स्थल नै बनिरहेको छ। डुङ्गा पार गरेर रानीवन जाने तयारमा जुटिरहेका एक युगल जोडीसँग जिज्ञासा राख्न खोज्दा उनीहरूले भने- 'एक वर्षअघि हाम्रो प्रेम यहीं बीजारोपण भएको हो, हाम्रो भ्यालेन्टाइन डे पनि यहीं बित्नेछ।' युवायुवतीका लागि प्रेम र रोमान्सका लागि फेवाताल पारिको पामे शान्तिस्तूपा अनि फेवाताल पनि त्यत्तिकै महत्त्वपूर्ण छ।

प्रेम-प्रेमिकाहरू भ्यालेन्टाइन डेका दिन फेवातालमा रोमान्सको मज्जा लिन हिचकिचाउँदैनन्। भ्यालेन्टाइनको मौसममा प्रेमजोडीहरूको तालमा बाक्लो रोमान्स सहजै देख्न सकिन्छ। बसोबासका लागि आकर्षक होटलको सुविधा रहेकाले पनि फेवाताल आसपासको क्षेत्र डेटिङ अनि रोमान्सका लागि युवायुवतीहरूका लागि सजिलो बनेको छ। लभपार्क भनेर नाम नै किटान नभए पनि यहाँ युवायुवतिहरू रोमान्सका लागि भुल्ने पर्याप्त स्थान छन्। पोखरासँगै जोडिएको लेखनाथ नगरपालिकामा अवस्थित बेगनास ताल पनि युवायुवतीहरूको रोमान्सको नौलो थलो बन्दै गएको छ। त्यही भएर पनि बेगनासताललाई हनिमुन लेक पनि भनिन्छ। पोखराबाट सीधै नगरबसमा वेगनास ताल पुग्न सकिन्छ। तालवरिपरि रहेको खुल्ला स्थलमा युगलजोडीहरू आलिंगनमा बाँधिएर एक-आपसमा प्रेम साटासाट गर्छन्। रामघाट सेतीको डिल, सराङकोट, बसुन्धरापार्क तथा विभिन्न होटल रेस्टुराँहरूलाई प्रेमजोडीहरूले रोमान्स स्थलका रूपमा छान्ने गरेका छन्।

# इलामका लभस्पट

**शिव मुखिया**

इलाम- प्रेम जोडीका निम्ति इलामको कन्याम चियाबगान पहिलो रोजाइ हो । पहाडी सतहसँगै मिलेको हरिया चियाबगान, त्यहाँबाट देखिने हिमश्रृंखलाको दृश्य र बगानको छाती चिरेर नागबेली आकारमा लमतन्न परेको मेची राजमार्ग। यही हो कन्याम चियाबगान जहाँ तपाईं उन्मुक्त भएर आफ्नो प्रेमजोडीका साथ घण्टौं बितेको पत्तै पाउनुहुन्न। हरबखत बहने सिरेटो र हावाको वेगलाई रोक्न तैनाथ सल्लाको बोटले पनि यहाँको प्राकृतिक सौन्दर्यसँगै मितेरी गाँसेको हुन्छ। यही सुन्दर स्थलमा प्रेमजोडीलाई लक्षित गरेर बनाइएका लभपार्कहरूले सुनमा सुगन्ध थपेका छन्। बगानको उच्च भागमा आफ्ना प्रेमी-प्रेमिकाका साथ साँझको सूर्यास्त नियाल्दै प्रेम साट्न पाउँदा अपूर्व आनन्दको अनुभूति गर्न सकिन्छ।



कन्याम पुग्नका लागि काठमाडौंबाट सोझै बससेवा सञ्चालनमा छ। करिब १६ घण्टाको बसयात्रा तय गरेपछि काठमाडौंबाट बिर्तामोड हुँदै कन्याम चिया बगान पुग्न सकिन्छ। हवाईमार्ग हुँदै आउनेहरूका लागि चन्द्रगढीको भद्रपुर एयरपोर्ट ओर्लेर यो बगान पुग्न सकिन्छ। बगानसँगै जोडिएको फिक्कल बजारमा सुविधा सम्पन्न होटल-लजहरूको व्यवस्था भएकाले खाने-बस्ने समस्या बेहोर्नुपर्दैन। त्यसो त राम्रो गाँसबासका लागि दार्जीलिङ र इलामको सीमावर्ती बजार पशुपतिनगर पुग्न पनि धेरै समय लाग्दैन।

कन्यामलाई छाडेर इलाम सदारमुकाम हुँदै उत्तरतर्फ लाग्ने हो भने पनि प्रेमजोडीका लागि उपयुक्त गन्तव्य फेला पर्छ। इलाम सदारमुकामबाट करिब १४ किलोमिटरको कच्ची मोटरबाटो छिचोलेपछि पुगिने यो स्थल पनि कम आकर्षक छैन। सुगन्धित र फूल फुल्ने प्रजातिको वनस्पतिले ढाकेको घना जंगल, मध्यभागमा २ हेक्टर क्षेत्रफलमा फैलिएको पोखरी, ठाउँ-ठाउँमा मठ-मन्दिर र पाटीपौवा, पोखरीलाई घेराबन्दी गरेको सानो पैदल बाटो, अनि पानीमा डुबुल्की मारिरहेको रंग-बिरंगी माछा र आसपासमा लुकामारी खेलीरहेका चराचुरुङ्गी। आहा! यस्तो ठाउँमा उन्मुक्त भएर प्रेम साट्न को पो नचाहला र? त्यसो भए आउनुहोस् माईपोखरी।

धार्मिक आस्थाको धरोहर भएकाले पनि माईपोखरी प्रेमजोडीलाई आकर्षित थलो बनेको हो। यहाँको पानीमा हात डुबाएर जीवनभर नछुट्टिने कसम खाए आफ्नो मनोकामना पूरा हुने विश्वासले पनि यो स्थानलाई उपयुक्त लभपार्कका रूपमा लिइन्छ। परापूर्व कालमा शिव-पार्वतीको क्रीडास्थलका रूपमा रहेको माईपोखरीमा प्रेम साट्न आउनेहरूले खल्लोपन महसुस गर्नेछैनन्। पोखरीको डिलैमा रहेका सुन्दर फूल बगैंचा, घना जंगलको बी-बीचमा बनेको टहरा, गेस्ट हाउस, सुनाखरीले ढकमक्क ग्रीन हाउस, काठको पुल र पश्चिमी भेगमा बनेको कृत्रिम पोखरीले माईपोखरीलाई उपयुक्त गन्तव्य बनाएको छ।

यहाँ खान र बस्नका लागि सामान्य होटल-लजहरू उपलब्ध छन्। देउराली बजार नजिक भएकाले खान-बस्न कुनै समस्या छैन। यहाँसम्म पुग्न बिर्तामोडबाट दैनिक बस सेवा सञ्चालनमा छन् भने इलामबजारबाट पनि ट्याक्सीमा हुइँकिँदै माईपोखरी पुग्न सकिन्छ। पैदलयात्राको मज्जा अझ अविस्मरणीय बन्न सक्छ। इलामबजारबाट उक्लिएपछि भेटिने चियाबगान, फूलै फूलले सजिएका स-साना बस्तीहरूका कारण पैदलयात्रा आफैंमा रोमाञ्चक हुन्छ।

# आई लभ यु भन्दा ध्यान दिनुपर्छ



**हामीलाई** थाहा हुँदैन कुन समयमा, कहिले र कोसँग प्रेम हुन पुग्छ। सुरुमा कोही हाम्रो आँखालाई राम्रो लाग्छ, त्यसपछि उसले विस्तारै हाम्रो मनमा स्थान बनाउँदै जान्छ। त्यसपछि सुरु हुन्छ स्वयं आफूसँग युद्ध, भन्नुको अर्थ जब हामीलाई कोही मन पर्न थाल्छ, कसैसँग प्रेम हुन्छ तब कसरी प्रेमप्रस्ताव राख्ने ? कसरी आफ्नो मनको कुरा व्यक्त गर्ने ? भन्ने कुराले कैयौं दिन, कैयौं महिना सताइरहन्छ। आफूभित्र संघर्षको सुरुवात हुन्छ तर प्रेमप्रस्ताव राख्न गाह्रो परिरहेको हुन्छ।

**यस्तो हुनुको कारण**

कपल काउन्सिलरहरूका अनुसार अधिकांश व्यक्तिलाई आफूले चाहेको व्यक्तिलाई 'म तिमीलाई माया गर्छु' अथवा 'आई लभ यु' भन्न असहज हुनुको कारण आफ्नो प्रेमप्रस्ताव अस्वीकार होला कि भन्ने डरले गर्दा हो त्यसैले यस्तो नकारात्मक सोच भएका व्यक्ति प्रायः महिनौंसम्म प्रेम प्रस्ताव राख्न सक्दैनन्।

-आफ्नो पार्टनरलाई आफूभन्दा श्रेष्ठ सम्झनु पनि यसको एउटा कारण हो।

-केही व्यक्ति हीन भावनाको शिकार हुन्छन्। यस्ता व्यक्तिले आफूमा भएका खुवीहरू देख्दैनन्। उनीहरूलाई आफूलाई कसैले माया गर्दैनन्, मन पराउँदैनन् भन्ने अनुभूति हुनाले कसैलाई आइ लभ यु भन्ने हिम्मत गर्दैनन्।

-आइ लभ यु कसरी भन्ने कुरा सोचेर नै कतिपय युवाले आफ्नो धेरै समय त्यसै खेर फ्याँक्छन्।

-कतिपय व्यक्ति महिनौंसम्म मौकाको खोजीमा हुन्छन्।

-धेरैजसो युवाको स्वभाव केयरिङ हुन्छ जसका कारण प्रेमप्रस्ताव राख्नुअघि उनीहरू आफूले मन पराएको साथीको भावना राम्रोसँग बुझ्न चाहन्छन्।

**आइ लभ युभित्र लुकेका भावनाहरू**

रिलेसनसिप एडवाइजरहरूका अनुसार प्रेम, प्रेम गर्नु मात्र नभएर आफ्ना प्रेमी-प्रेमिकालाई जीवनभरका लागि आफ्नो बनाउने चाहना राख्नु पनि हो। यो शब्द व्यक्तिको



भावनाको प्रतीक हो। जब कुनै युवाले अफ्नो साथीलाई आई लभ यु भन्छन् त्यसको सोझो अर्थ उनले आफ्ना साथीलाई लामो रोमान्टिक रिलेसनसिपका लागि निमन्त्रणा दिएको भन्ने बुझिन्छ।


**आइ लभ यु कसरी भन्ने**

- आइ लभ यु भन्नुअघि आफ्ना बारेमा सोच्नुपर्छ। के तपाई वास्तवमै ऊसँग प्रेम गर्नुहुन्छ ? कतै यो केवल विपरीत लिङ्गीप्रतिको आकर्षण मात्र त होइन ?
- के तपाईं आफूले चाहेका व्यक्तिको समस्त कमी-कमजोरीहरूका साथ उसलाई अपनाउन सक्नुहुन्छ ?
- के तपाईं ऊसँग एउटा लामो रिलेसनसिपका लागि तयार हुनुहुन्छ ?
- के उसले तपाईंको भावनालाई बुझ्छ ?
- यी प्रश्नहरूको उत्तर थाहा पाएपछि आईलभयु भन्न सजिलो हुन्छ।

**निम्न कुराहरूमा ध्यान दिनुहोस :**

- जब तपाईं आफूले चाहेका व्यक्तिसामु प्रेमप्रस्ताव राख्नुहुन्छ त्यतिबेला सोझै प्रेमप्रस्ताव राख्नुहोस्,






कुरा घुमाएर गर्नाले कन्फ्युजनको स्थिति उत्पन्न हुन्छ।
- प्रेम प्रस्ताव राख्न धेरै समय लगाउनुहुँदैन, यसो गर्दा पछि पछुताउनु पर्छ।
- बुके, सुन्दर उपहार तथा ग्रिटिङ कार्ड इत्यादिका साथमा प्रेमप्रस्ताव राख्नाले सम्बन्धित व्यक्तिमा राम्रो इम्प्रेसन पर्छ।
- फोन अथवा म्यासेजको माध्यमबाट प्रेमप्रस्ताव राख्नुहुँदैन। आफूले चाहेको व्यक्तिसमक्ष प्रत्यक्ष प्रेमप्रस्ताव राख्नुपर्छ।
- तपाईंले सोचेझैं तपाईंको प्रेमीले पनि सोच्छ भन्ने छैन त्यसैले आफ्नो प्रेमीलाई सबै कुरा सम्झाएर भन्नुपर्छ।
- रिजेक्सनको भय मनबाट हटाएर कन्डिफेन्सका साथ आइ लभ यु भन्नुपर्छ।
- आफूले चाहेको व्यक्ति कुनै समस्यामा परेको छ भने त्यो प्रेमप्रस्ताव राख्ने ठीक समय होइन। यतिबेला तपाईंले उसलाई साथ दिएर प्रेम दर्शाउनुपर्छ। ठीक समय आएपछि आफ्नो भावना व्यक्त गर्न सकिन्छ।
- यदि साथीले सोच्ने समय मागेको खण्डमा हुन्छ भनिदिनुपर्छ। किनभने हतारिंदा स्थिति बिग्रन सक्छ।
- यदि प्रेमप्रस्तावमा नो, नाइ भन्ने जवाफ पाउनुभयो भने त्यसलाई मनमा लिनु हुँदैन।
- हरेक व्यक्तिको आ-आफ्नो इच्छा हुन्छ। के थाहा ? कहाँ, कहिले उसले पनि तपाईंलाई मनपराउन थाल्छ ?

आफ्नो एकतर्फी प्रेम लिएर एकलकाटे जिन्दगी जिउनुभन्दा एउटा नयाँ तरिकाले जीवन जिउनुपर्छ। केही व्यक्ति आफूले चाहेको व्यक्तिले उसको प्रेमप्रस्ताव अस्वीकार गर्दा इमोसनल ब्ल्याकमेल गर्छन् तर त्यसो गर्नुहुँदैन। यदि साथीले आफ्नो इमोसनको कदर गरेर तपाईंको प्रेमप्रस्ताव स्वीकार गरिहाले पनि यस्तो सम्बन्ध धेरै दिन टिक्दैन। किनभने जबरजस्ती बनाएको सम्बन्धमा स्थायित्व हुँदैन। अरूलाई आफूसँग प्रेम गर्नका लागि कसरी विवश गर्न सकिन्छ ?

**–अरुणा भट्टराई**

# किन डराउँछन् युवाहरू प्रेमप्रस्ताव राख्न




**अगुल्टाले** हानेको कुकुर बिजुली चम्कँदा पनि डराउँछ भनेझैं स्नातक दोस्रो वर्ष अध्ययनरत अशोक शर्मा मन परेकी केटीलाई प्रेमप्रस्ताव राख्न साह्रै डराउँछन्। एक वर्षअघिको घटना स्मरण गर्दै अशोक भन्छन्- गएको प्रेम दिवसको अवसर पारेर आफूसँग सधैं बोलचाल गर्ने केटी साथीसमक्ष प्रेमप्रस्ताव राख्दा नराम्रोसँग हकारेकी थिइन्। अहिले पनि सँगै पढ्ने उनका आँखामा आँखा जुधाएर कुरा गर्ने आँट पलाएको छैन।

के त्यसो भए अशोकझैं अरूले पनि मन परेकी युवतीलाई प्रेमप्रस्ताव नै नराख्ने त ? यदि तपाईं आत्मादेखि नै कुनै पनि केटी साथीलाई प्रेम गर्न थाल्नुभएको छ भने प्रेमलाई सार्थकताको सिंढी चढाउन पहिले प्रेमप्रस्ताव त राख्नैपर्छ तर त्यसो भन्दैमा सजिलै प्रेमप्रस्ताव राख्न पनि कहाँ सकिन्छ ? एकतर्फी प्रेमलाई दुईतर्फी नबनाई प्रेमले सही गति नलिने भएकाले केही जानकारी राख्नैपर्छ।

**प्रस्ताव राख्नुअघि कस्तो वातावरण बनाउने ?**

- बेलाबखतमा कुराकानी गरिरहने।
- रेस्टुराँ, क्यान्टिनमा चिया, कफी, चिसो ख्वाई आफैंले बिल तिर्ने।
- युवतीको प्रवृत्ति कस्तो छ, झट्ट रिसाउने, चाँडो समझदारीमा आउने वा दया-मायापूर्ण भाव कस्तो छ विचार गर्नुपर्छ।
- युवतीको मनस्थितिमा आफूलाई असल, चुरोट-रक्सी नखाने भद्र, शिष्ट, कम बोल्नेजस्तो धारणा जगाउनुपर्छ।
- प्रेमप्रस्ताव नराख्दै युवतीलाई मनपर्ने खालका सामानहरू गिफ्टस्वरूप दिइरहने। जस्तो– फोन डायरी, पेन, ह्यान्डिक्राफ्ट झोला आदि।

यसरी प्रेम प्रस्ताव राख्नुअघि केटीसाथीमा आफू सबै हिसाबले राम्रो भएको धारणा जगाउन सक्नुपर्छ। यसले धेरै हदसम्म आफ्ना बारेमा सकारात्मक भावना जाग्छ। आपसमा ममतामय, प्रेममय वातावरण आफै सिर्जना हुन्छ, अनि त्यसपछि मात्रै प्रेम प्रस्ताव राख्नुपर्छ। यसरी राखिएको प्रेम प्रस्ताव असफल हुने सम्भावना कम हुन्छ।

**प्रेमप्रस्ताव राख्दा ध्यान दिनुपर्ने कुरा :**

- प्रेम प्रस्ताव राख्दा तिमी नै जीवनको पहिलो युवती हो, जसलाई म मेरो भित्री आत्मादेखि प्रेमप्रस्ताव राख्दैछु भन्ने प्रभाव युवतीमा पार्नुपर्छ।
- आफ्ना कुराहरूप्रति सकारात्मक भावना दर्साउनेहरूसँग प्रेम प्रस्ताव राख्न कुनै संकोच मान्नुपर्दैन।
- प्रेम प्रस्ताव राख्नु कुनै आपराधिक क्रियाकलाप होइन। ढुक्क भएर शान्त सुशील पाराले प्रस्ताव राख्नुपर्छ।
- प्रेमप्रस्ताव राख्दा युवतीले हल्का प्रतीकारात्मक ढंगले दबाबपूर्ण, रिसपूर्ण वाक्यहरू बोल्न सक्छन्। आफू आवेशमा आउनुहुँदैन र प्रेम प्रस्तावका क्रममा आफ्नो मूल्य मान्यतालाई घटाएर म तिमीबिना पागल हुन्छु, तिमीबिना निद्रा छैन, चैन छैन, भोक छैन, प्यास छैन भन्नेजस्ता कुरा कहिल्यै गर्नुहुँदैन।

व्यावहारिक रूपमा प्रेम प्रस्तावलाई दुई शैलीबाट अभिव्यक्त गर्न सकिन्छ :

**मौखिक शैली** : मौखिक शैलीलाई सबैभन्दा प्रभावकारी मानिन्छ। यसलाई प्रत्यक्ष/अप्रत्यक्ष कुराकानीबाट छिनोफानो लगाइन्छ। प्रत्यक्ष भन्नाले केटा-केटीबीच नै प्रेमका बारेमा आपसी कुराकानी हुन्छ। अप्रत्यक्षमा कुनै सहयोगीमार्फत प्रस्ताव राखिन्छ। यसरी राखेको प्रेम प्रस्तावको परिणाम तत्कालै प्राप्त हुनसक्छ।

**लेखनशैली** : कुनै अवसरमा कार्डहरूमार्फत मनोभावना लेखेर, कथा कवितामार्फत मनोइच्छा दर्साएर प्रेमप्रस्ताव राख्न सकिन्छ। यो शैली प्रत्यक्ष अगाडि 'फेस टु फेस' कुरा गर्न नसक्नेहरूद्वारा प्रयोग गरिन्छ। अलि गम्भीर, भावुक खालका साथीसमक्ष प्रेम प्रस्ताव राख्दा यो शैली उपयुक्त मानिन्छ। लेखनशैली त्यति घनिष्ठता नझाँगिएको साथीमा प्रभावकारी हुन्छ। यसमा प्रेम प्रस्ताव राखिएकी युवतीले ढिलो भए पनि प्रतिउत्तर दिन सक्ने सम्भावना हुन्छ।

**प्रस्ताव अस्वीकार भए**

आफूले राखेको प्रेम प्रस्ताव स्वीकार हुनैपर्छ भन्ने पनि छैन प्रस्ताव स्वीकार होस् वा नहोस् केटा-केटी दुवैले निम्न कुरामा ध्यान दिनुपर्छ :

- प्रेम प्रस्ताव अस्वीकार भयो भने दबाब दिने, गाली गर्ने, अनावश्यक शब्द प्रयोग गर्नु जंगलीपन सावित हुन्छ।
- प्रेम प्रस्ताव अस्वीकार भयो भने अस्वीकार गर्नेसँग फेरि पुरानै साथीकै व्यवहार स्वीकार गर्नुपर्छ।
- पत्रद्वारा प्रेम प्रस्ताव राखिएको हो भने उक्त पत्र फिर्ता लिनुपर्छ।



प्रणय कुराकानी

# मैले प्रेम प्राप्त गरिरहेकी छु

अक्सर विवाहको प्रसङ्गमा धेरै चर्चा-परिचर्चा हुने एक पात्र हुन्, कोमल वली । लोकदोहोरी गायिका, समाचारवाचिका र उमेर छँदाकी राष्ट्रिय खेलाडी कोमल वलीले विवाहको प्रसङ्गमा जति चर्चा पाए पनि अहिलेसम्म उनी एक्लै छिन्, अर्थात् उमेरले अलि अगाडि नै वैवाहिक सम्बन्धमा जोडिनुपर्ने भए पनि कोमलले अहिलेसम्म बेहुली हुने मौका पाएकी छैनन् । प्रतिभासँगै आकर्षक शारीरिक बनावटकी वली चाँडै नै आफ्नो नयाँ खबर सुन्न पाउनेमा आश्वस्त हुन आग्रह गर्छिन् । कोमल भन्छिन्- 'कोमल वलीको पनि विवाहको खबर सुन्नुहुनेछ ।' विहे भा'छैन, पोइला जान पाम, कान्छी बूढी नल्याऊन् मेरा बुढाले जस्ता विवाहसँगै जोडिएका शब्दहरू प्रयोग गरेर लोकगीतिसंग्रह सार्वजनिक गरेकी कोमल विवाहका लागि हतारिनुपर्ने देख्दिनन् । साप्ताहिकको भ्यालेन्टाइन विशेष अंकका निम्ति प्रेम र जीवनमा केन्द्रित रहेर वलीसँग विदुर खतिवडाले गरेको कुराकानी :




**तपाईंको बुझाइमा प्रेम के हो ?**

जीवनको सौन्दर्य अनुभूति नै प्रेम हो । जहाँ छ प्रेम, त्यहाँ मात्र सुन्दर क्षण अनुभूत गर्न सकिन्छ । जीवनको सबैभन्दा सुखद अनुभूति नै प्रेम हो । अझ यसलाई स्पष्ट रूपमा भन्नुपर्दा दुई आत्माको आनन्दमय विश्वासको मिलन प्रेम हो ।

**प्रेमको कति प्रकारले अभिव्यक्ति गर्न सकिन्छ ?**

तपाईंले यसलाई कसरी परिभाषित गर्नुहुन्छ, त्यसमा भर पर्छ । मानवतावादी प्रेममा मनसा, वचना, कर्मणा आदिबाट प्रेमलाई अभिव्यक्त गर्न सकिन्छ । मनसा भन्नाले हेराहेरबाट अभिव्यक्त गरिने प्रेम हो । कहिलेकाहीं झवाट्ट देखेको मानिससँग बोल्न सकिँदैन । बोलिँदैन, तर उसको अनुहारबाट धेरै कुरा थाहा पाउन वा जान्न सकिन्छ । उसको मनोविज्ञान बुझ्न सकिन्छ । त्यस्तै वचना भन्नाले बोलेर प्रभाव पार्नु । मीठो-मीठो कुरा गरेर वा गीत गाएर यस प्रकारको प्रेम अभिव्यक्त गर्न सकिन्छ । अनि कर्मणामा कर्म गरेर अभिव्यक्त गर्न सकिन्छ । राम्रो-राम्रो काम गरेर । मनपरेको व्यक्तिलाई चिठी लेखेर, मुसारेर, आँखा झिम्क्याएर, म्वाइँ खाएर प्रेम अभिव्यक्त गर्नु कर्मणा हो । त्यस्तै प्रेम अभिव्यक्त गर्ने अर्को माध्यम आहार्य पनि हो । यसमा महिलाहरूले मेकअप गरेर राम्री बन्नु, अत्तर (परफ्युम) हरू लगाउनु, राम्रा पोसाक पहिरिनु आहार्यभित्र पर्छन् । पहिले-पहिले दाँतमा सुन ठोक्ने चलन थियो, त्यो पनि अरूलाई विशेष गरी आफ्नो प्रियलाई प्रभाव पार्नलाई हो । आजभोलि दाँतमा हीरा राख्ने चलन आएको छ । यी सबै माध्यम प्रेम अभिव्यक्त गर्ने शैली हुन् ।

**सामान्य रूपमा कसैलाई भेट्नेबित्तिकै प्रेम सम्भव छ त ?**

हुनसक्छ, चलनचल्तीको एउटा भनाइ छ, फस्ट साइटमै प्रेम भयो भन्ने । झ्वाट्ट एकले अर्कोलाई हेर्दा, व्यक्तित्वमा ख्याल गरिन्छ । आकर्षक अनुहार एवं शारीरिक बनावट छ भने पहिलो इम्प्रेसनमै नजिक हुन मन लाग्न सक्छ । हेराइबाट पनि धेरै कुरा थाहा पाउन सकिन्छ । त्यसैले असम्भव केही हुँदैन, तर प्रेम स्थायित्व हुने वा नहुने भन्ने कुरा अवस्थामा निर्भर हुन्छ । हेर्नुस्, म एउटा महत्त्वपूर्ण कुरा तपाईंलाई भन्छु । सीताले रामलाई त्यति भक्तिभावले सेवा गरिन्, पति मानिन् बेग्लै कुरा हो, तर उनले पहिले आकर्षक व्यक्तित्वका कारण रावणलाई मन पराएकी थिइन् । भगवान्को युगमा त त्यस्तो थियो भने आजको युगमा नहुने कुरै भएन् ।

**प्रेम जीवनका लागि कत्ति महत्त्वपूर्ण छ ?**

जीवनको सबैभन्दा सुखद अनुभूति नै प्रेम हो भने हामी योविनाको जीवन कसरी कल्पना गर्न सक्छौं ? 'पानीविनाको सागर, प्रेमविनाको जीवन' कस्तो होला, हामी अनुमान गरौं त, पानीविनाको सागर सम्भव छ ? छैन नि, त्यस्तै प्रेमविनाको जीवन पनि सम्भव छैन ।

**प्रेममा शारीरिक आकर्षण कति महत्त्वपूर्ण हुन्छ ?**

यसलाई चाक्षुण सौन्दर्य भनिन्छ, जहाँ आँखाको आकर्षणको महत्त्व हुन्छ । आँखाले शारीरिक आकर्षणमा ध्यान दिन्छ, त्यस बेला हामी विना शरीरको प्रेम कल्पना गर्न सक्दैनौं, तर शरीरभित्र हृदय हुन्छ, हृदयविनाको प्रेम भने अधुरो हुन्छ ।

**प्रेममा गोपनियता कत्ति आवश्यक छ ?**

यसमा पनि आ-आफ्ना तर्क हुन सक्छन् । आ-आफ्नै दृष्टिकोण हुन सक्छन् । मेरो विचारमा कुनै कुरा लुकाउँदा त्यसको महत्त्व बढ्छ भने त्यसलाई लुकाएकै राम्रो हो । यौन मनोवैज्ञानिकहरू भन्छन्- 'यौन क्रिया जति गोप्य हुन्छ, त्यसको महत्त्व त्यतिकै हुन्छ ।' गाई-गोरुजस्तै हिँड्यो भने मानवशरीरको के महत्त्व ? तर अर्को महत्त्वपूर्ण पक्ष लुकेर प्रेम गर्दा विकृति पनि बढ्न सक्छ । हामी देख्छौं नि, लुकेर नराम्रा चलचित्रहरू हेरेको वा पत्रपत्रिका पढेको । त्यस्ता गतिविधिले यसको महत्त्वलाई ओझेलमा पारेका छन्, वातावरण बिगारेका छन् ।

**प्रेमको सन्दर्भमा तपाईंका जीवनका अनुभूति कस्ता रहे ?**

एकाध प्रेम नपलाएकै त होइन, तर त्यसले दिगो विश्वास जगाउन सकेन, तर मेरो जीवनमा पनि प्रेमको महत्त्व त्यत्तिकै रह्यो ।

**किन दिगो विश्वास जगाउन सकेन ?**

समय परिपक्व हुँदै जाँदा सम्बन्धित व्यक्तिको गुण-अवगुण नियाल्न सक्ने अवस्था हुन्छ । कति कुरामा चित्त नबुझ्न सक्छ, मेरो विचारमा प्रेम फस्टाउँदै गएर विवाहमा पुग्छ । प्रेमको पनि प्रक्रिया हुन्छ, सही समयमा सही निर्णय गर्न सक्नुपर्छ । त्यो बेलामा प्रेमीसँग कुरा मिल्छ नै भन्ने छैन, मेरो सन्दर्भमा दिगो विश्वास जगाउन सकेन भनेको कुरा नमिलेकै कारण हो ।

**तपाईंको जीवनमा लामो र छोटो प्रेमका अनुभूति कस्ता रहे ?**

(हाँस्दै) म प्रेमलाई लम्बाइबाट नाप्न सक्दिनँ । किनभने एकैक्षणको हेराइबाट मात्रै पनि धेरै सन्तुष्टि प्राप्त गर्न सकिन्छ, त्यस्तै एक जुगभरि साथै बस्दाको प्रेमबाट पनि त्योभन्दा धेरै कम सन्तुष्टि प्राप्त हुनसक्छ । त्यसकारण म मेरो प्रेमलाई लामो-छोटो रूपमा नाप्न सक्दिनँ ।

**तपाईंको जीवनमा हङकङको प्रसङ्ग पनि जोडिएको थियो नि, होइन ?**

त्यो मैले पनि स्वीकार गरेको विगत हो । हङकङका एक व्यक्ति मेरो जीवनमा साथीका रूपमा आएको सत्य हो । मैले उनलाई र उनले मलाई प्रेम गरेको पनि हो, तर दिगो विश्वासको कमीकै कारण हामी एक हुन सकेनौं ।

**तपाईंको सुन्दरताबाट मोहित भएर धेरैले प्रेमप्रस्ताव राखे होलान् नि, होइन ?**

आए, विभिन्न किसिमका प्रस्ताव आएका थिए । रूपलावण्य (शारीरिक सुन्दरता) भएकीले सौन्दर्यको पछि दगुर्नेहरूले पनि प्रेमप्रस्ताव गरेका थिए भने हार्दिक रूपमा प्रेम गर्ने व्यक्तिहरू पनि भेटेकी थिए ।

**पहिलो पटक विवाह गर्नुपर्छ जस्तो कहिले लागेको थियो ?**

अक्सर युवतीहरूलाई टिनएजमा विवाहको सपनाले मोहित बनाउँछ भनिन्छ । मेरो जीवनमा



पनि १८-१९ को समयमा त्यस प्रकारको अनुभूति विकास भएको थियो । जुन बेला जीवनको सुखदुःखका बारेमा थाहा थिएन, त्यस बेलामा मस्तिष्कमा विवाह गर्ने, घुम्न जाने, रमाइलो गर्ने भन्ने मात्र थियो । अहिले सम्झन्छु, त्यो सबै अपरिपक्वताको परिणाम थियो ।

**तपाईंको विचारमा श्रीमान्-श्रीमतीबीच कस्तो प्रेम हुनुपर्छ ?**

श्रीमान्-श्रीमतीबीच हार्दिक प्रेम हुनुपर्छ । अझ प्रस्ट रूपमा भन्नुपर्दा व्यावहारिक स्तरमा आधारित हार्दिक प्रेम हुनुपर्‍यो । भनौं न एक प्रेमका जोडीका बीचमा कुरा हुँदा प्रेमीले भन्छ– 'म तिम्रा लागि आकाशका जून-तारा झारिदिन्छु', जुन पूर्ण रूपमा अव्यवहारिक कुरा हो । श्रीमान्ले श्रीमतीसँग कहिल्यै पनि यस्तो अव्यावहारिक कुरा गर्न सक्दैन, यदि गर्‍यो भने सम्बन्ध बिग्रन सक्छ ।

**प्रेमपछि विवाह गर्नैपर्छ र ?**

छैन, त्यस्तै प्रेममा यौनसम्पर्क पनि हुनैपर्छ भन्ने छैन ? प्रेम आफैंमा पूर्ण तत्त्व हो, यसले विवाहको सहारा लिनुपर्दैन । हामीले पाउन नसक्ने व्यक्तिलाई पनि प्रेम गर्न सक्छौं, तर हाम्रो सामाजिक अवस्थाले भने प्रेमपछि विवाह अनिवार्य हो भन्ने गलत सोचाइलाई प्रश्रय दिएको छ । प्रेममा प्राप्तिको चाहना मात्र किन ? आफूले कसैलाई प्रेम गरेका छौं भने ऊसँग विवाह होस् वा नहोस् त्यसले कुनै महत्त्व राख्दैन ।

**त्यसो भए प्रेमको गन्तव्य विवाह होइन ?**

होइन, प्रेमको सफलताको अन्तिम विन्दु तपाईंले केलाई मान्नुहुन्छ भन्ने कुरामा निर्भर हुन्छ । विवाह नै हो भने पनि विवाहित दम्पती पनि प्रेमपूर्वक बाँचिरहेका हुँदैनन्, त्यसैले पनि प्रेमको अन्तिम गन्तव्य विवाह होइन ।

**तपाईंको अनुभवमा आकर्षक पाँच पुरुष को-को छन् त ?**

जीवितहरूकै नाम लिउँ है, कलासाहित्यमा सिर्जनाको घर राष्ट्रकवि माधवप्रसाद घिमिरे, चलचित्रक्षेत्रमा लगनशील एवं इमान्दार नायक राजेश हमाल, मुटु जो पायो त्यसले छाम्न सक्दैन, त्यसैले मेरो मुटु छुन सक्ने भएकाले मुटु छुने डा. भगवान कोइराला, मानिसहरूको भीडमा विचित्रको लाग्ने पत्रकार नारायण वाग्ले र विदेशीमा ह्यान्सी लाग्ने बिल क्लिन्टन ।

**तपाईंलाई असफल प्रेमिका भन्न मिल्छ ?**

होइन, तपाईं कसरी भन्न सक्नुहुन्छ ? म अहिले पनि सफल प्रेम पात्रका रूपमा आफूलाई महसुस गर्छु ।

**प्रेमको पाश्चात्य शैलीलाई तपाईं कसरी परिभाषित गर्नुहुन्छ ?**

तपाईंले अप्ठयारो प्रश्न सोध्नुभयो । मेरो दृष्टिकोणमा अमेरिकाको एउटा प्रेमी जोडीले खुला रूपमा चुम्बन गर्न सक्छन्, तर यहाँको सन्दर्भमा अश्लील र असभ्य मानिन्छ । त्यसैले प्रेम पनि सांस्कृतिक विषय हो । प्रेमको अर्थ सन्तुष्टि हो । नेपाली प्रेमीले पाउने सन्तुष्टि र पाश्चात्य जोडीले पाउने सन्तुष्टिमा तुलना गर्ने हो भने हाम्रो शैलीले बढी सन्तुष्टी पाएको म ठोकुवा गरेर भन्न सक्छु । यसलाई कसरी निर्धारण गर्ने भन्न सक्नुहुन्छ, सामान्य रूपमा डिभोर्स रेटले नै यसलाई स्पष्ट पार्छ । त्यहाँ एकल जीवनशैली बढ्दै गएको छ, त्यसैले उनीहरूको शैलीबाट उनीहरू आफैं वाक्क भएका छन् । अहिले उनीहरू पूर्वीय शैलीको प्रेमलाई मन पराउन थालेका छन् । हाम्रोमा पनि पश्चिमा शैलीको प्रेमको प्रभाव नपरेको होइन, परेको छ । त्यसैले त प्रेमको परिभाषा सस्तो हुन थालेको हो कि जस्तो लाग्छ ।

**प्रेममा चुम्बनको महत्त्व कत्ति हुन्छ ?**

यदि प्रेमको यात्रामा अथवा भनौं प्रेमको क्रममा चुम्बनको आवश्यकता हुन्छ भने त्यो ठीक छ । स्पर्शले जहिले पनि प्रेमलाई ताजा बनाउँछ, प्रेम छ भन्ने पनि दर्साउँछ, तर पश्चिमाहरूको चुम्बन र हाम्रो चुम्बनलाई तुलना गर्ने हो भने धेरै फरक छ । उनीहरूको चुम्बन सामान्य अभिवादन हो भने हाम्रो चुम्बन गहन प्रेम अभिव्यक्त गर्ने माध्यम हो । हाम्रो चुम्बन अत्यन्त मूल्यवान् छ । गहन प्रेमविनाको चुम्बनको कुनै अर्थ छैन ।

**अनि शारीरिक सम्बन्धको महत्त्व नि ?**

मानिस बाँच्नलाई खाना खान्छ, यो उसको शारीरिक आवश्यकता हो । त्यतिकै शारीरिक सम्बन्ध पनि आवश्यकता नै हो । यद्यपि यसलाई दुई प्रेमीको सोच, आकांक्षा, चाहना र अवस्थासँग जोडेर हेर्नु आवश्यक हुन्छ । एकजनाको सन्तुष्टि मात्र सोचियो भने शारीरिक सम्बन्धको महत्त्व हुँदैन ।

**शारीरिक प्रेमले मानिस पूर्ण हुनसक्छ त ?**

त्यो त हुनै सक्दैन । माथी उल्लेख गरेजस्तै प्रेमी जोडीले आवश्यकता महसुस गर्दा आहारका रूपमा शारीरिक प्रेमलाई स्वीकार्न सक्छन् तर शारीरिक प्रेम नै पूर्ण हो भन्न मिल्दैन । जीवन सञ्चालनमा हार्दिक प्रेमलाई महत्त्व दिनुपर्छ ।

**शारीरिक सम्बन्धले जीवनलाई कत्ति ऊर्जा दिन्छ ?**

शारीरिक सम्बन्धको प्रेमलाई म मांसल प्रेमको नाम दिन चाहन्छु, यसले जीवनमा अवश्य ऊर्जा थप्छ तर कहिलेकाहीं यसले त्यत्तिकै खतरा पनि निम्त्याउँछ । यो चरण पार गरेपछि प्रेममा थप उत्साह पनि थपिन सक्छ भने कहिलेकाहीं, सन्तुष्टिपछि अब के त ? अब केही बाँकी छैन भन्ने सोच विकास भयो भने दुर्घटना पनि निम्तिन सक्छ ।

**कोमल वलिको राजकुमार को होला त ?**

कोही पनि, हार्दिक प्रेम गर्ने व्यक्ति मेरो जीवनको साथी हुन्छ ।

**तपाईं अहिले पनि प्रेममा हुनुहुन्छ ?**

हो, म प्रेममै छु । विनाप्रेममा को बस्न सक्छ र ? कुनै पनि मानिस प्रेमको आशामा रहेन भने ऊ जीवनबाटै पलायन हुन्छ । मैले प्रेम प्राप्त गरिरहेकी छु र प्रेम पाउने आशामा छु ।

**तपाईंको भ्यालेन्टाइन सन्देश ?**

यदि कसैले साँचो प्रेम गरेको छ भने मात्र त्यसले यो प्रणय दिवसको महत्त्व बुझ्छ । यस अवसरमा समग्र मानवमात्रको जीवन प्रेम पूर्ण रहोस्, शुभकामना । यो प्रेमदिवसमा हरेक प्रेमीको प्रेम सफल होस् । प्रेमी नहुनेहरूलाई प्राप्त होस्, हुनेको प्रेम नगुमोस् ।



तस्विर : कविन्द्रमान / मोडलसंसार डटकम



# चलचित्रका हिट जोडी

**दिवस गुरागाईं**

नेपाली चलचित्रवृत्तमा धेरै हिट जोडी छन्। तीमध्ये कतिपय रिल लाइफमा छन् भने कतिपय रियल लाइफमा। रिल लाइफमा हिट हुनेहरूको चर्चा चलचित्रकर्मी र दर्शकमाझ हुन्छ भने रियल लाइफमा हिट हुने जोडीको चर्चा सञ्चार-माध्यममा बढी हुन्छ।

सर्वप्रथम रिल लाइफको कुरा गरौं। रिल लाइफमा केही समययता एक जोडी नायक-नायिकाले सबैभन्दा बढी चलचित्रमा अभिनय गरिरहेका छन् र उनीहरूका चलचित्रले व्यावसायिक रूपमा पनि सफलता पाएका छन्। त्यो जोडी हो विराज-रेखाको। तीन वर्षअघिदेखि चर्चाको शिखरमा रहेकी नायिका रेखा थापा र एक वर्षयता बिकाउ नायकको पगरी गुथेका विराज भट्ट झट्ट हेर्दा मिल्दा जोडीझैं लाग्दैनन्, तर पनि यो जोडीले छोटो समयमा आधा दर्जनभन्दा बढी चलचित्रमा अभिनय र सफलता प्राप्त गरेको छ। मैदान, दुर्गा, हिम्मत, इलाका, देवरबाबु, किस्मत, फैसला, आदि चलचित्रमा यो जोडीले अभिनय गरेको छ। विराज-रेखा दुवैको एउटै प्रतिक्रिया छ- हामीले अभिनय गरेका सबै चलचित्र सफल छन्।

विराजलाई रेखा थापासँगको जोडी सबैभन्दा बढी सुहाएझैं लाग्छ। भट्ट भन्छन्– प्रदर्शन हुन बाँकी बाटुली, साहारा र इतिहास आदि चलचित्रमा पनि हामी छौं। सबै चलचित्र हिट भएका कारण आफ्नो जोडीलाई सफल मान्छन् उनी तर रेखा भने यो जोडीलाई दर्शकले मन पराए पनि मूल्यांकन गर्नेलेचाहिँ त्यति धेरै मन नपराएको अनुभव सुनाउँछिन्। राजेश हमालदेखि विराज भट्ट, आर्यन सिक्तेलसँग सम्म आफ्नो जोडी मिल्ने तर सबैभन्दा सुहाउँदिलो चाहिँ रमित ढुंगानासँग हुने उनको अनुभव छ, रेखा भन्छिन्- चलचित्र देवरबाबुमा रमितसँगको सबै सिक्वेन्स दर्शकले मन पराए। यति भएर पनि विराज भट्टसँगका सबै चलचित्र सफल भएका कारण मिल्दोजुल्दो जोडीचाहिँ ऊसँगै हो- रेखा सुनाउँछिन्।



चलचित्र धेरै खेल्दैमा हिट जोडी भइन्छ कि भइन्न भन्ने कुरा नायिका विपना थापालाई थाहा छैन। बिपना भन्छिन्- मैले राजेश हमालसँग चालीसभन्दा बढी चलचित्रमा अभिनय गरें। राजेशसँग सबैभन्दा बढी चलचित्रमा अभिनय गर्ने म र राजेश दाइ हिट जोडी हौं त ? विपना थापा प्रतिप्रश्न गर्छिन्।

चलचित्रवृत्तमा पाइला राख्नेबित्तिकै नायक राजेश हमाल चर्चामा आए तत्कालीन नायिका कृष्टि मैनालीसँग जोडिएर। राजेशको जोडी चर्चा सायद त्यही पहिलो थियो। त्यसपछि करिष्मा मानन्धर, जल शाह, विपना थापा, निरुता सिंह आदि नायिकासँग पनि सुहाउँदिला नायकमा रूपमा गनिए राजेश। उनले अधिकांश चलचित्र नै करिष्मा, जल, विपना, निरुता, रेखा थापा आदिसँगको जोडीका रूपमा काम गरेका छन्। उल्लेखित सबै नायिकासँग राजेशको जोडी मिलेकै चर्चा हुन्छ। हाल उनी तुलसी घिमिरेद्वारा निर्देशित चलचित्र देशमा निरुता सिंहको जोडीका रूपमा कार्यरत छन्।



नायक निखिल उप्रेतीको केही समयअघिसम्म नायिका सज्जा मैनालीसँग जोडी मिलेको चर्चा हुन्थ्यो। सज्जा चलचित्रबाट बाहिरिएपछि निखिलको अर्की नायिका अरुणिमा लम्सालसँग जोडी मिल्दो देखिने चर्चा हुन थालेको छ। खासगरी चलचित्र धड्कन सफल भएपछि निखिल-अरुणिमाको जोडीको चर्चा हुन थालेको हो। निखिल भन्छन्- कुनै पनि नायकको एक वा दुई नायिकासँग जोडिएर चर्चा हुनुभन्दा सबैसँग सुहाउँदिलो देखिनु सफलता हो।

नायक दिलीप रायमाझीको तर्क पनि निखिलको जस्तै छ। चलचित्र दर्पण छायाँबाट चर्चामा आएका दिलीपको सोही चलचित्रकी नायिका निरुता सिंहसँग मिल्दो जोडीका रूपमा चर्चा भयो। उनी चलचित्र जिन्दगानीमा करिष्मा मानन्धरको जोडीका रूपमा समेत सफल रहे। यतिबेला आएर नायिका अरुणिमा लम्सालसँग उनको जोडीको चर्चा हुन थालेको छ।

आम निर्देशकहरू जोडी कलाकार छानेर चलचित्रमा अनुबन्धित गर्ने भन्दा जो-जो चलेका छन् उनीहरूलाई लिने गरेको अनुभव सुनाउँछन्। चलचित्रमा राजेश हमाल, निरुता सिंह, विराज भट्ट, रेखा थापा आदि हुनैपर्ने अवस्था छ चलचित्रमा। यो यथार्थसँग निर्देशकद्वय ज्ञानेन्द्र देउजा, शोभित बस्नेत तथा नारायण पुरी सहमत छन्।

ठूलो पर्दामा जस्तै सानो पर्दामा पनि केही हिट जोडी छन्। तीमध्ये टेलिचलचित्र तीतो सत्यका जोडी दीपकराज गिरी र दीपाश्री निरौला अगाडि छन्। दीपकराज र दीपाको चर्चा रिल र रियल लाइफ दुवैतिर छ। यो यथार्थ स्वीकार गर्छिन् दीपाश्री। उनी भन्छिन्- मुखदेखि व्यवहारसम्म क्यारेक्टर मिलेको र कामका आधारमा आफूहरूलाई हिट जोडी देखेको होला।

दीपक-दीपा जस्तै रियल लाइफमा पनि केही नायक-नायिकाको चर्चा हुन्छ। त्यो चर्चाको घेरामा निखिल उप्रेती, सञ्चिता लुइँटेल, दिलीप रायमाझी, अरुणिमा लम्साल, रेजिना उप्रेती, शोभित बस्नेत, रेखा थापा तथा रमित ढुंगाना आदि छन्।

# डिजेको लभलाइफ

**सुव्रत आचार्य**

'दिनभरि सुत्ने र रातभरि जाग्ने चमेरो वा लाटोकोसेरोको जीवन जस्तै हुन्छ डिजेको जीवन'- केही समयअघि बुम इन्टरनेसनलमा डिजेइङको प्रशिक्षण दिने क्रममा डिजे राजु प्रशिक्षार्थीहरूलाई बताउँदै थिए। त्यतिबेला ठट्टामा उनले भनेको यो कुरा धेरै हदसम्म साँचो हो। डिजे अर्थात् डिस्को जक्कीको कार्यालय राति आठ बजेपछि सुरु हुन्छ र प्रायः बिहानसम्म चल्छ। 'नाइट ड्युटी' गर्ने डिजेहरू बिहानीपख घर फर्किएपछि दिनभरिजसो ओछ्यानमा मस्त निन्द्रामा हुन्छन्। 'सुरुसुरुमा त उहाँसँग मेरा लागि समय नहुँदा दिक्क लाग्थ्यो, तर अहिले बानी परिसकेको छ।' -डिजे राजुकी श्रीमती अरिनाले आफूलाई श्रीमान्को पेसासँग अभ्यस्त बनाएको कुरा गरिन्। सामान्यतया मानिस दिनभरि काम गर्छन् र रातभरि आराम। साँझ कामबाट फर्किएपछि श्रीमतीले बनाएको चिया पिउँदै उनीसँग विभिन्न गफ गर्ने, मिल्यो भने उनलाई कतै घुमाउन लाने। सातामा एक दिन दिनभरि श्रीमतीसँग सपिङ जाने, कुनै रेस्टुराँमा 'क्यान्डल नाइट डिनर' गर्ने वा घरमै टेलिभिजन हेर्दै सुत्नेजस्ता रोमान्टिक क्रियाकलापबाट पेसाका कारण डिजेहरू वञ्चित भैरहेका हुन्छन्।



डिजे बीम्यानको विवाह भएको छ वर्ष भयो। यो छ वर्षमा उनले भने आफ्नी जीवनसँगिनीसँगको रोमान्टिक क्रियाकलापबाट वञ्चित हुनु नपरेको अनुभव सुनाए। 'क्लबको डिजे भएको भए त मेरो रोमान्टिक जीवन नै भताभुङ्ग हुन्थ्यो होला। म परें फ्रिलाइन्सर डिजे। हप्तामा चार दिन डान्सपार्टीहरूमा व्यस्त भएँ भने पनि तीन दिन म उनकै साथ हुन्छु।' -बीम्यानले नौलो कुरा सुनाए। डिजे शिशिरकी प्रेमिका हाल अध्ययनको सिलसिलामा विदेशतिर छिन्। ठमेलको फायर क्लबमा हरेक रात नौ बजेपछि डिजेइङ थालेर रात बिताउने शिशिर अहिले दुई-चार महिनापछि प्रेमिका स्वदेश फर्कने र उनका लागि समय कसरी निकाल्ने भन्ने सुर्तामा छन्। 'बिहान पाँच-छ बजे घरमा सुत्न गइन्छ। दिउँसो दुई बजेसम्म त ओछ्यानमै हुन्छु। त्यसपछि उठेर फ्रेस भएर खाना खाएर साथीहरूसँग बजारमा आएका नयाँ म्युजिक खोजी गर्न थाल्छु। बेलुकी केही समय साथीहरूसँगै बिताएपछि राति फेरि डिजेइङ गर्न थाल्छु। यस्तोमा उनी आएपछि उनलाई कसरी समय दिने भन्ने चिन्ता मलाई अहिलेदेखि नै परिसक्यो।' -डिजे शिशिर पीडा पोख्छन्। उनले उपाय पनि सोचिसकेका छन्। त्यो पनि उनले बताए- 'दिउँसो छिट्टै उठ्नुपर्ला। साथीहरूसँग म्युजिक खोज्ने समय केही दिनलाई बन्द गर्नुपर्ला। नत्र उनीसँग समय बिताउँनै पाइन्न। बरु विवाहपछि म रेगुलर डिजेइङ गर्दिनँ। प्राइभेट पार्टीहरूमा मात्रै गर्न थाल्नुपर्ला।'

डिजे राजुकी जीवनसंगिनी अरिना आइटीसम्बन्धी एक संस्थामा कार्यरत छिन्। उनी हरेक दिन बिहान दस बजे कार्यालय जान्छिन्। अरिना कार्यालय जाँदा राजु ओछ्यानबाट उठ्दै हुन्छन्। कार्यालयबाट फर्कंदा राजु हिँडिसकेका हुन्छन्। मध्यरातपछि उनी घर फर्कंदा अरिना निदाइरहेकी हुन्छिन्। यद्यपि सोमबार राजु कतै जाँदैनन्। 'सोमबार उनी अफिसबाट फर्किएपछि हामी बाहिर खाना खान जाने गरेका छौं भने शनिबार पनि म सकेसम्म उनीसँगै समय बिताउँछु तर त्यही दिनहरूमा कतै पार्टी पर्‍यो भने अलिअलि ठाकठुक पर्छ।'- राजु बताउँछन्।



डिजेइङ गर्नेहरू धेरैजसो अविवाहित छन्। उनीहरूमध्ये धेरैका प्रेमिका पनि छन् र उनीहरूको डेटिङ स्पट डिस्को वा पार्टीहरू नै हुने गरेका छन्। एक जना डिजेले भने- 'म मेरी प्रेमिकालाई पार्टीमै बोलाउँछु र मेरै छेउमा राख्छु। अर्को डिजे साथीले पालो दिने बेला म उनीसँग छेउमा कतै गएर बात मार्छु र बाह्र बज्नुअघि नै उनलाई घर छाड्न जान्छु। दिउँसो मेरो फुर्सद हुन्छ, उनको हुँदैन। कलेज नजाने कुरा पनि भएन। त्यसैले हामी सातामा एक-दुई दिन साँझ पाँच बजेतिर भेट्छौं। कतै टन्न खाजा खान्छौं र म उनलाई लिएर क्लब छिर्छु।'

डिजे तेञ्जिङको आफूसँगै क्लबमा कार्यरत एक कर्मचारीसँग प्रेमविवाह भएको थियो। पहिले रक्सबारमा व्यस्त हुने डिजे तेन्जिङ अचेल क्लब प्लाटेनियममा डिजेइङ गर्छन्। डिजे तेन्जिङ पनि फुर्सद पाउनेबित्तिकै घर-परिवारलाई समय दिन खोज्छन्। 'कहिलेकाहीं कतै पारिवारिक जमघट वा काम पर्‍यो भने पनि पहिल्यै समय मिलाउनुपर्छ।' -उनले आफ्नो समस्या सुनाए। अरूलाई संगीतको तालमा नचाउने डिजेहरूको 'लभ लाइफ' भने त्यति सन्तोषजनक नहुने उनीहरूको कथन छ।

# प्रेमलाई सेक्सले लङ लास्टिङ बनाउँछ कि बनाउँदैन ?

## केवल एक प्रश्न

प्रेमपछिको सेक्स दीर्घायु हुन्छ । पहिले प्रेम र पछि सेक्स म्यारिजमा देखिएको छ । विवाहपछि मात्रै सेक्स भन्ने कुरालाई चाहिँ म मान्दिनँ, खासमा अथाह प्रेमपछि बेहोसीमा सेक्स भयो भने चाहिँ त्यो सबैभन्दा उत्कृष्ट हो ।

**रेखा थापा, नायिका**

यो मानिसमा डिपेन्ड हुने कुरा हो । सेक्स गर्छन् प्रेम हुँदैन, प्रेम गर्छन् सेक्स हुँदैन । यो कुरा मानिसको क्यारेक्टरमा पनि भर पर्छ । खासमा अत्यधिक प्रेमपछिको सेक्सचाहिँ पोजेटिभ हुन्छ ।

**दीपाश्री निरौला, नायिका**

प्रेम नै नगरी सेक्स गरियो भने कहाँबाट लङ लास्टिङ हुन्छ ? मेरो विचारमा चाहिँ पहिले प्रेम नै हुनुपर्छ । एरेन्ज म्यारिजमा पनि पहिले प्रेम नै हुन्छ । अग्निको बन्धनमा शक्ति हुन्छ । यति हुँदाहुँदै पनि सेक्सले मायाको टुसा पलाउँछ भन्ने भनाइ पनि छ ।

**विराज भट्ट, नायक**

सेक्सका लागि सेक्स गरियो भने त्यो पशुसरह भयो तर त्यहाँ मानसिक समर्पण भयो भने चाहिँ त्यो मानिसको जस्तो भयो । खासमा सेक्सले प्रेममा मजबुत पुल निर्माण गर्न सक्छ । त्यसरी पुल बनेपछि त्यहाँबाट सजिलै बस आदान-प्रदान हुन्छ । प्रेम कमजोर भए वा सेक्स कमजोर भए त्यो अस्ति खसेको झोलुगें पुल जस्तै हुन सक्छ । त्यसकारण प्रेम र सेक्स एक अर्काका परिपूरक हुन ।

**नारद खतिवडा, हास्यकलाकार**

सेक्सको भूमिका हुन्छ तर सेक्स नै सबै कुरा होइन । सेक्स प्रेमलाई प्रगाढ बनाउने एउटा फ्याक्टर मात्रै हो ।....., यति नै भनौं, प्रश्न अलि अफ्ठेरो रहेछ ।

**डा. इशान गौतम, वैज्ञानिक/गायक**

निश्चित रूपमा बनाउँछ । प्रेम भनेको भावना हो, यो भावनाले गर्ने कुरा हो तर सेक्स भएन भने त्यो भावना टुट्न सक्छ । सेक्सले प्रेम भावनालाई स्थायी बनाउँछ ।

**कन्हैया सिंह, संगीतकार**

सेक्स अपरिहार्य छ । त्यसलाई मिलाएर युटिलाइज गर्न सकियो भने कति लङ लास्टिङ गर्न सकिन्छ कति । चिया खाँदा स्वाद लिन सकियो भने मीठो हुन्छ जाडोमा न्यानो हुन्छ, गर्मीमा ठण्डा हुन्छ, यस्तै हो ... यहाँभन्दा कति भन्नु ?

**दमन रूपाखेती, हास्यकलाकार**

मेरो विचारमा सेक्सरूपी प्रेममा नै तनमन वदनको अमिट छाप रहन्छ । प्रेम भएपछि शारीरिक र मानसिक भावना प्रगाढ हुन्छ । त्यसैले प्रेमबिनाको सेक्सचाहिँ चिनीविनाको खल्लो चिया हो जुन डाइबिटिजका बिरामीले मात्र सेवन गर्छन् ।



**जीवन लुइँटेल, नायक**

अवस्था हेरी हुन सक्छ । सबै केसमा प्रेमलाई सेक्सले लङ लास्टिङ बनाउँदैन । मेरो विचारमा आमरूपमा चाहिँ प्रेमलाई सेक्सले खासै सघाउँदैन ।

**कृष्ण साह यात्री, रंगकर्मी**

बनाउँदैन नि, त्यो त जवानीको जोस हुँदा मात्र हो । बूढो भएर केही चीज चल्न छाडेपछि पनि प्रेम त कायम रहन्छ । सेक्स गर्न प्रेम चाहिँदैन र प्रेमका लागि पनि सेक्स चाहिँदैन । कतैकतै यो प्रेमको पार्ट मात्र हुन सक्छ ।

**आलोक नेम्वाङ, निर्देशक**

(हाँसो) आम्मामामा, प्रेमको चरम उचाइ नै सेक्स हो । यसले गाढापन थप्छ भन्छन् । भ्यालेन्टाइन डेको मुखमा प्रश्न सोध्नुभएको छ । त्यसैले के भन्छु भने यी प्राकृतिक रूपमै एक अर्काका परिपूरक हुन् ।

**भरत सिटौला, गायक**

मलाई थाहा छैन, एक्सपेरियन्स पनि छैन । इन्ट्रेस्ट पनि छैन । ...मसँग तपाईंको प्रश्नको जवाफ पनि छैन ।

**दीया मास्के, नायिका/मोडल**

ठूलो फरकचाहिँ नपर्नु पर्ने हो । एउटा अवस्थामा पुगेपछि सेक्सप्रतिको क्रेज हराउँछ तर माया यथावत् रहन्छ । मेरो विचारमा प्रेममा सेक्स मिसियो भने सुनमा सुगन्धचाहिँ अवश्यै हुन्छ ।

**सरोज केसी, भिजे**

लङ लास्टिङ बनाउँछ तर प्रेम कति पवित्र छ भन्ने कुरा मुख्य हो । पवित्र जोडी छ भने जोडीलाई सँगै राख्न सेक्स प्लस प्वाइन्ट हुन्छ ।

**रञ्जना शर्मा, नायिका**

(लामो हाँसो) तपाईंको प्रश्न लिक भैसकेको छ, मलाई आलोक जी (आलोक नेम्वाङ) ले भन्नुभएको । (हाँसो) म यस्तो प्रश्नको जवाफ नै दिन्न । अविवाहितसँग यस्तो प्रश्न गर्ने ? ..., मलाई लाग्दैन प्रेमलाई लङलास्टिङ गर्न अरू केही कुराको आवश्यकता पर्छ, थप कुरा बुझ्नचाहिँ मेरो विवाहपछि नै सोध्नुहोला ।

**ऋचा घिमिरे, नायिका**

लभलाई बलियो बनाउन सेक्स महत्त्वपूर्ण मसला हो । कहिलेकाहीं मरमसला मिलेन भने स्वाद बिग्रन्छ, त्यसैगरी सेक्स पनि मर्यादित हुन सकेन भने त्यसको रिजल्ट बिग्रन सक्छ । छोटकरीमा भन्दा लभलाई लङ लास्टिङ बनाउन सेक्स इन्पोर्टेन्ट छ ।

**अभिनव कसजू, प्रमुख साइवर संसार**

हजुर, प्रश्न अलि बुझिएन । ..., लाइन डिस्टर्भ छ हलो ...हलो... हलो...।

**पूजना प्रधान, नायिका**

प्रेमलाई लङ लास्टिङ बनाउन सेक्स इन्पोर्टेन्ट छ तर यो केटा-केटीमा भर पर्छ सेक्स गर्नेबित्तिकै लङ लास्टिङ हुने र नगर्दैमा लङ लास्टिङ नहुनेचाहिँ होइन । मलाई लाग्छ सेक्सले लङ लास्टिङ बनाउन भूमिका खेल्छ ।

**स्मिताजङ थापा, मोडल**

सेक्सले लङ लास्टिङ गराउँछ नै भन्ने छैन । कतिको लङ लास्टिङ भएको छ भने कतिको छैन । अहिलेका युवा-युवतीमा सेक्सले लभलाई लङ लास्टिङ गराउन भूमिका खेल्छ भन्ने पनि छैन ।

**बेबी थापा, मोडल**

प्रेमलाई लङ लास्टिङ गराउन सेक्सले भयङ्कर महत्त्वपूर्ण भूमिकाचाहिँ खेल्दैन । कतिलाई सेक्स नै सबै कुरा होला तर आमरूपमा सेक्सभन्दा अरू नै कुराले प्रेमलाई मजबुत गराउँछ ।

**अमृतजंग बस्नेत, नायक/मोडल**

अवश्य लङ लास्टिङ बनाउँछ तर त्यहाँ स्वार्थ हुनु हुँदैन त्यो स्वस्थ र आनन्ददायक हुनुपर्छ । त्यसैगरी सेक्स गर्ने दुवैको पक्षको सोच तथा विचारको स्तर मिल्यो भने त झनै लङ लास्टिङ बनाउँछ ।

**दिनेश डी.सी, निर्देशक/ कलाकार**

सेक्स बेमौसमी फल हो जसलाई आ-आफ्नै तरिकाले खान सकिन्छ तर एक-अर्कामा विश्वास भयो र माया पनि बसिसकेको छ भने लङ लास्टिङमा मद्दत मिल्छ ।

**एसकुमार, गायक**

# टेक्नो लभ



पृष्ठ १ बाट जारी

हुन्छन्,' अन्जना भन्छिन्- 'साइबर क्याफेमा आउँदा-आउँदै प्रेम गरेका जोडी पनि देखेकी छु। मेरा साथीहरू पनि आफ्ना ब्वाइफ्रेन्ड-गर्लफ्रेन्डसँग अनलाइन गफ गर्न साइबर आउँछन्। प्रविधि विकासका कारण इन्टरनेट सर्फिङ नै अहिलेको पुस्ताका निम्ति डेटिङ स्पट बनेको छ।' विवाहका निम्ति लमी बनिदिने वेबसाइट पनि प्रयोगमा आएका छन्। इ-विवाह डटकम, म्याट्रिमोनियल डटकमजस्ता नेपालीहरूले सञ्चालन गरेका वेबसाइटमा आफ्नो प्रोफाइल राख्ने ट्रेन्ड पनि विकास हुँदै गएको छ।

कम्प्युटर गतिलो डेटिङ स्टेसन बनेका कारण अहिलेको पुस्ताले शरीरलाई भौतिक रूपमा एक ठाउँबाट अर्को ठाउँमा पुऱ्याउँदै प्रेमी- प्रेमिका खोज्न भौंतारिनुपर्ने अवस्था अहिले छैन। पछिल्ला वर्षहरूमा बढिरहेका अनलाइन डेटिङ साइट र सोसियल नेटवर्किङ वेबसाइटहरूले त यसको दायरालाई अझ फराकिलो बनाएका छन्। यसरी वेबसाइटहरूले इलेक्ट्रोनिक रूपमै प्रेम गर्न सजिलो बनाएका छन्। यी साइटहरूले प्रेमी-प्रेमिकाको खोजी गर्न मात्र होइन, सफल डेटिङका बारेमा आवश्यक जानकारीसमेत प्रदान गर्छन्।

अनलाइन डेटिङलाई रमाइलो र आकर्षक बनाउन यी साइटहरूले अनलाइन च्याटरुम, इलेक्ट्रोनिक फ्लर्टिङ फिचर तथा इन्स्ट्यान्ट म्यासेजिङजस्ता युनिक फिचरहरूसमेत राखेका हुन्छन्। यीमध्ये कुनैले उच्च स्तरको भर्चुअल डेटिङ फिचर पनि राखेका हुन्छन्, जसमा प्रयोगकर्ताहरू म्यासेजको सट्टा भ्वाइसमा अन्तर्क्रिया गर्न सक्छन्।

पछिल्ला अवधिमा आएका फेसबुक, ओर्कुट, हाई फाइभ, माइस्पेस डटकम, क्लासमेट्स डटकम, फ्रेन्ड फाइन्डर डटकम, डेट डटकम, म्याच मेकर डटकम, म्याच डटकम, ड्रिममेट्स डटकम, केमेस्ट्री डटकमजस्ता वेबपेजले उपयुक्त दौंतरी खोज्न त्यत्तिकै सहयोग पुऱ्याउने गरेका छन्। आफ्नो सामग्री अपलोड गरेर राख्न मिल्ने यी वेबसाइटको उपयोगबाट नजिकका साथी खोज्न मद्दत मिल्ने माइस्पेसका प्रयोगकर्ता निरक पाण्डे बताउँछन्। साइबर क्याफेमै भेटिएका निरक पहिले हाइ फाइभका नियमित प्रयोगकर्ता थिए, अहिले उनी फेसबुक र माइस्पेश बढी प्रयोग गर्छन्। अनलाइन कुराकानीदेखि आफ्ना रोजाइका तस्बिरलगायत सबै सामाग्री राख्न मिल्ने भएकाले यस प्रकारका वेबसाइटका प्रयोगकर्ता बढ्दै गएका छन्। निरकले सिंगापुरकी एक युवतीसँग आफ्नो अफेयर जमिरहेको बताए।

मैले मेरो गर्लफ्रेन्डलाई नौ महिनाअघि पहिलो पटक याहु च्याटमा भेट्टाएको थिएँ, बैंकिङ सेवामा कार्यरत रविन छेत्री भन्छन्- केही दिनअघि मात्र उनीसँग प्रत्यक्ष भेट्ने मौका पाएँ, उनी मैले सोचेभन्दा राम्री र क्षमतावान् देखिइन्। यतिखेर हामी पहिलो भ्यालेन्टाइन कसरी मनाउने भनेर योजना बनाइरहेका छौं। रविनले आफ्नो छेवैमा रहेकस साथी शीतल खत्रीतर्फ देखाउँदै भने- 'उनले पनि गएको क्रिसमस डेका दिन मोबाइल म्यासेजको माध्यमबाट ब्वाइफ्रेन्डको प्रेमप्रस्ताव स्वीकार गरेकी हुन् नि।' यतिखेर रविन र शीतल आ-आफ्नो पहिलो भ्यालेन्टाइन डेका लागि साथै उपहार किन्न जाने योजना बनाइरहेका छन्।

प्रेम प्रस्तावका विभिन्न माध्यम हुनसक्छन्। केही वर्षअघिसम्म चिठी वा अरू कसैको सहारा लिएर प्रेमलाई अभिव्यक्त गर्ने शैली प्रचलनमा रहे पनि अहिलेको पुस्ता डिजिटल प्रविधिलाई सजिलो माध्यम मान्छ। त्यसैले उनीहरू विकसित प्रविधिका हरेक सेवालाई उपयोग गर्ने दौडमा सामेल हुने क्रममै प्रेम अभिव्यक्त गर्ने माध्यम पनि यसैलाई बनाउन रुचाउँछन्।

# पोखरामा डान्स र कन्र्सटको तातो



**पोखरा-** रेड कार्पेट इन्टरटेनमेन्टले पोखरामा पहिलो पटक मेघा ग्रान्ड पार्टी तथा लाइभ कन्सर्टको चाँजोपाँजो जुरायो। कार्यक्रम दिउँसोको दुई बजे भनेर तय गरिए पनि तोकिएको समयमा कार्यक्रम प्रारम्भ हुने छाँटकाँट देखिएन। स्वीमिङनजिकै सजाइएको स्टेजमा सांगतिक धुन भने बिस्तारै गुन्जिन सुरु गरेको थियो। तन्नेरी डिजे भाइभले बिस्तारै आफ्ना औंलाहरूले चक्का घुमाए। खुला चौरमा छरपस्ट भएका तन्नेरी-तरुनीहरूलाई संगीतको तालले छुँदै गयो। डिजे संगीत चर्किएपछि कानो ठाडो पार्ने पोखरेली तन्नेरी जमात कम्मर मर्काएर ननाच्ने कुरै थिएन।

अनि सुरु भयो डान्सपार्टी र कन्सर्टको गर्मागर्मी। डिजेको संगीतमा घम्साघम्सी गर्दै नाच्नेहरूको झुन्ड बाक्लो हुँदै गयो। जाडोले थरथर भएका युवायुवतीहरू न्यानोको अनुभूति गर्दै मस्किन थाले। साझ ढल्कँदै जाँदा संगीतको धुनले कार्यक्रमको वातावरण रनक्क भयो। त्यो रन्किएको वातावरणलाई अझ रन्काउन उद्घोषिकाद्वय रानी राना र सरला सुनुवारले गायिका रेश्मा सुनुवारलाई स्टेजमा डाके।

गायिका रेश्माले आफ्नो चर्चित गीत 'मै ठूली भइछु रे' के गाएकी थिइन्, दर्शक सबै एकसाथ झुम्न थाले। दर्शकको वान्समोरले यो गीतलाई रेसमाले दोहोऱ्याई-तेहेऱ्याई गाउनुपरेको थियो। नेपाली ताराका टप फाइभ फाइनलिस्ट युवराज तिवारीले पनि आफ्ना रक गीतहरूले तन्नेरीहरूलाई उफार्न कुनै कसर बाँकी राखेनन्। लाइभ कन्सर्टमा कलाकारहरूको गीतपछि फेरि डिजेले सबैलाई खुला मैदानमा ओरालेर नचाए। गायिका रेश्मा पनि डिस्कोमा झुमेकी थिइन।

**शिव शर्मा**



# फूल उपहार दिनुको अर्थ

**रातो गुलाफ** : रातो गुलाफ प्रेम र मनोभावनाको प्रतीक हो। प्रणय दिवसका बेला सबैभन्दा धेरै रातो रंगको गुलाफ आदान-प्रदान हुन्छ। यसलाई प्रेम प्रस्तावका रूपमा पनि लिइन्छ। दिएको फूल स्वीकार गर्नु प्रेम प्रस्ताव स्वीकार गरेको कुराको प्रतीक हो।

**गुलाफी गुलाफ** : मित्रता र मुटुको धड्कनको प्रतीक गुलाफी गुलाफ हो। प्रणय दिवसमा गुलाफी गुलाफ दिनुको अर्थ मेरो मुटुको धड्कन अब तिम्रा लागि मात्र धड्किरहेको छ भन्नु हो।

**सेतो गुलाफ** : सेतो गुलाफ साँचो प्रेम र स्वच्छ हृदयले पठाइन्छ। भावुकताले भरिएको सन्देश दिन सेतो गुलाफले महत्त्वपूर्ण भूमिका खेल्छ।

**पहेँलो गुलाफ** : मित्रता गाढा होस् भनेर पहेँलो गुलाफ प्रदान गरिन्छ। यो मित्रताको प्रतीक हो।

**कालो गुलाफ** : कालो गुलाफ बिदाइको प्रतीक हो। यदि विशेष कुनै कारणवश प्रेमसम्बन्ध जारी राख्न सम्भव छैन भने कालो गुलाफ दिए आफ्नो कार्य पूरा हुन्छ।

**सेतो गोदावरी** : सेतो गोदावरी प्रेम प्रकट गर्ने चाहनाको प्रतीक हो। यदि कुनै कारणवश मुखले प्रेम प्रकट गर्ने साहस नभए सेतो गोदावरी दिएर पनि आफ्नो मनको इच्छा प्रकट गर्न सकिन्छ।

**डेजी** : यो फूल प्रसन्नताको प्रतीक हो। प्रियजन तथा नातेदारहरूलाई खुसियाली र प्रसन्नताको सन्देश दिन यो फूलको प्रयोग गरिन्छ।

**ट्युलिप** : यसको अर्थ सुन्दर आँखा हो। कसैका आँखा सुन्दर र आकर्षक छन् भनेर उसको प्रशंसा गर्न ट्युलिप फूल दिइन्छ।

**जिप्सी** : जिप्सी फूल मनोभावनाको प्रतीक हो। कसैको मनोभावना बुझ्न यो फूल प्रदान गरिन्छ। कसैले यो फूल दिए उसले आफ्नो मनोभावना बुझ्न चाहेको हो भन्ने कुरा बुझ्नुपर्छ।

**सिउँडी** : सिउँडीमा काँडा हुन्छन् तर यसको फूलमा सन्देश लुकेको हुन्छ। यो फूलले जीवन संघर्षमा उत्साहित रहनुपर्ने सन्देश दिन्छ। अतः कसैलाई उत्साहित गर्न सिउँडीको फूल उपहार दिइन्छ।

**क्यामेलिया** : यो फूल आकर्षणको प्रतीक हो। कसैको सुन्दरताले आफूलाई आकर्षित गरेको छ भने उसको सौन्दर्यको वर्णन गर्दै आफू समर्पित हुन क्यामेलिया फूल प्रदान गरिन्छ।

**पेन्जी** : पेन्जी सुन्दर विचारको प्रतीक हो। उच्च तथा सुन्दर विचार भएका व्यक्तिहरूलाई सम्मान प्रकट गर्न पेन्जीको फूल उपहार दिइन्छ।

**पप्पी** : पप्पी फूललाई सान्त्वनाको प्रतीक मानिन्छ। यदि कसैलाई कुनै विषयमा सान्त्वना दिनु छ भने पप्पीको फूल प्रदान गरिन्छ।

**कमल** : कमलको फूल सुन्दर रूप, सुन्दर हृदय र सुन्दरताको प्रतीक हो। कमल अर्थात् सुन्दर नयन, सुन्दर रूप र कमलो हृदय। कसैलाई सुन्दरताको उपमा प्रदान गर्न कमलको फूल प्रदान गरिन्छ।

**चमेली-जुही** : चमेली-जुही फूल निकटताको प्रतीक हो। यिनको मधुर सुगन्धले जसलाई पनि आकर्षित गर्छ। कसैप्रति धेरै आकर्षित र ऊसँग निकटताको अनुभव गरिएको छ भने चमेली-जुही फूल प्रदान गर्न सकिन्छ।

**पहेँलो कुमुदिनी** : दाम्पत्य सम्बन्धको प्रतीक पहेँलो कुमुदिनी हो। विवाहको वार्षिकोत्सव तथा अन्य सुअवसरमा श्रीमान्/श्रीमतीले एक-अर्कालाई चुम्बनका साथ यो फूल उपहारस्वरूप प्रदान गर्न सक्छन्।

**सानो सूर्यमुखी फूल** : सूर्यमुखीको फूल पूजा, भक्ति तथा गहिरो प्रेमको प्रतीक हो। यदि कसैप्रति अत्यधिक श्रद्धा छ भने यसप्रकारको फूल प्रदान गरिन्छ।

**ठूलो सूर्यमुखी फूल** : यो फूल अहंकारको प्रतीक हो। यदि कोही अहंकारी छ भने यो फूल दिएर नम्र एवं भद्र बन्न अनुरोध गरिन्छ।

पहेँलो सयपत्रीलाई संस्कृतिको प्रतीक मानिन्छ। यो फूल कला, रीति तथा संस्कृतिप्रति अनुराग राख्नेहरूप्रति गरिने सम्मानको प्रतीक हो। ईश्वरको पूजा र अन्य महोत्सवहरूमा पहेँलो सयपत्री प्रदान गरिन्छ।

**– सुस्मिता के.सी.**

# गुलाफ : प्रेमदेखि जीवनसम्म

कुनै पनि प्रेमीलाई आफ्नी प्रेमिका प्यारी लाग्छिन्। उनको मुहार जस्तोसुकै होस् प्रायः प्रेमीले साँच्चिकै सुन्दर, निर्दोष र मायालु भनेर सौन्दर्य प्रशंसा गर्छन्। 'संसारमा तिमीजति राम्री त अरू कोही छैन'- प्रेमीले प्रेमिकालाई फूलसँग तुलना गर्दै फुर्क्याउँछन्। 'तिमी यति कोमल छ्यौ कि गुलाफसँग मात्र त्यसको तुलना गर्न सकिन्छ।' प्रतिक्रियामा प्रेमिका पनि लाजले रातोपिरो हुँदै फुस्फुसाउँछिन्- 'गुलाफ जस्तै छु र त मन पराइयो, अनि कहिल्यै नछुट्टिने गरी प्रेमबन्धनमा कसियौं।'

प्रेमजीवनलाई चित्रण गरेर लेखिएका धेरैजसो साहित्यमा यस्ता प्रसंग दोहोऱ्याई-तेहेऱ्याई पढ्न पाइन्छ। जहाँ भावना, पवित्रता र संवेदनशीलताको प्रतीक मानिने गुलाफलाई प्रेमी-प्रेमिकाले सौन्दर्यसँग दाँजेर माया साटासाट गरेका हुन्छन्। गुलाफको नाम लिएर उनीहरू कहिल्यै थाक्दैनन्। चर्चित नाटक 'प्रेमपिण्ड' मा बालकृष्ण समले गुलाफप्रतिको अगाध आस्था दर्शाएका छन्। गुलाफलाई सम्मान गरेका छन्।

उक्त नाटकमा मुख्य पात्र नकुलले आफ्नी प्रेमिका सवितालाई मृत्युपछि पनि गुलाफसंग नछुट्टिने अनौठो इच्छा प्रकट गर्दै कल्पना गरेका छन् 'प्यारी ! गुलाफको चितामा हामी जल्थ्यौं, जहाँ सुवासको धूँवा मगमगाइरहन्थ्यो।' नेपालमा मात्र होइन सम्भ्रान्त मुलुकमा बसोबास गर्नेले पनि गुलाफप्रति असीम श्रद्धा तथा प्रेम गरेको पाइन्छ। फूलको जमातमा गुलाफलाई 'राजा' बराबर मानिन्छ। 'फूलको राजा' सरह मानेर गुलाफलाई माया-प्रेमका अतिरिक्त श्रृंगार, पूजा एवं सम्मान प्रकट गर्ने काममा पनि प्रयोग गरिन्छ।

धर्म, कला तथा साहित्यका लागि कुनै न कुनै किसिमले अविभाज्य अंग बराबर बनेको गुलाफको महत्त्व अतुलनीय छ। ख्यातिप्रँप्त लेखक, कवि तथा दार्शनिकका लागि गुलाफ प्रेरणाको स्रोत नै हो। जर्मनीमा रातो गुलाफको महत्त्व नेपालमा भन्दा बढी नै छ। त्यही भएर चर्चित अंग्रेज कवि रोबर्ट बर्नसले आफ्नी प्रेमिकाको सौन्दर्यलाई वर्षायाममा फुल्ने गुलाफसँग तुलना गर्दै लेखेका छन् 'मेरी प्रेमिका वर्षायाममा फक्रिने ताजा रक्तिम गुलाफजस्तै छिन्, सारा बगैंचा ढकमक्क पार्ने त्यो गुलाफको वयान गरिसाध्य छैन।'

रोवर्टको यो कविताले जर्मनीमा एकबेला हलचल नैं मच्चाएको थियो। एलिसन रिचर्डको एउटा उद्‌गार पनि अति सुन्दर छ। आफ्नी प्रेमिकाको रूप चर्चा गर्दै उनले भनेका छन्- 'मेरी मायालुको मुहार एउटा प्राकृतिक विविधता बोकेको बँगैंचा हो, जहाँ गुलाफ र कुमुदिनीहरू लहरै फुलेका छन्।' बगैंचामा ढकमक्क फुलेको देख्नासाथै आँखा र मन खुसी हुने भएकाले गुलाफलाई मानव जीवनका लागि सर्वोच्च स्थान ओगट्ने वस्तुका रूपमा पनि लिइन्छ।

भमरा र मौरी भुनभुनाइरहेको बगैंचामा गुलाफ फक्रिएको दृश्य देख्दा भोक-तिर्खा नै हराउँछ। सायद त्यही भएर प्रसिद्ध नाटककार शेक्सपियरलाई गुलाफको सौन्दर्यले मज्जाले पगालेको पाइन्छ। १६ औं शताब्दीतिर उनले लेखेका नाटकहरूमा गुलाफको प्रसंगलाई अनगिन्ती ठाउँमा समेटेका छन्। 'कसैको फूलबारीमा जाँदा यदि गुलाफ देखिएन भने सारा बगैंचा अधुरो हुन्छ' शेक्सपियरले लेखेका छन्- 'यदि बगैंचामा गुलाफहरू ढकमक्क फुलेका छन् भने संसार गुलजार लाग्छ।'

जीवनको परिभाषा दिन पनि कतै-कतै गुलाफको चित्रण गरिएको पाइन्छ। जस्तो कि गुलाफ काँडाहरूका बीच पनि निष्फिक्री फुलिरहेको हुन्छ, मुस्कुराइरहेको हुन्छ। मानिसको जीवन पनि तिखा-तिखा काँडाहरू अर्थात् संघर्षका उकाली-ओरालीसँग पैंठेजोरी गर्दै अघि बढिरहेको हुन्छ। त्यही भएर एउटा चर्चित गीत नै छ- 'तिखा काँडाको बीचमा हेर गुलाफ हाँसेको कस्तै दुःख परे पनि।' हिन्दी गीतमा त गुलाफको चर्चा अझ बढी गरिएको पाइन्छ।

जँहा प्रेमको प्रसंग चल्छ त्यहाँ गुलाफलाई अलग्यायौं भने प्रेमको परिभाषाले त पूर्णता पाउनै सक्दैन। विश्वप्रसिद्ध कविहरूले गुलाफको महत्त्वलाई प्रेममा परिणत गरेर लेखेका छन्। क्रिस्टिना रोजेटीले 'जब म मर्छु मेरा प्रियतम' शीर्षक कवितामा 'मेरो मृत्युपछि प्रियतम ! मेरो चिहानमा गुलाफका बोटहरू नरोप्नु। किनभने, यिनका सुन्दर फूलले तिमीलाई बाँचुञ्जेल मेरो सम्झना गराउनेछन्, यादले तड्पाउनेछन् र रुवाउनेछन्' लेखेकी छन्।

सामान्यतया गुलाफ भन्नाले गुलाफी रंगको फूल बुझिन्छ। रंगअनुसार गुलाफको महत्त्व पनि फरक-फरक छ। मायाप्रेमका विविध बान्कीलाई सम्बोधन गर्न गुलाफका प्रत्येक रंगले छुट्टै विशेषता बोकेका हुन्छन्। जस्तै- रातो गुलाफ पवित्र मायाको चिनो हो। यदि कसैले यस्तो रंगको गुलाफ हातमा हालिदियो र लजाउँदै मुस्कुरायो भने 'मनमा गुम्स्याएर राखेका मायाका भाव मुखले भन्न नसकेपछि गुलाफमार्फत् व्यक्त गरेको' बुझ्नुपर्छ।

प्रेमदिवसमा प्रेमी-प्रेमिकाले एक-आपसमा गुलाफ बाँडेर आत्मानुराग साटासाट गर्छन्। यो चलन नेपालमा पनि 'प्रेमदिवस' का नामबाट मनाउन थालिएको छ। प्रेम गरिरहेका र प्रेम सफल भैसकेका प्रेमी-प्रेमिकालाई यसको राम्रो हेक्का हुनुपर्छ। यस्तै, गुलाफी रंगको गुलाफलाई रिसाएका बेला फकाउने प्रतीकका रूपमा लिइन्छ। प्रेमी अथवा प्रेमिका रिसाए गुलाफ दिए आपसी मनमुटाव अन्त्य भई पुनः प्रेम अंकुरण हुन्छ।

पहेंलो गुलाफले घनिष्टताको महत्त्व दर्शाउँछ। कालो रंगको गुलाफले चाहिं विछोडको वेदनालाई प्रतिविम्बित गर्छ। यसलाई अपशकुनका रूपमा पनि लिइन्छ। सेतो गुलाफलाई भने अलि भिन्न प्रतीकका रूपमा चिनिन्छ। यसलाई दिवंगत कसैको समाधिस्थलमा पुगेर मृतात्माप्रति समवेदना प्रकट गर्ने बेलामा प्रयोग गरिन्छ। बेलायती कवि रोबर्ट हेरिकले भने गुलाफलाई अर्को एक भिन्न अर्थमा पनि परिभाषित गर्न खोजेका छन्।

गुलाफ र नारीको कुमारित्वलाई समान मान्दै उनले 'आज मुस्कुराइरहेको सुन्दर गुलाफ भोलि ओइलाएर झर्न पनि सक्छ। जसका कारण, ए कुमारी ! तिमी लजाएर समय नफाल तत्काल तिम्रो यौवनको भरपुर प्रयोग गर' भन्ने सुझाव कवितामार्फत दिएका छन्। आफूले लेख्ने पत्रमा प्रेमी-प्रेमिकाले गुलाफको चित्र औंधी कलात्मक ढंगले बनाउँछन्। गुलाफको काँडामय झ्याङलाई प्रेमी-प्रेमीकाले सुटुक्क लुकेर मायाका मीठामीठा कुरा गर्ने, एक-आपसमा घनघोर तारिफको वर्षा गर्ने सुरक्षित र अद्‌भूत गन्तव्यस्थलका रूपमा प्रयोग गर्छन् अनि यसको थुँगा-थुँगामा माया साँचेर गुलाफकै गुच्छा बनाउँदै एक-अर्कामा अर्पित गर्न चाहन्छन् उनीहरू।

आँखाका लागि सुन्दर, मुटुका लागि गाढा र शरीरका लागि कोमल गुलाफ देखेर दूधमुखे केटाकेटी हुन् कि सैतै फुलेका बूढापाका मोहित नहुने कोही हुँदैन। सिंगो प्रकृतिलाई जीवन दिने गुलाफ नेपालको पूर्वी पहाडमा बाऱ्है महिना फुलिरहेका हुन्छन्। कसै-कसैले धेरै प्रकारका गुलाफ भेला पारेर निजी बगैंचामा संरक्षण पनि गरेको देख्न पाइन्छ। वनपाखामा पनि निकै रंगका गुलाफ फुलेका हुन्छन्। इलामका पूर्वी गाउँको पर्याय नै बनेका सुनाखरी, गोदावरी, बेगुनियाजस्ता फूलको लहरमा अब गुलाफलाई पनि उभ्याउनुपर्ने भएको छ।

त्यस क्षेत्रमा गुलाफ संरक्षण गर्न थालिएको छ। हिंजो-आज जताततै देख्न पाइने गुलाफलाई व्यवस्थित तरिकाले संरक्षण गर्ने हो भने यस क्षेत्रलाई 'गुलाफ गृह' कै रूपमा परिचित गराउन पनि सकिन्छ। धेरै उत्पादन गर्न सक्दा सीमापारि दार्जीलिङ पुऱ्याएर भारतीय रुपैंयाँमा गुलाफका विरुवा र फूल बेच्न सकिन्छ। खाँचो संरक्षणका लागि पहल र मेहनतको मात्र छ। अरू फूलको व्यावसायिक खेती हुन थालिसकेको अवस्थामा अब यसको पनि खेती गर्न ढिलाइ गर्नुहुँदैन।

संसारमा यदि गुलाफ नहुँदो हो त माया-प्रेम तथा प्राकृतिक सौन्दर्य कति नीरस हुने थियो ? नुन बिनाको तरकारी जस्तै कल्पना गर्न सकिन्छ। हाम्रा गमला, आँगन, बँगैचा, पार्क उजाड हुने थिए। धन्य गुलाफ तिमी छौ र हाम्रा नजरको अर्थ छ। चर्चित भनाइ छ- 'गुलाबको काँडाले नै प्रेमको आँखालाई घोचेर फुटाइदियो। त्यही पलदेखि सदाका लागि दृष्टि गुम्यो र प्रेम अन्धो बन्यो।' हामीचाहिं अन्धो बन्नुहुँदैन अर्थात् गुलाफको सौन्दर्यमा मात्र मख्ख परेर बसिरहनु हुँदैन, व्यवस्थित किसिमले संरक्षण गरेर यसबाट आर्थिक लाभ लिने प्रयास गर्नुपर्छ।

**–बालिका थपलिया**





# प्रेम उपहारले गुल्जार छ बजार

प्रेम भावनाको माटोमा, मनोकांक्षाको लहरामा फुल्ने त्यो फूल हो, जसलाई दृष्टिमा समाहित गर्न सकिंदैन र पनि यसको मन्द सुगन्धले हाम्रो जीवनलाई मदहोस गरिरहन्छ । फेब्रुअरी महिनाको आगमनसँगै प्रेम र रोमान्सको वातावरण बिस्तारै झाङ्गिन थालेको महसुस हुन्छ र १४ फेब्रुअरी अर्थात् भ्यालेन्टाइन-डेसम्म पुग्दा त्यसले निश्चित आकार लिन्छ । सम्भवतः यही वातावरणलाई ध्यानमा राखेर हिजोआजको बजार बिस्तारै रोमान्टिक बन्दै गएको छ । प्लेटोनिकदेखि साइबरसम्मको यात्रा तय गरिसकेको अभिव्यक्तिको शैलीलाई अझ रोमाञ्चपूर्ण, स्टाइलिस एवं चित्ताकर्षक बनाउन बजारमा थुप्रै माध्यम तथा स्रोतको उपलब्धता पनि बढ्न थालेको देखिन्छ ।

सहर-बजारका मुख्य-मुख्य स्थानमा रहेका आर्चिज र हलमार्कका शो रुमहरूमा आफ्नो मनको भावना अभिव्यक्त गर्ने माध्यमको खोजी र छनौट गर्न आउनेहरूको भीड पनि बढेको देखिन्छ । युवा पुस्तामाझ बढ्दै गएको प्रणय दिवसको क्रेजलाई मध्यनजर गर्दै विभिन्न आकार-प्रकार र मूल्यका ग्रिटिङ कार्ड, प्रेम प्रतीकका रूपमा चिनिएका विभिन्न चिन्हहरूलगायत प्रेमचिन्हअंकित फुटवेअर, टिसर्ट, टोपी, ब्याग, ज्वलेरी र उपहारका सर-सामान नेपाली बजारमा भित्रिएका छन् ।

प्रेम अभिव्यक्तिको सहज माध्यम बनेका ग्रिटिङ कार्डमा दर्जनौं डिजाइन उपलब्ध छन् । कार्डमा लेखिएका भावनाहरू, कार्डको आकार, डिजाइन, यसको सजावटमा प्रयोग गरिएका विभिन्न कुराका आधारमा बीस-पच्चीस रुपैयाँदेखि तीन-चार सय रुपैयाँसम्म पर्ने कार्डहरू बाजरमा उपलब्ध छन् । प्रेमरूपी भावनाको उद्गम स्थल मन-मुटुलाई मानिएकाले मुटु आकारलाई प्रेम प्रतीकका रूपमा लिइन्छ र यसको प्रयोग एवं प्रचलन प्रेमदिवसमा बढी हुन्छ । त्यसैले अहिले बजारमा दूध पिउने मगदेखि लगाउने कपडासम्म, टोपीदेखि जुत्ता, ज्वलेरीदेखि शो पिसका सरसामान, खाने मिठाईदेखि सफ्ट टोइजसम्मका विभिन्न सरसामग्रीमा रातो पानपाते लोगो, आई लभ यु, 'लभ' आदि शब्द अंकित भएको पाइन्छ ।

उपहार भावना अभिव्यक्तिको महत्त्वपूर्ण आधार बनेसँगै यसमा उपलब्ध विविधताले अभिव्यक्तिको बजारमा थप रौनक सञ्चार गरेको आभास हुन्छ । प्रणय दिवसको बजारमा जहाँ वास्तुशास्त्र एवं अध्यात्ममा आस्था राख्नेहरूले प्रकृतिसँग सम्बद्ध पेन्टिङ, सुन्दर ल्याम्प शेड, विभिन्न आकार-प्रकारका मूर्ति एवं फूल आदि रुचाएको पाइन्छ, त्यही फेंगसुइबाट प्रभावितहरू लाफिङ बुद्ध, थ्री वाइज मैनबत्ती, मदर अफ मर्सी, गुलडक बेम्बु, लविङ वर्ड, थ्री लेग फ्रेम, विन्ड चाइम्स आदिलाई प्राथमिकता दिन्छन् ।

क्रिस्टलका गिफ्ट आइटमको क्रेज पनि कम छैन । संगमरमर, उड, चन्दनबुड, कपडा, मिनाइल, टिकबुड, वेक्स ग्लास आदिका सर सामान पनि उपहारका रूपमा उत्तिकै प्रचलित छन् । यिनका अतिरिक्त रातो मुटु चिह्नअंकित ह्वाइट टेडी बियरजस्ता सफ्ट टोइजप्रतिको आकर्षण पनि कम छैन ।

यसैगरी शेरामिक शो पिसहरू, हार्ट शेप सफ्ट टोइज, उडन शोपिसेज, एञ्जेल हार्ट शेप शोपिस, कलरफुल ल्याम्पसेट, फोटो फ्रेम, बेक्सबाट बनेका लव वर्ड्स, परेवाको जोडी, क्युपिड, चुम्बन गरिरहेको जोडी, आलिंगनबद्ध युगल जोडी, नृत्य गरिरहेको जोडी, ताजमहल, दर्जनौं थरीका विन्ड बेलहरू, जेल क्यान्डल, एरोमा क्यान्डल, किङ कप आदि थुप्रै प्रेम अभिव्यक्तिका माध्यमहरू प्रणय दिवसकै अवसर भनेर उपलब्ध छन् ।

कार्ड र उपहारका अतिरिक्त प्रेम अभिव्यक्तिमा महत्त्वपूर्ण भूमिका खेल्ने फूलको बजार व्यस्त हुन्छ । भ्यालेन्टाइड डेमा विशेष गरी रातो गुलाबको फूलको व्यापार बढ्ने कुरा व्यवसायीहरू बताउँछन् । बितेका वर्षमा यस दिनमा मात्रै डेढ लाखसम्मको व्यापार हुने गरेको उनीहरूको कथन छ ।

राजधानीको थापाथली, त्रिपुरेश्वर, जावलाखेल, कमलादी, काठमाडौं प्लाजावरपरका क्षेत्रमा फूलको खरिद-बिक्रीका लागि घुइँचो लाग्ने गरेको देखिन्छ । विशेष गरी लामो स्टेम भएको सिंगल रेड रोज, लामै स्टेम भएका अठारवटा र नौवटा रेड रोजको बुके वा फ्लावर बास्केटको प्रचलन बढी छ । फूलका लागि तीस-चालीस रुपैयाँ देखि हजार-पन्ध सयसम्म खर्च गर्नेहरू प्रशस्तै भेटिन्छन् । यस दिन रातो गुलाबबाहेक गुलाबी तथा सेतो रंगको गुलाब, सेतो रंगको गोदावरी, ट्युलिप फूल, क्यामेलिया, कमल, चमेली, जुही, पहेंलो लिली आदि पनि प्रयोग भएको पाइन्छ । भ्यालेन्टाइन डेको बजारमा परफ्युम तथा चकलेटको खरिद-बिक्री पनि उत्तिकै हुन्छ । आपसी सम्बन्धलाई विशेष दर्साउन, आत्मीयता बढाउन परफ्युमलाई अभिव्यक्तिको माध्यमका रूपमा लिने गरेको पाइन्छ ।

प्रेमको मीठो अभिव्यक्तिका लागि हार्ट शेप क्यान्डी, चकलेट बास्केट, चकलेट प्याकतर्फको क्रेज पनि उस्तै छ । स्वादको माध्यमबाटै प्रेम अभिव्यक्त गर्न चाहनेहरूका लागि विभिन्न बेकरी आइटम जस्तै डार्क फरेस्ट, हार्ट सेप कुकीज, पेस्ट्री, केक आदि उपलब्ध छन् । यसैगरी भेनिला, स्ट्रबेरी, चकलेट, २१ लभ ब्लाइन्ड डेट आदि फलेभरका आइसक्रिम पनि प्रेम अभिव्यक्तिका साथी बन्न सक्छन् ।

अन्य अभिव्यक्तिका माध्यममा गर-गहनाको उपयोगिता पनि बढेको पाइन्छ । भ्यालेन्टाइन डेमा विशेष गरी पर्लको ब्रासलेट, नेकलेस, पेन्डेन्ट, औंठी, टप आदिको प्रचलन बढ्दो छ । यसैगरी स्वरोस्की क्रिस्टल हार्ट इयररिङ, सिल्भर फ्लावर पेन्डेन्ट, स्टरलिङ, नेकलेस, लभ ब्रेसलेट, बटरफ्लाई नेकलेस, ब्रेसलेट आदि बढी प्रचलनमा देखिन्छन् ।

भ्यालेन्टाइन ज्वेलरी कार्डभित्र भने हीरा, सिल्भर, अक्सिडाइज सिल्भर विभिन्न फेसन ज्वलेरी पर्लका ज्वलेरी आदिलाई प्राथमिकता दिइएको पाइन्छ । प्रेम अभिव्यक्तिको बजारमा भेटिएका अनगिन्ती माध्यममा रोमान्टिक कविता-संग्रहहरू, रोमान्टिक नोभेल, रोमान्टिक गीतका सिडी, एमपीथ्री, बेल्ट, वालेट, स्वीस नाइफ, आकर्षक डिजाइन भएका बक्कल, कफ्लिक, टाइपिन, की-चेन, जिप्पो, लाइटर आदि पनि छन् । यसैगरी क्लासिक शैलीका कलचेज, ह्यान्ड ब्याग, फन्की कलरयुक्त स्लिङ, विभिन्न डिजाइनका फुटवेअर, सनग्लासेस, टी सर्ट, क्याप, फेन्सी नाडी घडीहरू स्कार्फ, हेयर ब्यान्ड, रिष्ट ब्यान्डलगायत थुप्रै कुरालाई आफ्नो उपहारमा समावेश गर्न सकिन्छ ।

भ्यालेन्टाइन डेमा शपिङको महत्त्वलाई ध्यानमा राखेर अधिकांश सपिङ सेन्टर, डिपार्टमेन्ट स्टोर, मल तथा मार्केटमा छुट र विशेष उपहार योजनासमेत सञ्चालनमा ल्याइएको पाइन्छ । यसैगरी विभिन्न क्याफे, रेस्टुराँ तथा तारे होटलमा समेत स्पेसल भ्यालेन्टाइन डे मेनुका साथमा विभिन्न मनोरञ्जनात्मक कार्यक्रमहरूको व्यवस्था गरिएको देखिन्छ । उल्लेखित दर्जनौं उपायका साथमा भ्यालेन्टाइन-डेलाई लक्षित गरी खोलिएका दर्जनौं वेबसाइटका माध्यमबाट पनि आफ्ना भावनाहरू विद्युतीय तरंगमार्फत् प्रेयसी-प्रेमीसमक्ष व्यक्त गर्न सकिन्छ ।

**–रोजिन शाक्य**

## प्रणयदिवसमा उपहारको महत्त्व



युवायुवतीबीच लोकप्रिय चाड प्रेमदिवस नजिकिन थालेपछि काठमाडौंलगायत विभिन्न ठाउँमा यसको चर्चा-परिचर्चा बढ्न थालेको छ । विभिन्न ठाउँका उपहार पसलहरू गुल्जार भएका छन् भने यस्ता पसलका व्यापारीहरूलाई भ्याई-नभ्याई छ । प्रणय दिवसका दिन प्रेमी-प्रेमिकाले विभिन्न उपहार आदान-प्रदान गरी आफूहरूबीचको प्रेमलाई अझ प्रगाढ बनाउँछन् भने यही दिन पारेर उपहारको माध्यमबाट कतिले आफ्नो प्रेमप्रस्ताव पनि राख्छन् । भनिन्छ, मायाले जोड्छ तर घृणाले छुट्याउँछ । यही मायाले एक मनलाई अर्को मनको ढुकढुकी बनाउँछ र यसरी एक मनको ढुकढुकी अर्को मनमा धड्कन सहयोग गर्छ उपहारले । प्रणयदिवसको समयमा उपहार पसलहरूमा जस्तै फूल, ग्रिटिङकार्ड, प्रेम प्रतीकका रूपमा चर्चामा रहेका चिह्न, गीतिएल्बम तथा प्रेमकथामा आधारित उपन्यासहरू किन्न मानिसहरूको घुइँचो लाग्छ । यतिबेला यी सामानको मागमा बाढी नै आउँछ । यस्ता सामानका व्यापारीहरू पनि प्रणयदिवसलाई लिएर धेरै आशावादी हुन्छन् । उपहारले सम्बन्धलाई नजिक ल्याउने र माया दर्साउने काम गर्छ । उपहारमध्ये सर्वाधिक चर्चामा रहेको ग्रिटिङ्स कार्डको चलन सुरुदेखि नै छ । प्रायः जन्मदिनमा शुभकामना आदान-प्रदान गर्न प्रयोग हुने ग्रिङ्टिसको प्रयोग केही वर्षयतादेखि प्रणय दिवसको दिन बढी मात्रामा भएको पाइन्छ । ग्रिटिङ्स कार्ड स्वयं आफूमा मायाले भरिएको सन्देश हो तर यदि तपाईं आफूलाई दुई-चार पंक्ति यसमा समावेश गरिदिएको खण्डमा सुनमा सुगन्धझैं हुन्छ । बजारमा विभिन्न प्रकारको ग्रिटिङ्स उपलब्ध छन्, जसले हरेक सम्बन्धलाई बाँधेर राख्छ । आमाबाबु, दाजुबहिनी, साथी, प्रेमी-प्रेमिकाका लागि फरक-फरक प्रकारको ग्रिटिङ्स पाइन्छ ।

यदि यसपालिको प्रणय दिवसका दिन तपाईं आफ्ना प्रेमी-प्रेमिकालाई ग्रिटिङ्स दिने विचार गर्दै हुनुहुन्छ भने त्यस्तो ग्रिटिङ्सको चयन गर्नुहोस्, जसले तपाईंको भावनालाई व्याख्या गर्न सकोस् । यस दिनको ग्रिटिङ्सको महत्त्व अरू दिनभन्दा छुट्टै हुन्छ । त्यसैले ग्रिटिङ्समा मायाका केही चिन्हका साथमा सन्देश पनि त्यस्तो लेखिएको होस्, जसले मन छुन सकोस् र तपाईंको प्रेम पढेर उहाँले तपाईंको भावनाको गहिराइ बुझ्न सकुन् । यदि ग्रिटिङ्सको माध्यमबाट प्रणय दिवसको दिन कसैलाई प्रेम प्रस्ताव राख्दै हुनुहुन्छ भने त्यसमा प्रेमचिन्हहरू जस्तै रातो गुलाफको फूल मुटुमा तीरले छेडेको र दुई बालबालिकाले चुम्बन गरेको दृश्य भएको ग्रिटिङ्स कार्ड दिनुहोस्, जसमा मायाको तीन अक्षर आई लभ युले लेखिएको होस् । यस्तो ग्रिटिङ्सले प्रेमप्रस्ताव राख्नुहुन्छ भने तपाईंले आफ्नो मुखबाट कुनै शब्द ननिकाले पनि तपाईंको साथीले तपाईंको मनको भावना बुझ्छ ।

त्यस्तै अर्को महत्त्वपूर्ण प्रेम उपहार बन्न सक्छ प्रेम गीतिएल्बम, जसको माध्यमबाट तपाईं आफ्ना भावनाहरू आफ्नो प्रेमीसमक्ष पुऱ्याउन सक्नुहुन्छ । प्रणयदिवसलाई लक्षित गरी विभिन्न एल्बम बजारमा रिलिज हुन्छन् । प्रणयदिवसको अवसरमा विभिन्न चलचित्रमा हिन्दी, नेपाली, अंग्रेजी, गीतिएल्बमहरू बजारमा ल्याइन्छ, जसमा केवल माया-प्रेमका गीतहरू मात्र समावेश गरिएको हुन्छ । गएको वर्ष भारतलगायत नेपालमा दिल तो पागल है, मोहब्बते, दिलवाले, दुल्हनिया ले जाएगेंजस्ता चलचित्रका डिभिडी प्रेमदिवसका अवसरमा सबैभन्दा बढी बिक्री भएको एक तथ्यांकबाट थाहा भएको छ ।


त्यस्तै प्रणय दिवसको अवसरमा बुके पसलहरूमा पनि भीड देखिन्छ । आफ्नो प्रेमप्रस्ताव राख्ने सबैभन्दा उपयुक्त रातो गुलाफको फूलको यो दिन महत्त्वपूर्ण हुन्छ । प्रणयदिवसको दिन प्रायः युवाहरूको हातमा रातो गुलाफको फूलको गुच्छा देख्न सकिन्छ । गुलाफको गुच्छा नभेटे एउटा मात्र गुलाफको फूलले पनि प्रेमी-प्रेमिकाले माया साटासाट गरेको पनि देख्न सकिन्छ ।

त्यस्तै अरू प्रणय उपहारहरूमा मुटुको चित्र भएको टोपी, भेस्ट, पाइन्ट, स-साना प्रेमचिन्ह अङकिङ गिफ्टहरू पेन्टिङ, ल्याम्प विभिन्न आकारका फूल र मूर्तिहरू, मैनबत्ती विन्ड चाइम्सहरू पनि त्यत्तिकै मात्रामा किनबेच हुन्छन् । यस दिन उपहार पसलहरू मात्र नभै विभिन्न पार्क, रेस्टुराँ, डिस्कोहरूमा युगल जोडीहरूको भीड लाग्ने र माया साटासाटका साथै उपहार आदान-प्रदान हुन्छ ।

उपहारको माध्यमबाट हामी नजिकिन्छौं । एक-अर्काको सम्बन्धमा प्रगाढता थपिन्छ । उपहारले मानिसलाई एक-अर्कामा नजिक्याउँछ भन्दैमा महँगो उपहार किन्न, अरूको उपहारभन्दा आफ्नो महँगो र राम्रो हो भनेर घमन्ड गर्ने, पर्वको सांस्कृतिक गरिमा र महत्त्व नझल्किए त्यस्तो उपहारको कुनै अर्थ हुँदैन । उपहार त्यस्तो हुनुपर्छ जसले आफ्नो मनमित्र सम्बन्धित व्यक्तिप्रति कस्तो भावना छ त्यो झल्काउन सकोस् । उपहार प्रेम, आत्मीयता भावना दर्साउने खालको हुनुपर्छ ।

**–अरुणा भट्टराई**

# राशिअनुसारको प्रेम



पं. वासुदेवकृष्ण शास्त्री

आकाशमा घुम्ने ग्रह, नक्षत्र एवं तारा आदिले मानव जीवनमा विशेष महत्व राख्छन्। जसअन्तर्गत प्रेम पनि एउटा ग्रहको वरदान हो। मानव मस्तिष्कमा उठ्ने तरङ्ग, मनको भावना, प्रेम यावत् कुरामा यसले ठूलो प्रभाव पारेको हुन्छ। औंसीको दिन समुद्र शान्त रहन्छ भने पूर्णिमाको दिन समुद्रमा ज्वारभाटा उत्पन्न हुन्छ। त्यसको मूल कारण चन्द्रमाको किरणको प्रभाव हो भन्ने ज्योतिषशास्त्रीय मत छ। त्यसैगरी सुर्योदय हुनासाथ कमलको फूल पानीमा फुल्छ भने सूर्यास्तसँगै कमलको फूल ओइलाउँछ।

यो कुरा प्रेमको सन्दर्भमा पनि लागू हुन्छ। कसैलाई देख्दा आनन्दको अनुभूति हुन्छ, आत्मीयताको आभास हुन्छ। त्यसैगरी कहिलेकाहीं कहिल्यै नदेखेको मानिसलाई एकाएक देख्दा अथवा कुरा गर्दा पनि अनावश्यक इर्ष्या, घृणा जस्ता भावना उत्पन्न हुन्छन्। यसो किन हुन्छ त ? यसको मूल कारण ग्रह नक्षत्रको प्रभाव नै हो।

प्रेम शब्दले पहिलो प्रभावस्वरुप युवा-युवतीबीचको आत्मीय भावलाई जनाउँछ। प्रेम शब्दले ठाउँअनुसार भक्तले भगवान्प्रति, आमाले छोरा-छोरीप्रति देखाउने आत्मीयतालाई पनि नजनाउने होइन। यद्यपि आधुनिक समयमा प्रेम शब्दले बढीजसो युवा-युवतीको भावनात्मक सम्बन्धलाई नै बुझाउन थालेको छ। ज्योषिशास्त्र अनुसार ग्रह, नक्षत्रका कारण मानिसको प्रेममा आत्मीयता बढ्ने वा घट्ने परिस्थिति उत्पन्न गर्न सक्छ।



## मेष





मेष राशि हुने पुरुष तथा महिलाको प्रेमसम्बन्ध कन्या तथा वृश्चिक राशिसँग प्रगाढ हुन सक्दैन। यो रासीका व्यक्तिहरू सेना, सुरक्षाको क्षेत्रमा कार्य गर्न इच्छुक हुन्छन्। यी राशिहरूबीच पहिले केही समयका लागि प्रेमसम्बन्ध स्थापित भए पनि यस्तो सम्बन्ध दीर्घकालीन हुन सक्दैन। ज्योतिष शास्त्रअनुसार मेष राशिका व्यक्तिहरूले कन्या तथा वृश्चिक राशिसँग प्रेम विवाह गर्नु उपयुक्त मानिदैन। मेष राशिको स्वभाव दृढ निश्चयी तथा आक्रामक हुन्छ यद्यपि उनीहरू आफ्नो काम निकाल्नु परेको खण्डमा सरल व्यवहार गर्छन्। कन्या राशिका पुरुष तथा महिलाहरू भावुक हुनुका साथै मनोरञ्जन, संगीत एवं कलाप्रति रुचि राख्छन्। विपरीत चिन्तनका कारण नै यिनीहरूबीचको सम्बन्ध लामो समय जान सक्दैन। ज्योतिषशास्त्र अनुसार यदि यी दुई राशिबीच लामो समयसम्म सम्बन्ध स्थापित भयो भने बुझ्नुपर्छ, यी दुईमध्ये कसैले सम्झौता गरिरहेको छ।

## वृष





वृष राशिको प्रतिनिधित्व गर्ने ग्रह शुक्र हो। यो ग्रह भएका मानिसहरू आफूले मन पराएको मानिससँग कुरा गर्न डराउने खालका हुन्छन्। त्यसैले यो राशिका मानिसहरू प्रेम प्रस्ताव राख्न सकिरहेका हुँदैनन्। अरूको सहयोगबाटै आफ्नो प्रेम सफल होस् भन्ने चाहना राख्छन्। वृष राशिका व्यक्तिहरू धनु र तुलाराशिका व्यक्तिसँग प्रेम गर्न सक्दैनन्। यस्ता महिला-पुरुषबीचको वैवाहिक सम्बन्धमा सन्तुलन एवं सामाजस्यता हुँदैन। यो रासीका व्यक्तिहरू सञ्चार, लेखन, ज्योतिष एवं वकालततर्फ आकर्षित भएको पाइन्छ।

## मिथुन




मिथुन राशि हुनेहरू एकोहोरो स्वभावका हुन्छन्। यही एकोहोर्याइले उनीहरू साहित्य, संगीत तथा कलाप्रति आकृष्ट हुन्छन्। यो राशिका धनीहरूको वृश्चिक राशिसँगको प्रेमसम्बन्ध दिगो बन्न सक्दैन। वृश्चिक राशि भएका नारी-पुरुष मनोरञ्जन एवं विलासिताप्रति बढी रुचि राख्छन्। उनीहरू कि त हलुका खालका पुस्तक वा चलचित्रप्रति कि त गम्भीर दर्शनमा रुचि राख्छन्। यही स्वभावगत भिन्नताका कारण यी दुईबीचको प्रेमसम्बन्ध दिगो हुन सक्दैन। यी दुई राशिबीचको विवाहलाई पनि ज्योतिषशास्त्रले असफल हुनसक्ने ठहऱ्याएको छ। मिथुन रासी हुनेहरू व्यापार-व्यवसाय एवं साहित्य सिर्जनशिलतामा आकृष्ट हुन्छन्।

## कर्कट




कर्कट राशिको स्वामी ग्रह चन्द्रमा हो। चन्द्रमा भएकै कारण कर्कट राशि हुने महिला तथा पुरुष शान्त, सरल तथा सजिलै काम लिन सकिनेखालका हुन्छन्। यो राशि भएका महिला तथा पुरुषको मेल धनु तथा कुम्भ राशि भएका महिला तथा पुरुषसँग हुन सक्दैन। यी दुई राशिबीच प्रेम भैहाल्यो भने त्यो शारीरिक तहसम्म मात्र हुनसक्छ, आत्मीक प्रेम हुन गाह्रो पर्छ।

## सिंह




राशिहरूमध्ये सबैभन्दा कडा राशि सिंह हो। यसको स्वामी सूर्य हो। सूर्य स्वामी भएकै कारण सिंह राशिका मानिसहरू सामान्य मानिसका तुलनामा बढी रिसाउने, ठूलठूला काम गर्न खोज्ने तथा अतिरञ्जनातर्फ आकर्षित हुन्छन्। यस्ता मानिसलाई विज्ञान, हिसाब तथा अन्तरिक्षका सम्बन्धमा ठूलो जिज्ञासा हुन्छ। यो राशि भएका महिला तथा पुरुषको प्रेम मकर तथा मीन राशिका महिला-पुरुषसँग दीर्घ हुन सक्दैन। मकर तथा मीन राशिका महिला-पुरुष यो स्वभावभन्दा फरक हुने भएकाले ज्योतिषशास्त्रले यी ग्रहबीच लामो सम्बन्ध नराख्न सल्लाह दिन्छ।

## कन्या




कन्या राशिको स्वामी बुध हो। बुधलाई संगीतको जननी मानिन्छ। मधुर संगीत कन्या राशिलाई सबैभन्दा मनमर्ने कुरा हो। कन्या राशिहरू खोलाको छङछङ, कोइलीको कुहु कुहु सुन्दा पनि भावुक भएर एकोहोरिन्छन्। यस्ता महिला-पुरुषहरू गम्भीर खालको व्यवहार गर्न सक्दैनन्। यो राशि हुनेहरू कुम्भ तथा मेष राशिका महिला-पुरुषसँग लामो समय सम्बन्ध स्थापित गर्न सक्दैनन्। कुम्भ राशिका पुरुषहरू दृढनिश्चयी हुने तर कन्या राशिहरू चाँडै बहकिने भएकोले पनि यिनीहरूबीच सम्बन्ध प्रगाढ हुन नसक्ने दावी ज्योतिषशास्त्रको छ। त्यसैगरी मेष राशिका व्यक्तिहरू पनि दृढ निश्चयी हुने भएकाले कन्या राशिसँग विवाह नगर्ने सल्लाह दिइएको छ।

## तुला




तुला राशिको प्रतिनिधि ग्रह शुक्र हो। शुक्र स्वामी भएकाले तुला राशिका व्यक्तिहरू चाँडै अरूको विश्वास गर्छन्। तुला राशिका व्यक्तिसँग काम लिन सजिलो हुन्छ तर यस्ता व्यक्तिहरूले आफ्नो सोझोपनको फाइदा उठाएको कुरा थाहा पाएको खण्डमा जीवनभर माफी दिंदैनन्। त्यसैले यो राशि भएका व्यक्तिसँग मीन तथा वृष राशिका महिला-पुरुषको प्रेमसम्बन्ध स्थापित हुन सक्दैन। मीन तथा वृष राशिका मानिसहरू भने सानातिना गल्तीलाई साधारण मान्छन्। यही बानीका कारण उनीहरूबाट केही गल्ती हुनपुग्छ। यही गल्ती नै प्रेमसम्बन्ध बिग्रने कारण बन्न जान्छ।

## वृश्चिक



वृश्चिक राशिको प्रतिनिधि ग्रह मंगल हो। मंगल रातो ग्रह हो। यसको छायाँ वृश्चिक राशिका मानिसमा परेको हुन्छ। त्यसैले उनीहरू हिम्मतिला, फुर्तिला, झगडालु तथा लडाकु स्वभावका हुन्छन्। यो राशिका मानिसहरूसँग मेष तथा मिथुन राशि भएका महिला-पुरुषसँग दिगो प्रेमसम्बन्ध कायम हुन सक्दैन। यी दुवै राशि भावुक, कमजोर तथा संवेदनशील हुने भएकाले यी दुवै राशिबीच मेल खाँदैन। ज्योतिषशास्त्रले यी राशिबीच विवाहको अनुमति दिंदैन।

## धनु





यो राशिको स्वामी बृहस्पति हो। बृहस्पति भएका कारण धनु राशि भएका व्यक्तिहरू ज्ञान-विज्ञान, अतिरञ्जना, अनुसन्धान तथा गम्भीर लेखनमा विश्वास राख्छन्। उनीहरू आफ्नो कुनै कार्य चर्चित बनोस् भन्ने चाहना राख्छन्। यो राशि भएका व्यक्तिहरूसँग वृष तथा कर्कट राशि भएका महिला-पुरुषको सम्बन्ध स्थापित हुन सक्दैन। मेष तथा कर्कट राशिका व्यक्तिहरू सहज, सरल अर्थात् बिनाझन्झटको जिन्दगी बिताउने चाहना राख्छन्। यी राशि भएका व्यक्तिहरूमा श्रीमान्-श्रीमतीले बढी समय देओस् भन्ने चाहाना हुन्छ। धनु राशिका व्यक्तिहरूको प्रेमसम्बन्ध वृष तथा कर्कट राशि भएका महिला-पुरुषबीच दिगो हुन सक्दैन। ज्योतिषशास्त्रले यिनीहरूबीच विवाहको अनुमति दिंदैन।

## मकर





मकर राशिको स्वामी शनि हो। शनि स्वामी भएका व्यक्तिहरूमा अरू मानिसबीच सद्भाव रहन्छ। उनीहरू सबैको अस्तित्व स्वीकार गर्नुपर्छ भन्ने मान्यता राख्छन्। यद्यपि मकर राशिका व्यक्तिहरू आफूलाई मनमा लागेको कुरा नै सत्य हो भन्ने भ्रममा रहन्छन्। यो भ्रमलाई चिर्ने प्रयास गर्दा सम्बन्ध बिग्रन सक्ने सम्भावना हुन्छ। यो राशि भएका व्यक्तिहरू मिथुन तथा सिंहसँग लामो समय मिलेर बस्न सक्दैनन्। सिंह राशिका व्यक्तिहरू हठी हुन्छन् भने मकर राशि भएका व्यक्तिहरूमा पनि आफ्नै प्रकारको हठ हुन्छ। यही हठी स्वभावका कारण यी दुई राशिबीच स्थायी प्रेम स्थापित हुन सक्दैन। मिथुन राशिवालाहरू एकोहोरो रूपमा कला, संगीत तथा साहित्यतर्फ झुकाव राख्ने हुनाले मकर राशिहरूसँग मिल्न सक्दैनन्।

## कुम्भ




यो राशिको प्रतिनिधि ग्रह पनि शनि नै हो। कुम्भ र मकर राशिका धेरैजसो स्वभाव मिल्छन्। कुम्भ रासी हुनेहरू प्राविधिक पेशामा संलग्न हुन चाहन्छन्। यद्यपि कुम्भ राशि हुनेहरू मिथुन तथा सिंह राशिका व्यक्तिहरूसँग मिल्न सक्दैनन्। यिनीहरूमा योनी, गण, नक्षत्र आदिको फरक हुने भएकाले यिनीहरूको मिलन सम्भव भएको हो। कुम्भ राशिका व्यक्तिहरू कर्कट तथा कन्या राशिका व्यक्तिहरूसँग मिल्न सक्दैनन्। ज्योतिषशास्त्रले यिनीहरूबीच वैवाहिक सम्बन्ध पनि न्यानो हुन नसक्ने बताएको छ।

## मीन




मीन राशिका महिला-पुरुष यौनप्रति बढी उत्सुक हुन्छन्। उनीहरूलाई यौन समागममा सहजै आकर्षित गर्न सकिन्छ। मीन राशिका व्यक्तिहरू लेखन, कला, साहित्य, वकालत, राजनीति जस्ता पेशा प्रति आकर्षित हुन्छन्। यिनीहरूको प्रेम तथा वैवाहिक जीवन अन्य राशिका महिला-पुरुषको तुलनामा सफल हुन्छ। यद्यपि उनीहरूमा सहजता, सरलताको फाइदा उठाएको कुरा थाहा पाएको खण्डमा उनीहरूसँग लामो समयसम्म सम्बन्ध स्थापित गर्न सकिदैन। मीन राशिका व्यक्तिहरूसँग सिंह तथा तुला राशिको त्यति राम्रो मेल पाइँदैन। यी दुई राशिका महिला-पुरुषसँग प्रेम गर्न इच्छुक देखिंदैनन्। यदि प्रेम भैहाले पनि उनीहरूबीच विछोडको सम्भावना बढी हुन्छ।



# प्रणयमा प्रकट दाइ

## प्रेम दिवस थियो त्यो दिन...

प्रेम दिवस थियो त्यो दिन चिसो रात थियो
त्यानो भन्ने मात्र तिम्रै कोमल हात थियो ।

जुनेलीको जून थियो जूनको भाषा बुझ्ने
हामी दुई जनाको मात्रै मीठो साथ थियो ।

आहा !!! हामी एक-अर्काको अँगालोमा कस्सिएथ्यौं
तिम्ले चुम्ने मेरा अधर मैले चुम्ने माथ थियो ।

कति कुरा नबोलेरै हामी बुझ्न सक्थ्यौं
पिरतीको भाषा बुझ्ने हाम्रो आँट थियो ।

यसै मीठो तिम्रो साथ उसै मीठो प्रेमदिवस
जे पिए'नि नशा लाग्ने त्यस्तै-त्यस्तै मात थियो ।

## हल्का हल्का मात थियो...

साँझ थियो, तिमी थियौ, हल्का-हल्का मात थियो
जुनेलीको उज्यालोमा, जवानीको बात थियो ।

लोलाएथे तिम्रा नजर मदहोश थिए लालीअधर
मेरो शिरको सिरानीमा तिम्रै कोमल हात थियो ।

संसार धेरै रमाइलो छ बाँच्न जान्ने मनहरूलाई
तिम्रो हार्दिक समर्पण नै मेरा लागि सौगात थियो ।

एकातिर कलकलाउँदो सलसलाउँदो तिम्रो यौवन
अर्कातिर मगमगाउँदो छेउमा पारिजात थियो ।

सुस्त-सुस्त छेकियो जून सुस्ताउन थाल्यौ तिमी
हामीसँग थकित-थकित बाँकी एउटा रात थियो ।

## तिम्रो हातले पिलाउँदा...

तिम्रो हातले पिलाउँदा पानी परोस् साँझपख
आँगनमा पूर्णिमाको जून झरोस् साँझपख ।

दियो बलोस् मझेरीको खोपाभित्र मधुर-मधुर
सुकन्याको अधरले मुस्कान छरोस् साँझपख ।

आँखैआँखा बोलिरहून् भाषा बनोस् आकर्षणको
देब्रे छातीनेरै हाम्रो भाव चरोस् साँझपख ।

रित्तियो कि गिलास मेरो- सिद्धियो कि मीठो सितन
स्निग्ध कञ्चन सुराहीले गिलास भरोस् साँझपख ।

आज सायद हामी दुईको मनको इच्छा पूरा हुन्छ
ल है आज इष्टदेवले भलो गरोस् साँझपख ।

## ऐना मै'सापको...

कति मीठो नाम रै'छ 'रैना' मै'सापको
रैना रैना जपिराख्छ मैना मै'सापको ।

फिका लागे अरू सबै यस्तो रूप देख्दा
नीलो गहिरो सागरजस्तै नैना मै'सापको ।

दूधैदूधले धोएजस्तै कलकलाउँदो मुहार
थुप्रै होलान् वस्तुभाउ लैना मै'सापको ।

राजीनामा पास गर्थें औंठाछाप लगाई
मेरै नाममा परे धर्म बैना मै'सापको ।

एकान्तमा देख्न पाउँछ यस्तो रूपरंग
भाग्यमानी रै'छ सत्ये ऐना मै'सापको ।

## अलि छोटो लगाइस्सियो...

अलि छोटो लगाइस्सियो चोली मै'सापले
चोलीबाटै चलाइस्सियो गोली मै'सापले ।

एकोहोरो सुनीरहूँझैं प्युरीजस्तै कुरा
कहाँ सिकिस्सियो नरम बोली मै'सापले ।

भिखारी हुँ प्रेमनगरको भिक्षादेही प्रिया
समर्पणले भर्दिस्सियोस् झोली मै'सापले ।

कता-कता रन्को लाग्यो बोलाएझैं लाग्यो
झम्केसाँझमा दिलको ढोका खोली मै'सापले ।

फागुनमै लिन आऊँ कि पर्खूं वैशाखसम्म
कुन महिनामा चुमिस्सिन्छ डोली मै'सापले ।

## कसौंला नि भरे राति...

किन अहिले हतारिन्छ्यौ बसौंला नि भरे राति
दुवै ज्यानले दुवैलाई कसौंला नि भरे राति ।

साँझपख पिउने बेला आयौ एक्लै एकान्तमा
यी ओठले ती ओठलाई डसौंला नि भरे राति ।

पहिलो चरण स्वागतमा औंलाहरू चुम्न देऊ
दोस्रो चरण अँगालोमा खसौंला नि भरे राति ।

अहिले मलाई पिउन देऊ मस्त-मस्त नशालु भै
जे-जे घस्नुपर्छ चिल्लो घसौंला नि भरे राति ।

बाहिर जूनको जुनेलीमा बसौं एकछिन बात मार्दै
पर्ख-पर्ख कोठाभित्र पसौंला नि भरे राति ।

## तप्प-तप्प जलबिन्दु...

तप्प-तप्प जलबिन्दु चुहाएर के निस्कियौ
स्निग्ध कञ्चन कोमल आहा नुहाएर के निस्कियौ ।

भाग्यमानी रै'छ साबुन फिंजैफिंज भै बरालियो
जुन साबुनलाई अंग-अंग छुवाएर के निस्कियौ ।

पानी पनि आगो बन्छ कामदेवको आशिष पाउँदा
जुन पानीमा यस्तो रूप डुबाएर के निस्कियौ ।

घामको कुरा नगरौं भो टाँसियो घाम त्यही लुगामा
जुन लुगालाई भर्खर तिम्ले सुकाएर के निस्कियौ ।

त्यही गाँठोमा गाँठो पार 'प्रकट' लाई ओ रूपसी !
जुन गाठोमा कोमल अंग लुकाएर के निस्कियौ ।

## आज मेरो अँगालोमा...

फूलजस्तो मेरो काखमा बस्दाखेरि कस्तो लाग्यो ?
दुई हातको बरियोले कस्दाखेरि कस्तो लाग्यो ?

आँगनीमा जूनकीरीको रासलीला देखेपछि
दैलो खोली मझेरीमा पस्दाखेरि कस्तो लाग्यो ?

हिजोअस्ती भीरमा खस्यौ, पीरमा खस्यौ, तीरमा खस्यौ
आज मेरो अँगालोमा खस्दाखेरि कस्तो लाग्यो ?



मस्त-मस्त लोलाएका नजरहरू बोल्दै गर्दा
यी अधरले ती अधरलाई डस्दाखेरि कस्तो लाग्यो ?

ओ मेनका ! ओ उर्वशी ! तिलोत्तमा ! सुनकेशरी !
तिम्रै प्रशस्तीको चिल्लो घस्दाखेरि कस्तो लाग्यो ?

## सारीको सप्को अलि माथि...

हातमा समाई उनलाई खोला तार्नुको मज्जा बेग्लै थियो
सारीको सप्को अलि माथि सार्नुको मज्जा बेग्लै थियो ।

वारिबाट पारिसम्म छोटो बाटो भए पनि
आलेटाले गर्दै बेला टार्नुको मज्जा बेग्लै थियो ।

भेल थियो भेलमा उनले डराएर टेक्नै छाडिन्
मलाई भने यस्तै मौका पार्नुको मज्जा बेग्लै थियो ।

कुन्नी कता के-के गर्दा छोयो केमा पाखुराले
त्यतिबेला मैले धीत मार्नुको मज्जा बेग्लै थियो ।

खोला तरी आइयो किनार भिजिन् उनी निथ्रुक्कै भै
लुगा निचोरेर पानी झार्नुको मज्जा बेग्लै थियो ।

## यतै सद्बीज छरौं भन्दा..

आऊ कुरा गरौं भन्दा हुन्छ भनिन् उनले
सँगै खोला तरौं भन्दा हुन्छ भनिन् उनले

गाउँमा पाइक पर्दैन भो, कुरा गर्न त्यस्ता
तल बेसी झरौं भन्दा हुन्छ भनिन् उनले

दुवै जना मस्त हुँदै बाटो काट्दै जाँदा
प्रीतको झोली भरौं भन्दा हुन्छ भनिन् उनले

अँगालोमा कस्सिएर चुम्दै अंग-अंग
यो जवानीको रंग हेरौं भन्दा हुन्छ भनिन् उनले

जंगलभित्र एकान्तमा रूखको छेल पारी
यतै सद्बीज छरौं भन्दा हुन्छ भनिन् उनले ।

## मज्जा पनि कस्तो मज्जा...

तिम्रो हातले भरि गिलास पिलाएको छुट्टै मज्जा
कोखाइ-कोखाइ भन्दै सितन खिलाएको छुट्टै मज्जा ।

को हुन्छन् र ओठ टोक्दै गिलास भर्दै दिने मान्छे
त्यसमाथि झन् बाहुपास नै दिलाएको छुट्टै मज्जा ।

मध्यरात छ हामी दुई छौं चकमन्न अँध्यारो छ
छामछाम-छुमछुम गर्दै ओछ्यान मिलाएको छुट्टै मज्जा ।

यता मैले तान्दा उता तिमले तान्दा फाट्यो च्यादर
अँध्यारोमै त्यस्तो च्यादर सिलाएको छुट्टै मज्जा ।

कहिलेकाहीं मज्जा पनि कस्तो मज्जा हुन्छ गाँठे
मज्जा मान्दामान्दै मज्जा बिलाएको छुट्टै मज्जा ।

## हलचल भयो मध्यरातमा...

शयनकक्ष मिलाउँदा अलमल भयो मध्यरातमा
सुस्त-सुस्त बोल्दा पनि खलबल भयो मध्यरातमा ।

शान्त शून्य चकमन्न सन्नाटालाई बिथोलेर
कोठाभित्र एउटा बेग्लै हलचल भयो मध्यरातमा ।

नागबेली चाल थियो मदहोश थियौं हामी
दुवैको ज्यान पसिनाले खलखल भयो मध्यरातमा ।

जति पिए पनि तिर्खा नमेटिने प्यास जाग्यो
दुवैलाई एउटै प्यासको तलतल भयो मध्यरातमा ।

एउटा नशा नउत्रँदै अर्को प्याला के थपेथ्यौं
त्यसपछि झन् के-के-के-के ढलपल भयो मध्यरातमा ।

## छल्छलाउनु सुहागरातमा...

मध्यरातसम्म उनलाई अल्मलाउनु सुहागरातमा
सुस्त-सुस्त ओठ चुम्दै चल्मलाउनु सुहागरातमा ।

समर्पणमा लोलाएका अर्धमुदित नयनसँगै
अँगालोमा बेरिएर सल्बलाउनु सुहागरातमा ।

नशा हो यो जवानीको चढ्न दिनुपर्छ शिखर
मदहोश-मदहोश हुँदै दुवै ढल्मलाउनु सुहागरातमा ।

जूनको किरण भित्र छिर्ला चियोचर्चो गर्न दुईको
चुकुल लगाई आफ्नै ज्योति झल्झलाउनु सहागरातमा ।

भन्ने कुरा भनिदिएँ बाँकी कुरा आफैं बुझ
आँधी तुफानभन्दा बढी छल्छलाउनु सुहागरातमा ।

*प्रकट पगेनी शिवको प्रकाशोन्मुख गजल-संग्रह 'प्रणय वेदका ऋचाहरू'बाट साप्ताहिकका पाठकहरूका लागि केही अंश ।*



## ठट्यौली प्रकाशसँग

'हिजो राति बाहिर गोली पड्केको आवाज सुनेर उठेर यसो हेरेको त खाटमुनि मैले मान्छेको खुट्टा देखें,' -एउटीले भनी ।

'हे भगवान् खाटमुनि चोर थियो ?'- अर्कीले सोधी

'होइन, मेरा श्रीमान् रहेछन्, आवाज सुनेर श्रीमान् अघि नै लुकेका रहेछन् ।' पहिलीले जवाफ दिइन् ।

०००

श्रीमतीलाई अलिकति रिस उठ्यो कि बेल्नाले भेटे बेल्नाले, चौकाले भेटे चौकाले हान्थी । हद भएपछि श्रीमान्ले डिभोर्स (पारपाचुके) का लागि अदालतमा मुद्दा दायर गरे ।

'श्रीमतीले यसरी रिस उठ्दा जेले भेट्यो त्यसैले हान्न थालेको कति भयो ?' न्यायाधीशले सोधे ।

'विवाह भएकै दिनदेखि हजुर !' श्रीमान्ले जवाफ दिए ।

'विवाह भएको कति भयो ?' न्यायाधीशको अर्को प्रश्न ।

'पाँच वर्ष भयो,' श्रीमान्ले पुनः जवाफ दिए ।

'अनि पाँच वर्षपछिचाहिँ डिभोर्सका लागि आ'को ?' न्यायाधीशको अर्को प्रश्न ।

'हो हजुर, पहिले-पहिले त म छक्याउन सक्थें, तर हिजोआज त निशाना मिस नै जाँदैन,' श्रीमान्को उत्तर आयो ।

०००

मोटी श्रीमतीले मोटो जीउमा पहेंलो सारी लगाएर मस्किंदै श्रीमान्सँग सोधी- 'आज म कस्ती देखिएकी छु ?'

'तोरीबारीमा भैंसी चरेजस्ती,' श्रीमान्ले उत्तर दिए ।

०००

श्रीमतीले लोग्नेलाई कुट्न थालेपछि लोग्ने खाटमुनि लुक्यो, श्रीमती मोटी थिई, खाटमुनि पस्न सकिन र कराई- 'किन खाटमुनि पसेको ? बाहिर निस्क ।'

'यो मेरो घर हो जहाँ बस्न मन लाग्छ त्यहाँ बस्ने मेरो अधिकार छ',-श्रीमान्ले कुनाबाट उत्तर दिए ।

०००

राजु एल्बममा तस्बिर हेर्दैथियो, एल्बममा उसकी आमासँग लामो-लामो कपाल भएको हृष्टपुष्ट युवक थियो । त्यो देखेर राजुले आमासँग सोध्यो- 'यो को हो ?

आमाले तस्बिर हेरेपछि मीठो पाराले भनिन्- 'यो तेरो बुबाको तस्बिर हो, जवानी बेलाको तस्बिर ।' आमाको कुरा सुनेर राजुले सोध्यो- 'अनि सधैं हाम्रो घरमा बुबा बनेर बस्ने खुइले मोटेचाहिँ को हो नि ?'

०००

प्रेमदिवसका दिन एउटा वृद्ध होटलमा बसेको थियो, कसैले ढोका ढक्ढक्यायो, बूढाले ढोका खोल्दा अगाडि सुन्दर युवती थिई ।

'सरी' भन्दै युवतीले भनी- 'म गलत कोठामा आएछु ।'

'आउन त तिमी सही कोठामै आएकी हौ, तर पैंतीस वर्ष ढिलो आयौ,' बूढाले नक्कली दाँत चम्काउँदै भन्यो ।

०००

प्रणयदिवसको अवसर पारेर केही जोडी पिकनिक गए । खानपिन सकेपछि विभिन्न प्रतियोगिता भयो । महिलाहरूको बेलना फाल्ने प्रतियोगितामा ९९ मिटर टाढासम्म बेलना फ्याँकेर मिसेज दाहाल प्रथम भइन् भने मिस्टर दाहाल नै सय मिटर दौडमा प्रथम भए ।

०००

एक बक्सरले आफ्नी श्रीमतीसँग भन्यो- 'आज म बक्सिङ प्रतियोगितामा जादैछु आज मेरो फाइट छ, आजको विजेता भोलिको विजेतासँग भिड्नुपर्छ जसले जित्छ त्यो च्याम्पियन हुन्छ ।'

'नजानुस्, कुटाइ खानुहुन्छ,' - लोग्नेको कुरा सुनेर श्रीमतीले भनी ।

'जानैपर्छ, इज्जतको सवाल छ,'- लोग्नेले भन्यो ।

भरे साँझ सुन्निएको अनुहार, चोटैचोट बोकेर लर्खराउँदै लोग्ने फर्कियो । लोग्नेको अवस्था देखेर स्वास्नी चिच्याई- 'हे भगवान् ! यस्तो दुर्दशा ?'

यो त केही पनि होइन, लोग्नेले भन्यो- 'योभन्दा खतरनाक दुर्दशा त भोलि हुन्छ ।'

'कसरी ?' -स्वास्नीले सोधी ।

'आज मैले जितें,' -लोग्नेले जवाफ दियो ।

०००

एक युवकले अर्को युवकसँग सोध्यो- 'यो प्रेमदिवसमा मेरी परम सुन्दरी गर्लफ्रेन्डलाई के उपहार दिऊँ यार ?'

'मेरो फोन नम्बर दे न त,'- साथीले उत्तर दियो ।

०००


प्रणयदिवसको अवसर पारेर एक युवकले युवतीसँग घुम्ने प्रस्ताव राख्यो । उसले ती युवतीलाई धेरै ठाउँ घुमायो, थरी-थरीका उपहार किनिदियो, चलचित्र देखायो तर केही उपलब्धि हुन सकेन, बाध्य भएर बेलुकी भएपछि युवतीलाई घर पुर्‍याउन गयो । गेटबाट घरभित्र प्रवेश गर्दै युवतीले भनी- 'म भोलि पनि घरमै हुन्छु ।'

'म पनि भोलि घरमै हुन्छु' - यति भनेर युवक चल्दियो ।

०००

अन्तमा मेरो कुरो
संसारमा तीन प्रकारका श्रीमती हुन्छन्

१. जोबिना हामी बाँच्न सक्दैनौं
२. जोसँग हामी बस्न सक्दैनौं
३. जोसँग हामी बस्छौं ।



# प्रेममा धोका हुने कारण के हो ?

मान्छेको लोभी नजर अनि पापी मन ।

**रमेश रानामनगर, तानसेन, पाल्पा**

आपसी असमझदारी र तेस्रो व्यक्तिको हस्तक्षेपका कारण प्रेममा धोका हुन्छ ।

**अमृता घिमिरे** (१७), **गोरखा**

प्रेम टेलिभिजनमा देखिने नाटक भएपछि धोका हुन्छ ।

**दीपेन्द्र देउवा, डडेल्धुरा**

आफूले त प्रेम गरिएको छैन, धोका हुने कारण पनि थाहा छैन ।

**गंगाराम न्यौपाने, बलाम, स्याङ्जा**

जसले प्रेमका बारेमा नबुझी चञ्चले अवस्थामा प्रेम गरेको हुन्छ त्यसले नै प्रेममा धोका पाउँछ ।

**सन्तोष अधिकारी** (२१), **चावहिल**

शंका र अविश्वासले लंका जलाउँछ ।

**प्रेमकान्छा मगर, पाल्पा**

केटाले आफ्नो यौनचाहना पूरा गर्नु वा उसको बजेट सिद्धिनु नै हो प्रेममा धोका हुने कारण हो ।

**दिनेश न्यौपाने** (२१), **बलाम, स्याङ्जा**

प्रेममा अविश्वासका कारण धोका हुन्छ तर हामीले हेर्दै, सुन्दै आएको सबै प्रेममा होइन त्यो आफैं प्रेमको नाममा धोका हो ।

**शशिकान्तकुमार गुप्ता, पर्सा**

प्रेमलाई टाइमपासका रूपमा लिने, आत्मिक प्रेमभन्दा शारीरिक प्रेममा जोड दिने, धनसम्पत्तिलाई बढी महत्त्वपूर्ण मान्ने र वैंशको सुरुवातमै सस्तो प्रेम गर्दा धोका हुन्छ ।

**अनिल पोखरेल, इटहरी, सुनसरी**

दुई प्रेमी-प्रेमिकाबीचको सुमधुर प्रेमालापमा कतै सामाजिक परिवेशका कारण त कतै आफूलाई समयसापेक्ष बनाउन नसक्दा प्रेममा धोका हुन्छ ।

**एपी सुधा, शंकरनगर-६, रुपन्देही**

खै आफू त चौबीसौं वसन्त काटिसकियो एउटैसँग प्रेममा परिएको छैन । प्रेममा धोका हुने कारण के हो भनेर प्रेममा धोका खाएकाहरूसँग सोध्दा नै असली कारण थाहा पाउन सकिन्छ होला होइन ?

**खड्कमणि थामी** (२४), **बाफल**

शरीरको आकर्षण, धनको लोभ, विलासी जीवनको चाहना, अपूर्ण मनोकांक्षा, स्वार्थी संसार, मनलाई नभएर धनलाई माया गर्ने प्रवृत्ति ।

**प्रतिमा घिमिरे भट्टराई, मोरङ**

हिजोआज शारीरिक आकर्षणमा प्रेम गरिन्छ न कि आत्माले, शारीरिक तृष्णा मेटिएपश्चात्... ।

**अज्ञानी समीर, काठमाडौं**

आजभोलि शारीरिक सम्पर्कलाई प्रेमसँग तुलना गरिन्छ, आवेगमा जोड्ने र फुर्सदमा तोड्ने अनि धोका नभए के हुन्छ त ?

**शम्भुराज घिमिरे, शनिश्चरे, मोरङ**

प्रेममा राजनीति घुसे हुन्छ धोका ।

**समर गणेश वियोगी**

उही त होला नि सम्पादकज्यू, त्यही क्या सबैलाई शत्रु बनाउने नाता टुटाउने मोरो पैसा अर्थात् रुपियाँ ।

**प्रवीण अल्पप्रेमी** (२०), **करादी**

सर्वप्रथम त आफूले प्रेम नै गरिएको छैन । प्रेम गर्नेहरूका लागि प्रेमी-प्रेमिकाबीचको शंका नै प्रेममा धोकाको कारण हुनसक्छ ।

**दीपेन्द्र कार्की, सल्यान, हाल : दुबई**

एउटैसँग प्रेम गरे पो हुन्छ त, पाएसम्म गर्छन् अनि ।

**हडिन्द्र कार्की, धनकुटा**

अविश्वास भएको खण्डमा वा आशंका लागे प्रेममा धोका हुन्छ । जुन प्रेममा स्वार्थ हुँदैन त्यो प्रेम स्वत: सफल हुन्छ ।

**मुक्ति अधिकारी, करादी, स्याङ्जा**

धेरै विश्वास गर्दा प्रेममा धोका पाइन्छ, त्यसैले प्रेममा अन्धो बन्नु राम्रो होइन ।

**हर्षल कुशल** (१७), **काठमाडौं**

खोइ के हो कुन्नि ? आफू त अहिलेसम्म प्रेममा नफसेको मान्छे । कारण अवश्य केही न केही त हुन सक्छ ।

**resham_sunuwar@yahoo.com**

एक त पहिले नै दुईजनाले एक-अर्कालाई राम्रोसँग चिन्न नसक्नु पनि हो ।

**मुक्तिराम रेग्मी, स्याङ्जा**

शारीरिक सन्तुष्टि, लेनदेन र समानताको कमीले गर्दा हो जस्तो लाग्छ ।

**चिन्तन बजगाईं**

यो कलियुग र एक्काइसौं शताब्दीमा जसले वास्तविक जीवनका बारेमा सत्य कुरा आफ्ना प्रेमी-प्रेमिकालाई सुनाउँछ त्यसले धोका खान्छ । जसले झूटो आश्वासन दिएर सपनाको संसार बनाउँछ त्यसले सफलता पाउँछ ।

**जीवन थापा, पनौती-४, काभ्रे**

आफ्नै मनको दोधारेपन, एकअर्काप्रतिको अविश्वास, आर्थिक रूपमा सबल नहुनु, केही सामाजिक कुरीति एवं पारिवारिक दबाब ।

**शालिग्राम पत्थर, धादिङ**

स्वार्थ पूरा भएपछि धोका हुन्छ ।

**युवराज न्यौपाने** (२१), **स्याङ्जा**

धन र मन दुवै हो, त्यसमा पनि धनको बढी हात छ ।

**टीकाराम अर्याल, गल्कोट, स्याङ्जा**

मेरी धोका दिने प्रेमिकासँग सोध्नुहोला । उनैले भन्लिन् सही जवाफ ।

**विष्णु काफ्ले** (२९), **सुनसरी**

आपसी विश्वासको संकट र चञ्चल प्रवृत्तिका कारण ।

**त्रिताल नोदनाथ** (२६), **धनकुटा**

सम्पादकज्यू, धोका खाइयो कि क्या हो ?

**फणीन्द्र कार्की** (२४), **इलाम**

रुपैयाँ, दाम ।

**जितेन्द्र रसिक (२५), स्याउलेबजार-६, सिपाजी**



एउटासँग मात्र गरे पो हुन्छ, दर्जनौंसँग गरेपछि धोका खाइँदैन त ?

**शान्ता गौतम, हल्दिबारी-८, झापा**

आफूले गर्दै नगरेको काममा अड्को थाप्ने सम्पादकज्यूको यो चालाचाहिँ मनपर्‍यो ।

**रुद्रप्रसाद दाहाल** (२०), **दोलखा**

अविश्वास र अरूको कुरा सुन्नाले ।

**नवीन दाहाल, दोलखा**

धोका हुनुको मुख्य कारण नै गरिबी र केटीका आमाबाउ एवं दाजु हुन् ।

**सुनिल मंग्राती**

खै के भनौं ? म त आफन्तको सहारा नपाउँदा र गर्लफ्रेन्डले छोडी जाँदाखेरीको कुरा मात्र सम्झिन्छु ।

**बी.जी.के. लिम्बू** (१९), **संखुवासभा**

तपाईंले कस्तो प्रेमको कुरा गर्नुभएको हो ? सच्चा प्रेम हो भने त्यहाँ धोका भन्ने कुरा हुँदैहुँदैन । त्यस्तै प्रेम हो भने त धोका मात्र होइन सबथोक हुन्छ ।

**सुविन श्रेष्ठ, हेम्जा, पोखरा**

आफू त सोझो मोरो, अहिलेसम्म प्रेम गरेको पनि छैन, प्रेम गरेपछि भनौंला प्रेममा धोका कसरी हुँदो रैछ भनेर ल ब्रो ।

**अन्दीप उप्रेती** (१९), **सर्लाही, नयाँरोड**

खै हजुर, आफूले त एउटीसँग साँचो प्रेम गरिएको छ अब उसैबाट धोका भयो भने नमरी बाँचे, कालले साँचे अर्कोचोटी धोका हुने कारण लेखौंला ।

**राम त्रिपाठी** (२२), **सर्लाही, नयाँरोड**

एक-अर्काबीचको विश्वासको कमी र समाजको चुनौती सामना गर्न नसकेर वा नजानेर पनि प्रेममा धोका हुनसक्छ ।

**डियर उत्तम** (२०), **पाल्पा**

शंकाले लंका जलाउँछ भन्छन् जब प्रेममा अविश्वासको दियो बल्छ तब प्रेममा धोका हुन्छ कि कसो सम्पादकज्यू ?

**प्रतिमा श्रेष्ठ** (२१), **कुँडहर, पोखरा**

यो प्रश्न त प्रेममा धोका खानेहरूसँग सोध्नुपर्छ । मेरा साथीसँग सोधेको थिएँ । उसका अनुसार प्रेममा धोका दिने कारण थुप्रै हुन्छन् तर मुख्य कारण भनेको धनसम्पत्ति हो ।

**रोशन आलेमगर, स्याङ्जा**

प्रेमिकाको घमन्ड र अशिक्षाका कारण प्रेममा धोका हुन्छ ।

**गोविन्द रिजाल** (२१), **धादिङ**

अविश्वास र असमझदारी होला कि ?

**सम्पूर्ण प्रजापति, मध्यपुर थिमी**

प्रेममा धोका हुनुका कारण निम्न छन् : माया गर्न नजानेर, शारीरिक प्रेम, प्रेमको वास्तवित अर्थ अर्थात् ज्ञान नहुनाले, भमराको प्रवृत्ति जस्तै फूल चुस्दा रमाइलो, राम्रो, त्यसपछि फूल ओइलायो भने कस्यो टाप अर्थात् ठोक्यो सुइँकुच्चा ।

**एन.के.सी. रोल्पाली, रोल्पा**

हतारमा प्रेम गर्दा नै प्रेममा धोका हुन्छ ।

**एसके कुँवर** (२५), **थानकोट**

प्रेमी प्रेमिकाबीच विश्वासको कमी भए तथा दुवैमध्ये कोही निष्ठुरी भएमा धोका हुन्छ ।

**रंजित झा, रोहुवा, सर्लाही**

प्रेमी र प्रेमिकाबीच अविश्वासको पर्खाल खडा हुनु, एकअर्काको भावना नबुझ्नु, दुनियाँको कुरा सुन्दै हिँड्नु, व्यक्तिगत स्वार्थमा बढी जोड दिनु आदि ।

**सन्तोष राई, बुधनगर, मोरङ**

एकअर्काप्रति विश्वासको कमी ।

**एस. प्रजापति, मध्यपुर थिमी**

अदालतमा त गीता छोएर झुटो कसम खान्छन् भने टिनएज प्रेमका लागि त साधारण कुरा भैसक्यो मर्ने-मार्ने कसम ।

**एस.के. के.** (२५), **काठमाडौं**

मेरो साथीसित सोध्नुपर्छ किनभने उसको यस विषयमा धेरै अनुभव छ ।

**आर. झा, सर्लाही**

खै सम्पादकज्यू, हजुरलाई के भनौं । आजसम्म प्रेमजालमा फसिएकै छैन । कुनै दिन फँसिएछ भने हजुरलाई बताउँला नि । अहिले त इक्सपेरियन्स नै छैन ।

**sagar-dhungana047@yahoo.com**

सायद जीवनको मूल्य नबुझेर होला, भन्छन् नि प्रेम अन्धो हुन्छ ।

**सुमित** (१७), **गौशाला**

तपाईं पहिले मेरो प्रेमजालमा फस्नुहोस् अनि थाहा पाउनुहुनेछ– धोका कसरी, किन हुँदो रहेछ ?

**विनीता गुरुङ** (२१), **पोखरा**

ब्रोलाई पनि लास्टै धोका भएजस्तो छ नि ? तर आत्महत्याचाहिँ नगर्नु नि, घरपरिवारको विचल्ली होला ।

**दीपक लिम्बू** (२३), **धरान**

घरमा श्रीमती हुँदाहुँदै बाहिर आँखा गाडेको थाहा पाएपछि धोका नभएर के हुन्छ त सम्पादकज्यू ?

**सञ्जीव मिश्र** (२२), **गौर**

## अब हाम्रो पालो

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. के स्वर्ग-नर्क भन्ने कुरा हुन्छ ? कस्तो हुन्छ वा किन हुँदैन ?
२. अहिलेकी आकर्षक (सेक्सी) नेपाली नायिका को हुन् र किन ?
३. प्रेममा किन मर्ने-मार्ने कसम खाइन्छ ?
४. तपाईंलाई मन पर्ने खेलाडी को हुन् ? किन ?
५. तपाईं मन्त्री हुनुभयो भने कुन मन्त्रालय रोज्नुहुन्छ, किन ?
६. युवतीहरू किन स्लिम बन्न खोज्छन् ?
७. युवकहरू किन युवती भनेपछि मरिहत्ते गर्छन् ?
८. युवाहरूलाई लागूऔषधको दुर्व्यसनबाट मुक्त गर्न के गर्नुपर्ला ?
९. विवाहित पुरुषलाई कसरी चिन्न सकिन्छ ?
१०. तपाईं टाइम पास गर्न के गर्नुहुन्छ ?

एक्काइसौं शताब्दीमा नेपाल र नेपालीको समुन्नत भविष्य निर्माणको जिम्मा हामी नेपालीकै हातमा छ । त्यसैले हामीमा भएको अपार क्षमतालाई खेर नफालौं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग



wish, जीवनमा आउने प्रत्येक चुनौतीमा सफलता मिल्दै जाओस्। भ्यालेन्टाइन डेले हाम्रो प्रेम अझ प्रगाढ बनाओस्।

**wisher**

टाढा रहेका साथीहरू मिलन, मुनु, सुनिल, सुदीप, सन्तोषी, सीता, सुनिता, अनिता, कविता, मनिषा, रामु, रेशा लगायत अमृत आदर्श उच्च मा.वि. कक्षा १२ मा अध्ययनरत साथीहरूमा प्रेम दिवसको शुभकामना।

**सन्तोष क्षेत्री**

काली, प्रेम दिवसको मंगलमय शुभकामना। तिम्रा हरेक पाइला सफलताले चुमुन्, तिमीलाई मेरो शुभकामना। म सधैं तिम्रो साथ हुनेछु।

**रबिन**

साथीहरू दीपक, केशव, सञ्जय, जितेन्द्र, राम, मनिश, गोमा, आन्टीहरू, तमन्ना दिदी, भेना, लक्ष्मी, भाउजुहरू, पत्रमित्र साथीहरू मेनुका, धने, मिलन, भाइ-बहिनीलगायत मलाई चिन्ने सम्पूर्ण मित्रलाई प्रेम दिवसको मंगलमय शुभकामना।

**रबिन मगर**

प्रगति, हिजो पनि म तिम्रो थिएँ, आज पनि तिम्रै छु र भोलि पनि तिम्रै हुनेछु, यो जुनी मात्र होइन सात जुनीसम्म तिम्रै हुनेछु, ह्याप्पी भ्यालेन्टाइन-डे।

**पदम**

साथीहरू अतिश, पुनम, विवेक, शर्मिला, नरेश, प्रतीक्षा, बन्दना, शान्ति, युवराज, सीता, मनीषा, प्रदीप, सुष्मा, विश्वास, जस्मिन, सुवास, दामन्त, रोशन, सुनिता, सक्षम, ऋतु डि.एस.पी.सौरभ, प्रियंका, मेरो भाइ दिनेश, दाइ दीपक, गोविन्द मामा आदि खासगरी मनकी धड्कनलाई प्रेम दिवसको शुभकामना।

**दीपु**

एस., प्रणय दिवसको अवसरमा लाखौं लाख शुभकामनाका साथमा उत्तरोत्तर प्रगतिको कामना। तिमीले बिर्सिए पनि म तिमीलाई सम्झिरहनेछु। तिमीले मलाई धोका दिए पनि म तिमीलाई सधैंभरि माया गरिरहनेछु।

**सञ्जीव**

सुष्मा, दुई मुटु एक भै सँगै बाच्ने सँगै मर्ने वाचाका साथ काठमाडौं भद्रकाली मन्दिरमा विवाह गरेको एक वर्ष पूरा भएर दुई वर्षमा लागेको पावन अवसरमा हार्दिक शुभकामना।

**के.एस.**

अनिता, हाम्रो प्रेम मन्दिर जस्तै पवित्र रहोस् जन्म जन्मसम्म। तपाईंका पाइलाहरू सफलताको शिखरमा पुग्न सकुन्, प्रेम दिवसको शुभकामना।

**नवराज**

सोनिला, जन्मदिनको अवसरमा हृदयदेखि नै शुभकामना। तिम्रो जीवन खुसीले भरियोस्। तिम्रा हरेक पाइलाले सफलताको शिखर चुमुन्। हर इच्छा-आकांक्षा पूरा हुन्, शैक्षिक सफलता अनि दीर्घायुको कामना।

**सुनिल**

कल्पना, मेरी माया, यो महान् पर्व प्रेम दिवसमा सँगै बसेर रमाइलो गर्ने मीठो सपना समय र परिस्थितिले गर्दा कहिल्यै पूरा हुन पाएन तैपनि हृदयदेखिको चोखो माया अनि शुभकामनाका शब्दहरू केवल तिम्रा लागि। जहाँ जस्तोसुकै परिस्थितिमा भए पनि एक कल फोन गर्न नभुल ल।

**निसान**

एस.के.लाई लाखौं लाख शुभकामना। साथै एसएलसी परीक्षामा मेहनतसँग पढ्न आग्रह छ अनि हाम्रो सम्बन्ध गहिरो रहोस् भन्दै श्री पशुपतिनाथसँग प्रार्थना गर्दछु।

**बी.डी.**

काली, तिम्रा प्रत्येक दिन खुसीमा बितुन्। तिम्रा हरेक पाइलाले सफलता चुमुन्, पूरा हुन् तिम्रा इच्छा-आकांक्षा र सपना, प्रेम दिवसको उपलक्ष्यमा तिमीलाई यही छ मेरो न्यानो मायासहितको शुभकामना।

**बहुलाहा**

तुजुप, म तिमीलाई कति माया गर्छु भन्ने कुरा तिमीलाई थाहै छ। म तिमीसँग छुट्टिएर बाँच्ने कल्पना पनि गर्न सक्दिनँ। के तिमी सक्छौ र? तिमीले पनि त मलाई माया गर्छौ? तिमी पनि चाहन्नौ होला नि मसँग टाढिएर बाँच्न। म तिमीलाई यति चाहन्छु त्यसका लागि जस्तो मूल्य चुकाउन पछि पर्दिन। जीवनमा तिमी आयौ आयौ एक पटक, फेरि अर्को पटक कोही आउनेछैन।

**गाजर**

देउराली क्लब तथा लिटिल टोकियोका साथीभाइ तथा मान्यजनहरूमा प्रेम दिवसको शुभकामना तथा सानी कालीलाई आई लभ यु।

**कृष्ण**

आत्मीय साथीहरू योगेश, मनीष, नवीन, कल्पना, विष्णु, दुर्गा, यशोदा तथा प्रेमकुमारीमा प्रेम दिवसको शुभकामना।

**पीयूष**

प्रियसी, तिम्रो र मेरो माया एउटै मन-मुटु भै प्रेम संसारमा उत्कृष्ट नमुनाका रूपमा स्थापित हुने आशा गर्दछु।

**केदार**

सरिता, प्रेम दिवसको हार्दिक शुभकामना। भ्यालेन्टाइन डे वर्षको एक पटक मात्र आउँछ। जीवनका हरेक मोडमा सुख नै सुख हुन्छ भन्ने छैन। दुःखका क्षण पनि आउँछन्। जीवनमा गर्नुपर्ने संघर्ष भुलेर एक-आपसमा खुसी बाँड्नु नै भ्यालेन्टाइन डेको विशेषता हो। त्यसैले तिम्रो र मेरो बन्धनलाई कहिल्यै खुकुलो हुन नदिऊँ।

**दीपक**

मेरी कल्पनाकी राजकुमारी आज शुभदिन पारेर मन खुला बनाई तिमीलाई भित्रै मन पराएको कुरा व्यक्त गर्दै आई लभ यु भन्न चाहन्छु। पहिलो भेटमै मेरो मन तिमीसँग माया साट्न आतुर थियो तर आज व्यक्त गर्दैछु।

**सौगात**

प्रेम दिवसको अवसरमा सम्पूर्ण देशवासीमा हार्दिक शुभकामना। मलाई मेल गर्न आग्रह छ।

**partner_lovely16@yahoo.com**

प्यारी बेली, तिम्रो प्रतीक्षामा बाँचेको छु, तिम्रै प्रेमको गहिराइमा डुबेको छु। आशामा तिमी पूर्ण रूपमा मेरी नभएसम्म तिमीलाई अधिकार छ आफ्नो खुसीका बारेमा। निर्णय गर, उत्कृष्ट बनोस् तिम्रो रोजाइ।

**होम**

प्रतीक्षा, मेरो मुटुको धड्कन, प्रेम दिवसको शुभकामना। म तिमीलाई धेरै माया गर्छु र गरिहनेछु भन्दै फोन गर्न आग्रह छ।

**frindship_forever16@yahoo.com**

साथीहरू प्रतीक्षा, अतिस, पुनम, संगीता, आशिष, विश्वास, दीपेन्द्र, रोशन, विवेक, लक्ष्मण, युवराज, सीता, वन्दना, प्रशान्त, शान्ति, बहिनी मुना, मनिषा, दाजु धड्कन, विष्णु, तमसेन, मोहन, प्रेम तथा अमरलाई प्रेम दिवसको शुभकामना।

**नरेश**

प्रेम दिवसको शुभकामना व्यक्त गर्दै निकितालाई आई लभ यु।

**आर.बी.**

अनु, तिमी मबाट टाढा भए पनि तिमीलाई प्रेम दिवसको शुभकामना। साथीहरू, विनीता, शोभा, मञ्जु, मुना, सिर्जना, सानुभाइ, रोशन, समीर, निरज एवं सुरेशलाई पनि प्रेम दिवसको शुभकामना।

**प्रकाश**

लक्ष्मी, भ्यालेन्टाइन डेको धेरै-धेरै शुभकामना, तिम्रो त्यो गुलाबी रंगको ओठ र गालामा सधैं चुमिरहन पाऊँ। तिमीले मलाई दिएको प्रेम जीवनान्तरसम्म दिनेछौ भन्ने विश्वास गरेको छु। हरपल तिम्रो न्यानो काखको चाहना गर्दछु। म तिमीलाई कति



माया गर्छु त्यो त भगवान्ले पनि वर्णन गर्न सक्दैनन्। हामी दुईको प्रेमलाई कसैले पनि छेक्न नसकुन् यही नै छ शुभकामना।

**राजेन्द्र**

सिर्जना, तिमीलाई प्रेम दिवसको शुभकामना, तिमीले जोसुकैलाई प्रेम गरे पनि म तिमीलाई प्रेम गर्छु। हरेक पाइलामा साथ दिनेछु, आई लभ यु।

**आशिष**

अञ्जु, मेरो सानो गल्तीले मलाई जीवनभर पुग्ने सजायँ दियौ यदि मलाई सजायँ दिएर तिमी खुसी हुन्छौ भने म सधैं पीडा सहिरहन तयार छु। गल्ती हजारौं हुन्छन् तर तिमीले एउटा गल्ती गऱ्यौ, अन्तमा तिमीसँग भएको मेरो तस्बिर च्यातेर फाल, प्रेम दिवसको हार्दिक शुभकामना।

**श्याम मगर**

मेनुका, प्रेम दिवसको अवसरमा हार्दिक शुभकामना। मृत्युपर्यन्तसम्म पनि अथाह माया गरिरहने प्रण समेत गर्दछु।

**सुशीर**

लक्ष्मी, प्रेम दिवसको पावन अवसरमा तिम्रा हर इच्छा र चाहना पूरा हुँदै जाउन् भन्दै मायाका लाखौं पुष्प गुच्छा अर्पण गर्छु।

**होमबहादुर मगर**

भनिन्छ, यदि कसैलाई भित्री मनदेखि नै माया गरिन्छ भने लुकाइरहनु पर्दैन, भनिरहनु पर्दैन। माया आँखामा हुन्छ हेर्न सक्नुपर्छ बुझ्न सक्नुपर्छ। ...तर माया आँखामा हुन्छ भनेर व्यक्त नै नगरी बस्नु पनि उचित होइन, भनाइ नै छ नि अव्यक्त प्रेम गर्नुभन्दा जोगी बन्नु बेस तसर्थ यदि तपाईंले पनि कसैलाई भित्री मनैदेखि मन पराउनुभएको छ र व्यक्त गर्न सकिरहनुभएको छैन भने कृपया यही प्रेम दिवसको अवसर पारी आफ्नो अव्यक्त प्रेमभाव आफ्नो प्रियसमक्ष व्यक्त गर्नुहोला।

**सन्तोष काफ्ले**

अमित, टाढा भए पनि हजुरको माया मुटुभरि लिएर, हजुर आउने बाटो कुरेर बसिरहेकी छु। प्रेमदिवसको अवसरमा धेरै-धेरै माया एवं शुभकामना। माया नमार्नु है।

**सानु**

प्रिय, के.एम, प्रेमदिवसको शुभकामना अनि आई लभ यू।

**एडविन**

सुमित्रा, प्रेमदिवसको अवसरमा हार्दिक शुभकामना।

**आर.के.**

विजया, प्रेमदिवसको शुभकामना अनि आई लभ यू।

**जगनाथ**

सम्झना, प्रेमदिवसको उपलक्ष्यमा लाखौंलाख शुभकामना र माया। मभन्दा पनि धेरै माया गर्ने कोही भेटेकोमा बधाई, तर पनि म तिमीलाई आफूभन्दा बढी माया गर्छु, गर्थें र गरिरहनेछु साथै पर्खी बस्नेछु– आई लभ यू।

**उमेश**

क्षितिजपारिको यो शून्य संसारबाट हजार जुनीदेखि हजार जुनीसम्म पर्खिबसेकी मेरी तिमीलाई सम्पूर्ण जुनीसम्म मेरो मुटुभरिको चोखो मायाको उपहार अनि तिम्रो खुसी नै खुसीको सुनौलो संसारका लागि हार्दिक शुभकामना।

**हिमाल**

चाँदनी, जसरी वर्षाका लागि बादलको, फूलका लागि सुगन्धको, प्रकाशका लागि सूर्यको महत्त्व छ, हो त्यही महत्त्व मानव जीवनमा एक असल साथीको र मेरो जीवनमा तिम्रो। प्रणय दिवसको शुभ अवसरमा मुटुभरिको माया अनि सुख-शान्ति समृद्धि एवं दीर्घायुको हार्दिक शुभकामना।

**वासुदेव**

सन्दीप, म तिमीलाई हृदयदेखि नै चाहन्छु तर भन्न सकिनँ, त्यसैले प्रणयदिवसको अवसर पारेर आज भन्दै छु– आई लभ यू।

**एस**

सुजाता, यो मेरो पहिलो प्रेम दिवस तिमीलाई हो। तिम्रा हरेक पाइला सफलताले चुमुन्, धेरै-धेरै माया सहित मीठो सम्झना। जीवनका हरेक पलमा म तिम्रो साथ हुनेछु। म तिमीलाई जीवनभर माया गर्ने वाचा अनि तिम्रो न्यानो मायाको अपेक्षा गर्दछु। भ्यालेन्टाइन डेको हार्दिक शुभकामना।

**मनोज**

भावना, हृदयभरिको माया अनि अमर सम्झना। काली जिन्दगीको यात्रा गर्ने क्रममा कयौं घुम्तीहरू आउलान्। कैयौं आँधी-हुरीको सामना गर्नुपर्ला, कहिले आफू रोएर पनि अरूलाई हँसाउनुपर्ला। प्रेमदिवसको अवसरमा तिमीलाई दिने अमूल्य उपहारहरू त मसँग पवित्र माया बाहेक अरू के नै पो छ र? काली, भाग्यमा भन्दा कर्ममा विश्वास गरे सफलताको ढोका खुल्ने विश्वास दिलाउँदै प्रेम दिवसको उपहार स्वरूप यी दुई-चार शब्द स्वीकार गर।

**प्रकाश**

कमला, जीवनका मोडहरूमा तिमी जस्तो मन मिल्ने साथी पाएकोमा म आफूलाई भाग्यमानी मान्छु तर अहिले आएर तिमीसँग छुट्टिएर बस्नुपर्दा मेरो दुर्भाग्य भनूँ वा समय परिस्थितिले गर्दा तिमीलाई भेट्न सकिनँ, तिमी कहाँ छयौ मलाई थाहा छैन। जहाँ भए पनि सम्पर्क गर्नु। प्रणय दिवसको हार्दिक शुभकामना।

**१८,२१,२,९,१४**

कसैले कसैलाई वा कुनै वस्तुलाई प्रेम गर्छ भने त्यो प्रेम त्यस्तो होस् कि सकारात्मक, नकारात्मक, प्राप्ति वा त्याग जे प्रतिक्रिया भए पनि सर्वप्रथम आफैलाई अन्तरहृदयदेखि नै गर्व गर्न सकियोस्, अनि जीवनको अन्त्यपश्चात् पनि अस्तित्वमा रहोस्। सबैको मनमा सन्त भ्यालेन्टाइनको जस्तै प्रेममा उदारता जागोस्, शुभ प्रेम दिवस।

**kirat4sunuwar@yahoo.com**

निरू, जिन्दगी जिउने क्रममा वचन बोल्नाले पराई पनि आफन्त हुन्छ, धर्मप्रति आस्था प्रकट गर्नाले सतकर्मको सिर्जना हुन्छ। त्यसैगरी तिम्रो-मेरो सम्बन्ध यसरी चल्दै गए एक दिन अवश्य सम्बन्ध मेलमा परिणत हुन्छ। चाहेर पनि मैले तिमीलाई खुसी राख्न सकिनँ तै पनि तिमी मसँग खुसी छौ। तिमीलाई अझ सुखी देख्न पाऊँ भन्दै भ्यालेन्टाइन डेको शुभकामना, साथै आई लभ यू।

**अल्छी तमु**

प्रसिना, तिम्रा ती आँखा मलाई असाध्यै मन पर्छन्। सधैंभरि मलाई त्यही आँखाभित्र लुकाइराख्नु है। हेप्पी भ्यालेन्टाइन डे।

**समीर**


मेघा, प्रेम दिवसको शुभकामना। तिमीलाई भेट्दा तिमीसँग बोल्न खोज्छु तर बोल्न सक्दिनँ र आफूलाई लागेका कुराहरू व्यक्त गर्न सक्दिनँ। त्यसैले यो प्रेम दिवसको अवसर पारेर भन्न चाहन्छु- म तिमीलाई धेरै-धेरै माया गर्छु।

**एल.एस.**

जीवनको धड्कन एवं मेरो प्यारो जीवनसाथी, म उही क्षितिजपारिको सहयात्री तथा हरपल साथ दिन चाहने साथीका तर्फबाट भ्यालेन्टाइन डेको हार्दिक शुभकामना। तपाईंका हरेक मनोकांक्षा तथा तपाईंले चिताएका हरेक चाहना सधैं सफल हुन्। चुचुरोमा पुग्न सफल बन्नु।


**प्रतीक्षा**

## जन्मदिनको शुभकामना


संयम महर्जन
२०५९ माघ २८


विम्विका धामी
२०६२ माघ २५


निपुण श्रेष्ठ
२०५५ माघ २५


प्रमित कोइराला
२०५५ माघ २५


प्रिया शाक्य
२०५८ माघ २५


संजय भुजेल
२०५४ माघ २६



विजय नेपाल
२०५२ माघ २६


मिराज केसी
२०६१ माघ २६


सञ्चार लिम्बू
२०५८ माघ २७


रुद्र कार्की
२०६२ माघ २८



.सिजन चापागाई
२०५७ माघ २८


सतिस भुजेल
२०५८ फागुन १


विवेक केसी
२०५९ फागुन २


श्रुति थापा
२०६१ फागुन २



सृष्टिका श्रेष्ठ
२०६० माघ २५


अभय अधिकारी
२०५६ माघ २९


प्रगति घिमिरे
२०५९ माघ २७


आकृत कटुवाल
२०५९ माघ २९


मिराप तुम्बाहाङ्फे
२०६३ फागुन २



फारम

## जन्मदिनको शुभकामना

नाम :......................................

जन्म मिति :......................................

स्कुल :......................................

ठेगाना :......................................

**तस्बिर अनिवार्य**

तस्बिर र विवरण दुई साताअगाडि आइपुग्नुपर्नेछ।



# के प्रेममा कसी लगाउन सकिन्छ ?

**प्रेमका** बारेमा धेरै गीत लेखिए, कविता अनि सायरीहरू लेखिए, ती सबैमा प्रेम दिलको धड्कनबाट प्रस्फुटन हुन्छ भनियो तर प्रेम मुटुको धड्कनबाटै प्रस्फुटन हुन्छ भन्ने मान्यतालाई बेलायतका वैज्ञानिकहरूले गलत सावित गरिदिएका छन्।

वैज्ञानिकहरूले प्रेम मुटुको होइन, मस्तिष्कको उपज हो भन्ने मान्यतालाई सावितसमेत गरेका छन्। प्रेममा आकाशको तारा खसाल्ने प्रेमीहरूले अब होसियार हुने बेला आएको छ। वैज्ञानिकहरूले आविष्कार गरेको प्रविधिबाट देखावटी माया गर्नेहरूको जाँच-पड्ताल गरेर उनीहरूको अभिनय सहजै पत्ता लगाउन सकिन्छ।

ब्रिटिस अनुसन्धानकर्ताहरूले त्यस्तै प्रविधि विकसित गरेका छन्, जसले तपाईं वास्तविक प्रेम गर्नुहुन्छ कि देखावटी प्रेम पत्ता लगाउँछ। प्रेम गर्नेहरूले मस्तिष्कबाट प्रेम गरेका हुन् भने तिनीहरूलाई प्रमाणपत्र दिन सकिन्छ, तर हृदयबाट प्रेम गर्नेहरूलाई विशेषज्ञको त्यस्तो प्रमाणपत्र मिल्नेछैन, किनकि अनुसन्धानबाट सिद्ध भैसकेको छ– प्रेम मस्तिष्कबाट गरिन्छ। साँचो प्रेम मस्तिष्कको स्क्यानिङ गरेर थाहा पाउन सकिन्छ र यसको विश्लेषण पनि गर्न सकिन्छ, यो जानकारीमा केही दार्शनिक प्रभाव पनि हुन सक्छ। यसबाट भावनाको कोमल क्षेत्रमा विचरण गरिरहेका केही व्यक्तिको दिमाग रन्थनिन सक्छ। यस किसिमको अनुसन्धानबाट आदिकालदेखि चलिआएको कुराकानी, कसमको आधारमा रहेको प्रेम केवल दिमागको समान्य सक्रियता अर्थात् गतिविधि मात्र सावित हुनसक्छ। यो अनुसन्धानले शेक्सपियरको काव्यात्मक दृष्टिलाई नै पुष्टि गर्छ, जसमा उनले लेखेका छन्– प्रेम आँखाले होइन, दिमागले देख्न सकिन्छ। शोधकर्ताहरू प्रेमको प्रभाव दिमागमा कसरी हुन्छ भन्ने कुरा पत्ता लगाउन सफल भएका छन्।

प्रेमको हृदयमा पर्ने प्रभाव त कविता तथा गीतमा हमेसा चर्चा गरिन्छ तर चिकित्सकीय प्रविधिबाट यसको जाँच गर्न सकिएको थिएन। अब कुनै पनि व्यक्ति स्पष्टसँग भन्न



सक्छ– प्रेमको झूटा कुरा होइन, वास्तविक प्रेम देखाऊ। एसएमएस तथा कार्डका शब्दहरू शब्दमा नै सीमित भएर रहन सक्छन् र मस्तिष्कको स्क्यानिङले प्रेम भए-नभएको प्रमाण दिनेछ।

अब कुनै युवतीले प्रेमभाव भएको प्रेमपत्रको सट्टा मस्तिष्कको स्क्यानिङ रिपोर्ट माग गर्न सक्छिन्, किनकि यसमा ब्रेन स्क्यानको माग बढी हुन्छ। त्यसलाई जाँच गर्ने विधि पनि फरक छ। जाँचका लागि जब व्यक्ति तयार हुन्छ, उसको प्रेमी अर्थात् प्रेमिकाको तस्विर देखाइन्छ। यदि उसको मस्तिष्कमा रगतको चाप बढ्न थाल्छ र अति सक्रिय भएर रहन्छ भने त्यसबाटै पुष्टि हुन्छ– त्यो व्यक्ति वास्तवमा प्रेमी-प्रेमिका हो। यदि अरू कसैको तस्विर देखाएको खण्डमा ब्रेनले त्यस किसिमको प्रतिक्रिया दिँदैन।

लन्डनको युनिभर्सिटी कलेजमा गरिएको अनुसन्धानअनुसार प्रेमको भौतिक प्रभावले मस्तिष्कको खास खण्डलाई प्रभावित गर्छ। मस्तिष्कमा दुईवटा अलि विकसित भाग सरेब्रल कारटेक्समा हुन्छ र अरू दुई गहिरो र धेरै पुरानो भाग बेसेल गगलिया क्षेत्रमा। प्रो. सेमिरजेकाई तथा आन्द्रेश बारटेलले आफ्नो अनुसन्धानका क्रममा प्रेममा पूर्ण रूपमा पागल भएका व्यक्तिलाई स्वयंसेवकका रूपमा छानेका थिए।

प्रो. जेकाईका अनुसार प्रेमले मस्तिष्कका केही भागमा सक्रिय गतिविधि सुरु गर्छ। परीक्षणका क्रममा हतास, निराश भएका व्यक्तिको मस्तिष्कको जुन भाग सक्रिय भएर हताशा पैदा गरिरहेको हुन्छ त्यसलाई प्रेम संकेतबाट सक्रिय हुने मस्तिष्कको भागले निष्क्रिय पारिदिन्छ। यसबाट उक्त व्यक्तिमा दुःख तथा निराशको भावना कम भएको थियो। शोधकर्ताहरूको दावीअनुसार यस प्रकारको जाँचले उपचारमा समेत मद्दत पुर्‍याउँछ।

जे-जस्तो भए पनि प्रेमका विरोधीहरूका लागि भने सजिलो भएको छ। मुटु-मुटुको मिलन हो प्रेम भनेर परिभाषित गरिने समाजको भावनात्मक कुरालाई अब प्रेम केवल मस्तिष्कको रोग मात्र हो भनेर भन्न सकिने अवस्था सिर्जना भएको छ।

**–सन्तोष यादव**

**प्रेम** सफल पार्ने हो भने आफ्ना प्रेमी-प्रेमिकाकालाई मनपर्ने कुरा थाहा पाउनु अति आवश्यक हुन्छ। यसले गर्दा सम्बन्ध बलियो हुन्छ भने एक-अर्कालाई राम्रोसँग बुझ्न पनि निकै सहयोग मिल्छ। यदि तपाईंसँग तपाईंका प्रेमी रिसाएका छन् भने पनि यो जानकारीले सहयोगी भूमिका खेल्नसक्छ।

बानेश्वरकी सलिनालाई आफ्ना केटासाथी अविनलाई मनपर्ने कुराहरूको जानकारी थिएन। सलिनाले जे-जे गऱ्यो अविनको इच्छाविपरीत हुँदै गयो। जसको फलस्वरुप उनीहरूको प्रेम प्रसंगको अन्त्य नै भयो। सलिना भन्छिन्-



# उनलाई मनपर्ने कुरा थाहा पाउनुहोस्

यदि मलाई उसको मनपर्ने र मन नपर्ने कुराहरू थाहा भएको भए यसरी हाम्रो प्रेम बीचैमा अन्त्य हुने थिएन। रुजुता र उनको केटासाथी सुजनको प्रेम प्रसंग निकै समझदारीपूर्ण तथा रमाइलोसँग बित्दैछ। उनीहरूको मनमुटाव नै भए पनि एकछिनमै सकिन्छ। दुवैलाई दुवैका मनपर्ने र मन नपर्ने कुराहरूका सम्बन्धमा जानकारी भएकाले उनीहरूको प्रेम अझै प्रगाढ हुँदै गएको छ। त्यसैले आफूले पनि त्यही गर्नुपर्छ जुन उनलाई मनपर्छ। माया-प्रेममा त यस्तै हुन्छ 'तिमीलाई जे जे मन पर्छ भन म त्यही-त्यही गर्छु।' हरेक समय आफ्नो केटासाथीका मनपर्ने कुराहरू याद गर्नु आवश्यक छ। त्यसले आफूले सोचेजस्तो रंगीन एवं सुखमय जीवन बिताउन सहयोग पुऱ्याउँछ।

**सधैं सम्झनुपर्ने कुराहरू**

- उनलाई मनपर्ने रंग
- उनको भाग्यशाली अंक
- उनको इच्छा
- मनपर्ने परफ्युम/बडी स्प्रे
- मनपर्ने ड्रेसअप
- मनपर्ने फूल
- उनलाई तपाईंबाट के सुन्न मनपर्छ।
- मनपर्ने गीत, गायक
- मनपर्ने रेष्टुराँ, आइसक्रिम, खाना, स्न्याक्स आदि
- हिरो-हिरोइन
- पत्रपत्रिका
- समय बिताउन चाहने ठाउँ - सफ्ट ड्रिंक्स, बियर, वाइन
- लेखक-साहित्यकार
- टी.भी. प्रोग्राम
- खेल र खेलाडी
- आराम गर्ने तरिका

# प्रेमिकालाई खुसी राख्न



प्रत्येक पुरुष आफ्नो जिन्दगीमा एउटी प्रेमिका चाहन्छ। एउटी यस्ती युवती जो उसको शुभचिन्तक एवं मित्र पनि होस्। कतिपयले यस्ती मित्र तथा प्रेमिका फेला पनि पार्छन्, तर आफ्नो भावना सही ढंगले अभिव्यक्त गर्न नसक्दा उनकी प्रेमिका अर्कै बाटो लाग्छिन् एवं यस्ता व्यक्ति दुखी कवि बन्न पुग्छन् वा विरह गीत गाउँदै समय बिताउँछन्। कति त बहुलाउँछन् पनि। केही सुझावहरू पालन गरेर आफ्नी प्रेमिकालाई सदैव आफ्नो आकर्षणमा बाँधेर राख्न सकिन्छ।

- मनभित्रको भावना नलुकाई समय-समयमा अभिव्यक्त गर्ने।
- आफू ऊमाथि पूर्णतया मरिमेटेको कुरा उसलाई महसुस गराउने।
- समय-समयमा राम्रो कम्प्लिमेन्ट पनि दिइरहने। कहिलेकाहीं अरूको आँखा छलेर कुनै रोमान्टिक कुरा भन्ने।
- उनलाई माया गर्नुका साथै उनीप्रति इमान्दार पनि रहने। हरदम वा जुनसुकै परिस्थितिमा पनि उनको साथ छु भन्ने कुरा उनलाई महसुस गराइरहने।
- उनको कार्यमा अवरोधक नबन्ने, बरु उनको सक्दो सहयोग गर्ने।
- प्रेमिकालाई श्रीमती नमान्ने एवं त्यसैगरी अधिकार प्रदर्शन नगर्ने, न त उनलाई कुनै बन्धन वा नियमहरूमा कैद गर्ने।
- प्रेम गर्ने अवसर प्राप्त भएको समयमा वा एकान्तमा अरू कसैको कुरा नगर्ने। आफ्नै मात्र कुरा गर्ने।
- रिसाएकी प्रेमिकालाई फकाउन बिस्तारै उसको हात सुमसुम्याउने वा निधारमा प्रेमपूर्ण चुम्बन गर्ने।
- उनको अगाडि अरूको प्रशंसा नगर्ने, न त उनको आलोचना नै।
- उनको आत्मविश्वास बढाउने एवं उनलाई अघि बढ्न प्रेरित गर्ने।
- उनको अघि महिलाहरूको आलोचना कहिल्यै नगर्ने। आफूले महिलाहरूको इज्जत गर्ने कुरा उनलाई महसुस गराउने।
- उनका अगाडि प्रेममा निरीह वा याचक नबन्ने। आफ्नो आत्मसम्मान कायम राख्ने।

उपरोक्त सुझावअनुसार चलियो भने प्रेममा विरह गीत गाउनुपर्ने स्थिति कमसेकम प्रेमीको तर्फबाट आउनेछैन।

# चुम्बनले ल्याउने परिवर्तन

**चुम्बनले** मानिसको आन्तरिक तथा बाह्य शारीरिक स्थितिमा तुरुन्तै परिवर्तन ल्याउँछ। व्यक्तिको अनुहारमा देखिने परिवर्तनका अतिरिक्त आन्तरिक क्रियाकलापहरू जस्तै- रक्तसञ्चार, मुटुको धड्कन, पाचन प्रणाली आदि सबैमा तुरुन्तै परिवर्तन आउँछ। चुम्बनको स्थितिमा आउने शारीरिक परिवर्तनहरू यसप्रकार छन्:

**स्वासप्रस्वास प्रक्रियामा आउने परिवर्तन** : यस्तो स्थितिमा हरेक व्यक्तिले आफ्नो स्वासप्रस्वासमा आएको परिवर्तनलाई महसुस गर्छन्। जसमा धेरै व्यक्तिले आफ्नो स्वासलाई एकछिन् रोक्ने अथवा क्षणक्षणमा लामो स्वास तान्ने गरेको पाइन्छ। प्रयोगशालामा गरिएको एउटा प्रयोगमा व्यक्तिको अगाडि एक्कासि मोटरको हर्न बजाउँदा वा कुनै अवरोध खडा हुँदा तर्सने र मुटुको गति बढ्ने गरेको पाइयो। स्वासप्रस्वास पहिले सामान्य भएकोमा पछि लामो र छिटोछिटो भएको पाइयो।

**मुटुको धड्कनमा आउने परिवर्तन** : चुम्बनबाट मुटुको धड्कनमा उल्लेखनीय परिवर्तन आउँछ। धड्कन ज्यादै बढ्छ। चिट्चिट् पसिना पनि आउँछ। उक्त धड्कनको मापन गर्ने कार्य इलेक्ट्रो कार्डियोग्राफबाट गर्न सकिन्छ। यस सम्बन्धमा थुप्रै प्रयोगसमेत भैसकेका छन्।

**स्वरमा आउने परिवर्तन** : चुम्बनले स्वरमा पनि परिवर्तन ल्याउँछ। साइकोलोजिकल स्ट्रेस इभ्यालुएटरको प्रयोग गरेर व्यक्तिको स्वरमा आएको परिवर्तनलाई बुझ्न सकिन्छ। स्वरमा परिवर्तन, उत्तेजना, डर तथा चिन्ताजस्ता संवेगहरूका कारण उत्पन्न भएका हुन्। जसमा महिलाको मसिनो र सुरिलो अनि पुरुषको धोद्रो र स्वासको मात्र आवाज सुन्न सकिन्छ।

**छालाको रंगमा आउने परिवर्तन** : चुम्बनले तत्काल व्यक्तिको छालाको रंगका साथै त्यसको प्रकृतिमा पनि परिवर्तन ल्याउँछ। चुम्बनको प्रकृतिअनुसार छालाको रंग गुलाबी वा पहेँलो हुनुका साथै छालाको तापक्रम परिवर्तन भै चिसो वा तातो हुन्छ। छालामा आउने परिवर्तनहरू मापन गर्ने विषयमा मनोवैज्ञानिकहरूले ग्यालभेनिक स्किन रेस्पोन्स नामक प्रविधिको विकास गरेका छन्।



जसअनुसार व्यक्तिको छालामा अति कम भोल्टको इलेक्ट्रिक सक दिइन्छ र छालाले कस्तो प्रतिक्रिया देखाउँछ, मापन गरिन्छ।

**पेट र आन्द्रामा आउने परिवर्तन** : चुम्बनको अवस्थामा पेट र आन्द्राको क्रियाकलापमा समेत उल्लेखनीय परिवर्तन आउँछ। उक्त परिवर्तनलाई पेटमा बेलुन राखेर वा ग्यास्ट्रिक जुसका आधारमा पत्ता लगाउन सकिन्छ। विभिन्न अध्ययनबाट के देखिएको छ भने अत्यधिक क्रोध र चिन्ताले मानिसको पाचन प्रणालीमा प्रत्यक्ष प्रभाव पारेजस्तै चुम्बनले पनि पेट र आन्द्राको पाचन प्रक्रियालाई सक्रिय तुल्याउँछ।

**ग्रन्थिको क्रियाकलापमा आउने परिवर्तन** : चुम्बनले ग्रन्थीको क्रियाकलापको भूमिकामा प्रत्यक्ष प्रभाव पारिरहेको हुन्छ। चुम्बनको समयमा प्राप्त हुने रोमान्सले मृगौला र मस्तिष्कबाट एकसाथ अत्यधिक मात्रामा श्राव हुन्छ र रक्तकोशिकाहरूमा पुग्छ जसबाट नाडीको गति बढ्नुका साथै छालाको तापमान वृद्धि भएर शरीरमा एक प्रकारको शक्ति पैदा हुन्छ। यसरी चुम्बनले ग्रन्थीको क्रियाकलापमा परिवर्तन ल्याई शारीरिक एवं मानसिक उत्तेजना पैदा गरी मनमा नयाँ जोश र हौसला प्रदान गर्छ।

**– मैयाँदेवी**

# डेटिङ, फेसन होइन



**व्यस्तताहरूबीच** फुर्सद निकालेर विचार तथा भावनाहरू आदान-प्रदान गर्ने एउटा शैलीलाई डेटिङ भनिन्छ, जसलाई हरेकले आ-आफ्नै तरिकाले परिभाषित गर्छन् । डेटिङ परिवर्तनशील जीवनशैलीमा फेसन होइन, आवश्यकता बन्दै गएको छ ।

आज डेटिङ जीवनको अनिवार्य पक्ष बन्दै गएको छ । यो शब्द सुन्दा यति मधुर र संगीतमय सुनिन्छ जसले बिस्तारै हाम्रो हृदयको तारलाई छेडेर तनमनलाई स्पन्दित गर्छ । यसको नाम सुन्नासाथ जस्तोसुकै उदास मन पनि प्रफुल्लित हुन्छ ।

**डेटिङको आधुनिक अर्थ :**

डेटिङ कुनै विशेष समयमा आफ्नो डेटसँग अथवा कुनै विशेष व्यक्तिसँग भेट्नु, ऊसँग फुर्सदको केही क्षण बिताउनु हो । डेटिङको अर्थ आजको दौडधूप तथा व्यस्तताको जिन्दगीमा यी सबै उल्झनबाट टाढा आफ्नो अतिव्यस्त दिनचर्याको केही क्षण कुनै त्यस्तो साथीसँग व्यतीत गर्न चाहनुहुन्छ, जो तपाईंको मुटु नजिक हुनुका साथै जोसँग तपाईं धेरै विचार तथा अनुभव आदानप्रदान गर्न चाहनुहुन्छ भन्ने हो ।

डेटिङ कल्चर पाश्चात्य सभ्यताको देन मानिन्छ तर यो संस्कृति नेपाल भित्रिनुअघि हाम्रो देशका युवायुवतीहरूले बाहिर भेट्दै नभेटेका भने होइनन् । विवाहभन्दा अघि तथा संयुक्त परिवारहरू भएका युगल जोडी प्रायः विवाहपछि घरबाहिर नै भेटघाट गर्थे । आज तिनै भेटघाट डेटिङको नामले चिनिन्छ । आज कुनै पनि युवकले कुनै पनि युवतीलाई सजिलै डेटिङ जानका लागि प्रस्ताव गर्छ तर नचिनेको व्यक्तिसँग डेटिङ जानु मूर्खता हो ।

**तपाईंको डेट को हुनुपर्छ ?**

यदि आफ्नो सभ्यता र संस्कृतिको सीमामा रहेर डेटिङको फाइदा उठाउन चाहनुहुन्छ भने श्रीमान्-श्रीमतीजस्तो राम्रो डेट कोही हुन सक्दैनन् । श्रीमती चाहे कामकाजी हुन् वा गृहिणी व्यस्तताका कारणले उनी आफ्ना श्रीमान्सँग समय बिताउन सक्दिनन्, त्यस्तै श्रीमान् पनि आफ्नो कामकाजले गर्दा श्रीमतीसँग खुलेर समय बिताउन सकेका हुँदैनन् ।

यदि श्रीमती घरेलु छिन् भने उनलाई भान्साको कामले फुर्सद हुँदैन । यदि कहिल्यै फुर्सद भैहाले पनि आधुनिक जीवनशैलीको सुख-सुविधा नै बाधक बन्न पुग्छ । यदि घरमा कोही छैन, श्रीमान्-श्रीमती रोमान्स गर्ने विचार गरिरहेका छन् भने अचानक मोबाइल फोनको घन्टी बज्छ वा धोकामा कसैले घन्टी बजाएको हुन्छ वा सबै आनन्दलाई फिक्का बनाउन कोही आफन्त टुप्लुक्क आइपुग्छ ।

यी सबै समस्याबाट बच्ने उपाय हो– डेटिङ । आफ्नो अति व्यस्त दिनचर्याबाट केही समय फुर्सद निकालेर घरबाट बाहिर डेटमा जानुपर्छ । घर तथा कार्यालयको थकानले गर्दा श्रीमान्-श्रीमती दुवैलाई यस्ता सबै कुरा महत्त्वहीन लाग्न थाल्छन् । यस्तो स्थितिमा कहिलेकाहीँ एउटाको महत्त्वपूर्ण कुरा अर्काका लागि साधारण बन्न सक्छ, किनभने त्यो समयमा तनमन यति थाकेको हुन्छ वा उनीहरू चाहेर पनि खुसी प्रकट गर्न सक्दैनन् । यसप्रकारका स-साना खुसीहरू डेटमा प्रकट गर्नुपर्छ ।

अतिव्यस्तता अथवा घरभित्र बाहिर दुवैतिरको जिम्मेदारी निभाउन श्रीमान्-श्रीमती दुवैले क्षमताभन्दा धेरै काम गर्नुपर्छ । वैवाहिक जीवनलाई राम्रो र सुमधुर बनाउन श्रीमान्-श्रीमती दुवैले धेरै प्रकारका मानसिक दबाबहरू झेल्नुपर्छ । घर र कार्यालयको व्यस्तताबीच सम्बन्ध राम्रो एवं आनन्ददायक बनाउन गाह्रो छ तर असम्भव भने छैन ।

समयअभावका कारणले श्रीमान्-श्रीमतीबीच बिनाकारण उत्पन्न भएको तनाव तुरुन्तै हटाउन सजिलो हुँदैन । धेरै श्रीमान्-श्रीमती यस्ता तनाव कम गर्ने वा हटाउने प्रयास गर्दागर्दै थकित वा दिक्क हुन्छन् जसको प्रभाव उनीहरूको स्वास्थ्यमा पर्छ जसले गर्दा डिप्रेसन हुन थाल्छ ।

श्रीमती घरेलु हुन् वा कामकाजी, उनलाई आफ्ना श्रीमान्सँग केही एकान्त आवश्यक हुन्छ । दुवैबीच समयअभावका कारण कुनै तनाव उत्पन्न भैरहेको छ भने आफ्नो जिन्दगी कतातिर मोडिँदैछ ध्यान दिनुपर्छ ।

यस्तो स्थितिमा डेटमा गएर आफ्नो व्यस्त जिन्दगीलाई केही आराम दिनुपर्छ । सँगै बसेर केही क्षण रमाइलो गर्नु आवश्यक छ । एक-अर्काको मनको कुरा बुझ्ने प्रयास गर्नुपर्छ । यसरी जिन्दगीमा उत्पन्न भएको थकान, दिक्दारपन सबै हराएर जान्छ र सबैतिर हाँसो एवं खुसी मात्र रहन्छ ।

**डेटमा कहाँ जाने ?**

यो समस्या सबैलाई हुन्छ- डेटका लागि कुन स्थान रोज्ने ? सहरको भीडभाडभन्दा टाढा कुनै एकान्त स्थललाई नै आफ्नो डेटिङ प्वाइन्ट बनाउनुहोस् । कुनै शान्त रेस्टुराँमा रात्रिभोज गर्न सकिन्छ । यहाँ कुनै किसिमको रुकावट हुँदैन साथै अर्डर लिन र सर्व गर्नलाई नै एक घन्टाजति समय लाग्छ । यो एक घन्टा आफ्नो मनको कुरा भन्नका लागि पर्याप्त हुन्छ । यस्तो स्थितिमा लामो यात्रामा पनि जान सकिन्छ ।

हरेक सहरका पार्कहरू प्रायः डेटिङ केन्द्र भैसकेका छन् । यस्तो स्थानमा युगलहरूले एकान्त महसुस गर्न सक्छन् । यस्तो स्थलमा युगलहरूले पूर्णरूपले रोमान्स गर्न सक्छन् । श्रीमान्-श्रीमतीबीच बढ्दै गएको दूरी, एक्लोपन एवं वैवाहिक जीवनदेखि विरक्तिएकाहरूका लागि एउटा बाटो छ– डेटिङ । त्यसैले डेटिङलाई साधारण रूपले फेसन भनेर यसको उपेक्षा नगर्नुहोस् । परिवर्तित समयको आवश्यकता भैसकेको छ डेटिङ पनि ।

# क्याजुयल फेसन मुड

# भ्यालेन्टाइन डेको



● रोजिन शाक्य



तस्विर : साइबरसंसारडटकम

रोमान्स एवं मादकताले भरिएको प्रणय दिवसको वातावरणमा रेड ग्यामिसिङ, पिन्क प्रीति तथा ब्ल्याक ब्युटिफूलको अवधारणालाई अँगालेर अझ आकर्षक एवं सुन्दर देखिन सकिन्छ । प्रेममा विश्वास तथा पवित्रता झल्काउने सेतो रंगको उपस्थितिसँगै पर्पल, रानी, ओरेन्ज, मरुन, फुसिया, बरगन्डी, वाइन, लेवेन्डर आदि कलर सेड्स उपयुक्त हुन्छ प्रणय दिवसको वातावरणमा । फेसनविद्हरूका अनुसार गाढा रंग, सत्तरीको दशकको रेट्रो टच, सिलउट्स तथा ड्रेपिङ शैलीमा विविधता, ज्यामितिकल डिजाइनको आकर्षण, सत्रौं र अठारौं शताब्दीको युरोपियन फेसन शैलीको प्रभाव आदिले परिचय बनाइरहेको अवस्थामा यिनै कुरालाई मध्यनजर राखी यो विशेष वातावरणमा आफूलाई सजाउनु उचित हुन्छ ।

सेक्सी कि होल हल्टरका साथमा रेट्रो स्टाइलको स्कर्ट होस् वा साटन ट्युब पटका साथमा क्रच्ड केप्रिज पफ स्लिभ सिल्क सिफ्टका साथमा पेन्सिल स्कर्ट होस् वा स्पोर्टी स्ट्रेच टपका साथमा लिनेन पाइन्ट, साटन पोल्का डटेट सर्टका साथमा सिगरेट पाइन्ट होस् वा ब्ल्याक स्पेगेटीका साथमा इम्ब्रोइडेड पाइन्ट, फ्रन्ट ओपन टाइअप टिसर्टका साथमा फन्की ट्राउजर वा स्कर्ट आदि शैली अँगालेर प्रणयदिवसको क्याजुएल लुकलाई आकर्षण एवं सुन्दर बनाउन सकिन्छ ।

उल्लेखित पहिरनको कम्बिनेसनका अतिरिक्त स्ट्राइप, सर्कल, त्रिकोण आदि ज्यामितीय एवं ग्राफिक शैली प्रयोग गरिएका सिल्क स्कार्फ, कटन जर्सी, प्लिटेड स्कर्ट, साटन हेयर ब्यान्ड, मेटालिक लेदर बेल्ट, कटन कार्डिगन, स्टकिङ आदिलाई पनि अँगाल्न सकिन्छ । यिनका अतिरिक्त काउल नेक जर्सी ट्युनिक, लेसयुक्त जर्जेट कोर्सेट एवं ट्युनिक, बेल्टयुक्त वन पिस जर्सी ड्रेस, वन पिस एम्पाएर लाइन ड्रेसहरू, बोट नेकयुक्त क्यामिसोल, रफलटप, स्टाइलिस केप्रिज, कटन स्किनी ट्राउजर, सिगरेट पाइन्ट, वाइड लेग ट्राउजर, कटन टाइट लगायत विविध शैलीका जिन्सहरू पनि उत्तिकै उपयुक्त हुन्छन् ।

मौसममा चिसोपन कायम रहेकाले उलन एवं निटेड कार्डिगन, स्वेटर ट्युनिक, डबल ब्रेस्टेड ज्याकेट एवं कोट, विभिन्न स्टाइल एवं ब्राइट कलरयुक्त ट्रेन्च कोटहरू, सर्ट एवं फिटिङयुक्त सेक्सी लुक भएका स्ट्रेट ज्याकेटका साथै विभिन्न रंगका लेगिङ एवं स्टकिङको प्रयोग पनि समय सान्दर्भिक हुन्छ । पुरुष फेसनका लागि भने फुल स्लिभ सर्ट, नन प्लिटेड, क्रिजलेस पाइन्ट, पार्टी सुज, डार्क वास्ड जिन्स, बोट नेक निटेड टप, पोलो नेक स्वटेर, फुल स्लिभ टिसर्ट, पुल ओभर, डिनर ज्याकेट, स्ट्रेट ज्याकेट, क्याजुयल फिटिङ कोटहरू, वेस्ट लेन्थ ज्याकेट एवं विभिन्न डिजाइनका लेदर ज्याकेट आदि बढी उपयुक्त हुन्छन् । रोमान्सको वातावरण भएकाले यो अवसरमा पहिरनका साथै मेकअपमा पनि उत्तिकै ध्यान दिनु आवश्यक छ जसका लागि स्मोकी, सिमरी तथा सेक्सी स्टाइल अपनाउनु उचित हुन्छ । त्यसैले आफ्ना प्रेमी/जीवनसाथीसँग प्रणयदिवसको रोमाञ्चकतामा हराउनुपूर्व आफ्नो मुहारको क्लिन्जिङ, टोनिङ, एवं मोइस्चराइजिङका साथै मेनिक्योर, पेडिक्योर आदिलाई बिर्सनु हुँदैन ।


मेनिक्योर, पेडिक्योरपश्चात् आफ्ना नङहरूमा पारदर्शी वा हल्का रंगका नेल पालिस लगाउनु राम्रो हुन्छ । यसका अतिरिक्त सिल्भर नेल पालिसको पनि प्रयोग गर्न सकिन्छ । प्रेमको गुलावी आभाबाट आफ्नो व्यक्तित्व निखार्न मेकअपमा सफ्ट पिंक सेडको प्रयोग उपयुक्त हुन्छ । यदि बोल्ड लुक चाहनुहुन्छ भने ब्लु रेड वा कपर टोन चयन गर्न सकिन्छ । रोमान्टिक देखिनका लागि मुहारमा ग्लसी पिन्क ब्लसरको प्रयोग उचित हुन्छ । सफ्ट रोमान्टिक लुकका लागि भने आइ ल्यासेजलाई कर्ल गरेर त्यसमा कालो वा खैरो रंगको मस्करा प्रयोग गरी आकर्षक देखिन सकिन्छ । आँखालाई सेक्सी लुक दिने सफ्ट स्मोकी स्टाइलका साथै आर्टिफिसियल आइल्यासेज पनि प्रयोग गर्न सकिन्छ । हेयर स्टाइलिङतर्फ भने कर्ली, बब कट, रेजर कट, विस्पी लुक आदि अँगाल्न सकिन्छ । हेयर स्टाइलिङ आफूलाई सुहाउँदो हुनुपर्छ भन्ने त्यसमा हेयर एक्सेसरिजको प्रयोगबाट अझ आकर्षक लुक प्राप्त गर्न सकिन्छ ।

ज्वलेरीतर्फ भने हेभी नभई लाइट फङ्की फ्युजन, जंक एवं स्टाइलिस ज्वलेरी छनौट गर्नु राम्रो हुन्छ । मल्टिकलर्ड इयरिङ, हुप्स, सेन्डिलियर, कलरफुल ग्लास बिड्सका ज्वेलरी, एन्टिक ज्वेलरी, लङ पेन्टेन्ड, कलरफुल पर्लका नेकलेस, रंगविरंगी क्रिस्टल, स्टोन्स स्वोरोस्की, बिड्स एवं जरीबाट सजिएका चुराहरूको प्रयोग गरी आफ्नो व्यक्तित्वलाई अझ सुन्दर बनाउन सकिन्छ । फुटवेअरको मामिलामा भने स्ट्राइपी स्यान्डल, पम्प्स, चङ्की हिल्स, बिड्स तथा स्टोन जडित स्यान्डल, पिपन्टो सुड्स, मुलस, स्टिलिटोज स्यान्डल तथा विभिन्न डिजाइन एवं कलर सेड्समा उपलब्ध एङ्कल लेन्थ लेदर बुटको प्रयोगबाट आफ्नो फुटवेयर फेसनलाई स्टाइलिस टच प्रदान गर्न सकिन्छ । उल्लेखित फेसन स्टेटमेन्टका साथमा कलरफुल हाइ वेस्ट बेल्ट, सिल्क स्कार्फ तथा स्लिङ ब्यागहरू एवं कलचेजको प्रयोग गरी आफ्नो स्टाइलिस लुकमा निखार थप्न सकिन्छ ।

# प्रेममा खेलाडी



तस्बिरहरू : महेश प्रधान





अन्जन केसी नेपाली फुटबलका ग्ल्यामरस खेलाडी, वर्ष २३। सुन्दर अनि आकर्षक पनि छन्। थुपै युवतीले प्रेम प्रस्ताव राखेका छन्, तर अन्जनले ती प्रस्ताव स्वीकार गरेका छैनन्। कारण एउटै छ– आफ्ना अग्रज र समकक्षी साथीहरूले स्वतन्त्रता गुमाएको अनुभव उनीहरूसँग छ। यसैकारण उनी अहिलेसम्म प्रेम र विवाहको सोचमा छैनन्। अन्जनजस्तै सोचमा अन्य थुप्रै खेलाडी छन् जो प्रेम गर्न डराउँछन्।

तर यो कथा तिनीहरूको होइन जो प्रेम गर्न डराउँछन्। यो कथा तिनीहरूका बारेमा केन्द्रित छ, जो जन्मजन्मान्तरसँगै बाँच्ने कसम खाएर जीवन बिताइरहेका छन्। यो कथामा विदेशमा बसेर भए पनि खेल र जीवन सँगै बिताउने प्रण गरेका चन्द्र लामा र वीना खड्का अनि सविता राजभण्डारी र किशोर श्रेष्ठदेखि नेपालमै रहेका कमल अधिकारी र राज्यलक्ष्मी थापासम्म अटाएका छन्। अनि दर्शक हुँदै प्रशंसक भएकी रीना श्रेष्ठसँग प्रेमविवाह गर्दै जीवन बिताएका हरि खड्का पनि अटाएका छन्।

नेपाली खेलकुदमा एउटा संयोग नै देखिएको छ, प्रेमको प्रसंगमा। प्रेमका मामिलामा मास गेम फुटबलका खेलाडीहरू अग्रस्थानमा छन्। यीमध्ये प्रायःले गैर खेलाडीसँग प्रेम गरेका छन्। पुलिस क्लबका चर्चित खेलाडी हरि खड्का र रमेश बूढाथोकीले प्रेमविवाह गरेपछि सुरु भएको यो लामो श्रृंखलामा थपिए, राजेश शाही, वसन्त थापा, नवीन न्यौपाने, जनकसिंह थारुलगायत अनगिन्ती नाम। एउटा संयोग नै मान्नुपर्छ यी सबैको गैरखेलाडीसँग प्रेम बस्यो र तिनले उनीहरूसंगै विवाह पनि गरे।

यीभन्दा फरक छन् अन्य खेलका खेलाडी। दसौं दक्षिण एसियाली खेलकुदका स्वर्ण पदक विजेता कराँते खेलाडी कुशल श्रेष्ठ वैवाहिक जीवनमा बाँधिएको तीन वर्ष भयो। कराँतेकै राष्ट्रिय खेलाडी तारा गुरुङ उनकी जीवनसंगिनी हुन्। 'दुई वर्ष अफेयर चल्यो त्यसपछि विवाह।' निर्धक्कसाथ उनी बताउँछन्। एउटै खेलमा आबद्ध भएका कारण सबै कुरा राम्रोसँग बुझ्ने र सधैं सँगै रहने भएका कारण जीवन सार्थक भएको श्रेष्ठ बताउँछन्।

दसौं दक्षिण एसियाली खेलकुदमै भारोत्तोलनमा स्वर्ण पदक जितेका कमल अधिकारी भारोत्तोलन खेलाडी राज्यलक्ष्मी थापासँग विवाह बन्धनमा बाँधिएको चार वर्ष भयो। १८ महिनासम्म अधिकारीले राज्यलक्ष्मीलाई आफ्नो मनको कुरा भन्न सकेनन्। काठमाडौंमा अन्तर्राष्ट्रिय उमेर समूहको भारोत्तोलन प्रतियोगिता हुने भएपछि राज्यलक्ष्मी पनि प्रशिक्षणमा व्यस्त थिइन्। कमलले देखे र मन पनि पराए। लामो समयको मनपराइपछि उनले मनको बह पोखे। मन त राज्यलक्ष्मीलाई पनि परेको रहेछ। 'दुईको मन मिलेपछि के चाहियो र ?' अन्त्यमा दुवैको परिवारले सहजै स्वीकार गरेपछि मागीविवाह भएको कमल बताउँछन्।

आठौं दक्षिण एसियाली खेलकुदकी स्वर्ण पदक विजेता विनिता चौधरी कराँतेका अर्का खेलाडी किशोर भट्टराइसँग प्रेम गरेरै विवाह बन्धनमा बाँधिएको सात वर्ष भैसकेको छ। त्यही पुस्ताका दीपक श्रेष्ठको भने संयोगवश गैर खेलाडीसँग प्रेम बसेको थियो। चापागाउँका श्रेष्ठको पाटननिवासी कल्पना शाक्यसँग प्रेमविवाह भएको ६ वर्ष भैसकेको छ। पाटन क्याम्पसमा अध्ययनरत कल्पना र दीपकबीच पाटन डोजोमै प्रशिक्षण गर्न आउँदा चिनाजानी भएको थियो। सुरुमा दीपकको प्रस्तावलाई कल्पनाले प्रस्ट स्वीकार नगर्दा दीपकलाई चिन्ता पनि परेको थियो। लामो प्रयासपछि मात्र कल्पनाले आफ्नो प्रस्ताव स्वीकार गरेको दीपक बताउँछन्।

आफ्नो समयका स्टार खेलाडी पनि हुन् दीपक। त्यसैले कल्पनासँग अफेयर चलिरहेकै समयमा अन्य थुप्रै युवतीले प्रेमप्रस्ताव राखेपछि दीपकलाई सबैलाई सम्झाउनै गाह्रो पर्‍यो। अन्त्यमा सबैलाई आफू कल्पनासँग प्रेममा बाँधिएको कुरा बताएर सम्झाउने गरेको पनि उनले बताए।

नेपाली खेलकुदमा प्रेम गर्नेहरूको सख्ंया प्रशस्तै छ, तर यसलाई सावजनिक गर्न चाहनेहरूको संख्या अत्यन्त न्युन छ। प्रेम गर्नेहरूले लगभग २२ देखि २५ वर्षको उमेरमा प्रेम सुरु गर्ने र २६-२७ वर्षको उमेरमा विवाह गर्ने गरेको पाइएको छ।

**बिदेसिएका जोडी**

१३ औं बैंकक एसियाडका रजत पदक विजेता सविता राजभण्डारी र कांस्य पदक विजेता किशोर श्रेष्ठको 'लभ एफेयर' चलेको लामो समयपछि दुवै जना अमेरिका प्रस्थान गरे। अमेरिकास्थित पोर्टल्यान्ड तेक्वान्दो डोजाङमा प्रशिक्षकका रूपमा नियुक्त भएपछि यी दुईको २०६० सालमा विवाह भएको हो।

यसैगरी उसु प्रशिक्षक चन्द्र लामा र वीना खड्काबीच नेपालमै रहँदा प्रेम बसेको थियो। नेपालमै विवाहबन्धनमा बाँधिएका लामा र खड्का पनि हाल अमेरिकामै छन्। सम्भवतः प्रेमविवाह गर्ने नेपालको सबैभन्दा उच्चस्तरको खेलाडी जोडी यही नै हो। वीना लामो समयसम्म दक्षिण एसियाली उसुको शीर्ष खेलाडी रहिन् भने चन्द्र नेपालको पहिलो पुस्ताका उसु प्रशिक्षक हुन्। यसै गरी सविताले एसियाली खेलकुदमा रजत पदक जित्ने पहिलो नेपाली खेलाडीका रूपमा कीर्तिमान राखेकी थिइन्।

**फुटबल खेलाडी सबैभन्दा अगाडि**

नेपाली खेलकुदमा चिनिएका खेलाडीमध्ये प्रेमप्रसंगमा सबैभन्दा अगाडी फुटबलरहरू नै छन्। एक दर्जनभन्दा बढी फुटबल खेलाडीले प्रेमलाई विवाहको रूप दिएका छन्। वर्तमान राष्ट्रिय खेलाडीहरू विजय गुरुङ, रितेश थापा, सागर थापा, सन्दिप राई, लोकबन्धु गुरुङ र युगलकिशोर राई कसै न कसैसँग प्रेममा बाँधिएका नाम हुन्। अरू यस्तै नाम छन् जो प्रस्ट रूपमा सञ्चारमाध्यममा आफूलाई व्यक्त गर्न चाहँदैनन् अर्थात् आफ्नो प्रेमप्रसंगलाई अझ लामो समय लुकाएर राख्न चाहन्छन्।

विद्यालय जीवनदेखि नै फुटबल खेल्दै आएका रमेश बुढाथोकीले एकदमै कम उमेरमा सजना श्रेष्ठसँग प्रेम गरे। लगभग एक दशक लामो लभ अफेयरपछि रमेशले सजनासँग विवाह गरे। कुनै चलचित्रको लभ स्टोरीझैं लाग्ने बूढाथोकी र श्रेष्ठको जोडी नै यस्तो जोडी हो, जुन जोडीले प्रेम गरेको लामो समयपछि मात्र विवाह गरे। जिन्दगीको ३० औं वसन्त पार गर्न आटेका बूढाथोकीले प्रेमविवाह गरेको समेत आठ वर्ष पूरा भैसकेको छ।

यस्तै अर्को प्रसंग छ, फुटबल खेलाडी समीर नेमकुलको। कुनै समयका नेपाली राष्ट्रिय टिमका रक्षक नेमकुल फुटबल खेल्न विदेश जाँदा त्यही प्रेम गरेर आफ्नो प्रेमलाई वैवाहिक रूप दिए। यही भीडमा अर्को एउटा नाम छ, सञ्जीव श्रेष्ठको। अनि अर्को त्यस्तै खेलाडी हुन् नीराजन खड्का। स्नातक तहमा अध्ययनरत यी दुई लक्का जवान भने खेल र पढाइ दुवैमा सफल भए प्रेम गर्नेको ओइरो लाग्ने बताउँछन्। 'अहिले राम्रो पढौं, राम्रो खेलौं अनि प्रेम गर्ने भनेको त अलि पछि हो नि।' खड्का र श्रेष्ठ बताउँछन्।

**मनोज घिमिरे**

# मस्त प्रेमिका





श्रीमान्को कमाइ राम्रो भयो भने श्रीमतीको फर्माइस पनि बढी हुन्छ। यो मान्यता एसियाली क्षेत्रमा मात्र नभएर आफ्नै खुट्टामा उभिनुपर्छ भन्ने मान्यता राख्ने युरोप र अमेरिकाका महिलामा पनि लागू हुन्छ। युरोपका व्यावसायिक क्लबमार्फत फुटबल खेल्ने खेलाडीहरूको आम्दानी अन्य पेसाकर्मीहरूको भन्दा बढी नै हुन्छ। आफ्ना पति वा श्रीमान्को आम्दानी बढी भएपछि प्रेमिका र श्रीमती आम्दानीअनुसार खर्च गर्न नहिचकिचाउने खालका हुन्छन्। उनीहरूमा खेलेर कमाइएको पैसा मोजमस्तीमा उडाउनुपर्छ भन्ने मान्यता हाबी भएको देखिन्छ।

इङ्ल्यान्डका दर्शक फुटबलमा जति समर्पित छन् त्यति नै चासो उनीहरू आफ्नो क्लबका खेलाडीको निजी जीवनमा पनि राख्छन्, जसका कारण फुटबल खेलाडीका प्रेमिका र श्रीमतीहरू चर्चामा आइरहन्छन्। केही समयअघि इङ्ल्यान्डको राष्ट्रिय टिमका स्टाइकर पिटर क्रोचकी प्रेमिका एब्बी क्लेन्सिले बाथ टबमा एक महिलासँग निर्वस्त्र नुहाइरहेको तस्बिर सार्वजनिक भयो। एक टेलिभिजन कार्यक्रमको सुटिङपश्चात् भएको पार्टीका क्रममा उनी आफ्नी महिला मित्रका साथ बाथटबमा निर्वस्त्र भएकी थिइन् तर सोही पार्टीमा आएका एक व्यक्तिले उक्त तस्बिर खिच्न भ्याए। विभिन्न चर्चित युवतीहरूलाई संलग्न गरिएको उक्त टेलिभिजन कार्यक्रममा सहभागी युवतीहरूका अनुसार एब्बि बाथटबमा निर्वस्त्र भएर नुहाउन औधी मन पराउँछिन्। बाथटब देखिन् भने उनी कुनै कुराको पर्वाह नगरी निर्वस्त्र भएर पसिहाल्छिन्।

इङ्ल्यान्ड फुटबल टिमका पूर्वकप्तान डेभिड बेकह्यामकी श्रीमती भिक्टोरिया पार्टीहरूमा मदिरा पिउन मन पराउँछिन्। तीन सन्तानकी आमा भिक्टोरियाले न्यू इयरको एक पार्टीमा मस्त भएर फर्कंदा उनलाई तीन जनाले हात समातेर ल्याउनुपरेको थियो।



इङ्लिस फुटबलकै वायने रुनीकी प्रेमिका कोलिन म्याकलोग्लिन पनि पार्टी गर्ल हुन्। उनको रात्रिजीवन विभिन्न पार्टीमा बित्छ। आफ्ना महिला दौतरीसँग पार्टीमा गएर महँगो स्पेनिस लार्जर पिउँदै नाच्नु उनको सौख हो। उनी यति मदिरा पिउँछिन् कि त्यसको रंग मुहारमा देखिँदासम्म उनी नाचिहरन्छिन्। यस्तै अर्की पार्टी गर्ल हुन्– माइकल एसिक्सकी पूर्वप्रेमिका क्यासी सुम्नर। उनी अधिकांश पार्टीमा आफ्नो आकर्षक वक्षस्थल हल्लाएर नाच्छिन्। एक पटक एउटा पार्टीमा नाच्दा उनको स्कर्टको लेस फुस्कँदा स्तन नै देखिएको थियो, तर उनलाई त्यसको होस थिएन। त्यो अवस्थाको तस्बिर खिच्न खोज्दा साथीले हत्तपत्त उनको स्तन छोपिदिएकी थिइन्।

# हात्ती, सौराहा, कन्सर्ट र प्रशान्त



**प्रवीण दत्त**

नारायणगढको क्याम्पाचौरमा तेस्रो इन्डियल आइडल प्रशान्त तामाङ र उपविजेता अमित पललाई चितवनवासीले ठूलो सत्कार गरे। गत शनिबार 'लाइभ प्रशान्त' नाम दिइएको उक्त कन्सर्ट हेर्न दर्शकको ओइरो नै लागेको थियो। चितवनको स्थानीय संस्था 'सी ब्याइज' को आयोजना र काठमाडौंको 'जीरो आवर' इभेन्ट म्यानेजमेन्टले व्यवस्थापन गरेको उक्त कन्सर्टमा चर्चित पपगायक अनिल सिंह, कान्ति आले र मौसमी गुरुङ पनि सहभागी थिए।

पूर्व मिसनेपाल एवं कार्यक्रम सञ्चालिका मालिका सुब्बाको प्रस्तुतिले दर्शकलाई निकै उत्साहित बनाएको थियो। प्रशान्तलाई स्टेजमा बोलाउने जिम्मा दर्शकलाई छोडिदिएको उनको भनाइ सकिन नपाउँदै दर्शकले 'प्लिज वेलकम प्रशान्त इन चितवन' भन्दा क्याम्पा चौर नै गुञ्जायमान भएको थियो। नीलो जिन्स पाइन्ट, सेतो सर्ट अनि सेतो कोट र कालो चस्मामा उनी टुप्लुक्क देखा परे। उनले हातमा माइक बोकेर 'असारे महिनामा पानी पर्‍यो रुझाउने' गीत गाए।

उक्त कार्यक्रममा स्टेजमा दुई पटक निम्त्याइएका प्रशान्तले नेपाली र हिन्दी गीत गाए। उनले गीत मात्र गाएनन्, नाचेर सबैलाई दंग पारे। आफ्नो प्रस्तुतिपछिको उनले गरेको भलाकुसारी सबैका लागि रमाइलो बनेको थियो। प्रशान्तभन्दा पहिले नै स्टेजमा निम्त्याइएका अमित पल निकै हँसिला देखिएका थिए। सर्टमाथि हाफ स्वेटर अनि गलामा गलबन्दी भिरेका पलको प्रस्तुतिमा दर्शक उनीसँगै गुनगुनाएका थिए।

कन्सर्टको सुरुमा पपगायिका मौसमी गुरुङले चोरेर मन लग्यो कसैले... गीत सुनाउँदा दर्शक मन्त्रमुग्ध भएका थिए। गुरुङको प्रस्तुतिलगत्तै मञ्चमा बोलाइएका पपगायक अनिल सिंहले 'आई लभ यू' गीतसँगसँगै चारवटा गीत गाए। अर्का पप गायक कान्ति आलेले सी इज द बुम, ए होई ए होईजस्ता लोकप्रिय गीत गाए।

**जंगल सफारी गर्दै हात्तीमा प्रशान्त**

कन्सर्टको अघिल्लो दिन चितवन आइपुगेको प्रशान्तको समूहले चितवन राष्ट्रिय निकुन्ज भ्रमण गरेको थियो। निकुञ्ज घुमिसकेपछि प्रशान्त भन्दै थिए– 'जीवनमा पहिलो पटक यसरी खुला रूपमा जंगल घुम्न पाएँ, हात्तीमा चढन् पाएँ, धेरै रमाइलो लागेको छ।' उनीसँगै अमितले पनि सौराहाको रमाइलो नभुल्ने बताए।

# कलियुगका कृष्ण









नायक दिलीप रायमाझी त्यसै पनि रोमान्टिक कलाकार मानिन्छन्। चलचित्रमा जस्तै उनको व्यक्तिगत स्वभाव पनि कम रमाइलो छैन। पार्टीहरू भनेपछि दिलीप त्यसै रौसिन्छन्, त्यसमाथि देशमा नाम चलेका नायिकाहरूसँग नाच्नुको रमाइलो अर्को। राजधानीमा आयोजित एक पार्टीमा दिलीप यसरी नै रेखा थापा, अरुणिमा लम्साल, रञ्जना शर्मा र उषा पौडेलसँग नृत्यमा रमाए। संयोगवश उषाबाहेक स्वयं दिलीप र अन्य नायिकाहरू विवाहित कलाकार हुन्।

**हेमराज ज्ञवाली**द्वारा कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. का लागि प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **विनोदराज ज्ञवाली**, **स्वस्तिका सिरोहिया**, सम्पादक : **सुवास ढकाल**।